मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्वाच्ची

पूर्णाङ्क २२
चैत वैशाख जेठ

संचेतना द्वैमासिक

जनआन्दोलन स्मृति विशेष

बिर्सनै नहुने बलिदानको विरासत

मानवका लागि मानवअधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची
संचेतना द्वैमासिक

वर्ष ५, पूर्णाङ्क २२, चैत, वैशाख र जेठ ०५४/५५

प्राची डबली २
प्रस्तुति /समवेत ३
डाइबरको कविता / हरिगोविन्द लुइँटेल ४
बिर्सनै नहुने बलिदानको विरासत / नरनाथ लुइँटेल ५
अझै खाटा बस्न सकेको छैन / रघुनाथ लामिछाने १६
तस्करको आचरण र राजनेताको आचरणमा भिन्नता हुनै पर्छ / वासुदेव ढुंगाना १९
कही शहीदको रगतले हामीलाई सराप्ने त होइन/डा. राजेश गौतम २१
जनआन्दोलन र आजको स्थिति/ सुशील प्याकुरेल २२
शहादत प्राप्त गर्ने महिलाहरु / कमला पराजुली..... २४
न शहीद बन्न सके न त जीवित रहन पाए / नवराज पथिक २६
अर्को उज्यालोको खोजीमा / देविका तिमिल्सिना २८
सन् १९९७ मा मानवअधिकारको हनन २९
प्रभाकर सुवेदी कहाँ छन् / कुन्दन अर्याल.....३४
पासाङ् ल्हामु शेर्पा/लेखनाथ भण्डारी.....३५
बन्दुकाय नमः / नरनाथ लुइँटेल ३६

संस्थापक : सुशील-प्रकाश

सल्लाहकार :
सुशील प्याकुरेल
डा. राजेश गौतम
कुन्दन अर्याल

सम्पादन : नरनाथ लुइँटेल/देविका तिमिल्सिना

आवरण : किरण माली

ले-आउट : गोविन्द त्रिपाठी

व्यवस्थापन : समीर नेपाल

यस अंकका सहयोगीहरु :
लेखनाथ भण्डारी, कृष्ण गौतम, प्रकाश ज्ञवाली,
गीता माली, नवराज भट्ट/वासु क्षितिज

मुद्रक : इन्द्रेणी अफसेट, बागबजार

पत्राचार
पत्र मञ्जुषा २७२६, काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित



जनआन्दोलन स्मृति विशेष :

"विर्सनै नहुने बलिदानको विरासत"

साथमा-
जगन्नाथ आचार्य/ प्रदीप नेपाल/ नारायण ढकाल/ अष्टलक्ष्मी शाक्य
शार्दूल भट्टराई/ मिना पौडेल र सुनिल पोखरेलका सान्दर्भिक विचारहरू।

"जनआन्दोलनका घाइतेहरू र शहीद परिवारको खोजखबरी"



तस्करको आचरण र राजनेताको आचरणमा भिन्नता हुँनै पर्छ

यस पटकको प्राची वार्ता **वासुदेव ढुंगानासंग**

प्राची डबली

सम्पादकज्यू,
प्राची द्वैमासिक

निकै समयसम्मको सुस्ताई पछि "प्राची" को २१ औं अंक हात पऱ्यो र साह्रै खुसी लाग्यो। यसरी नसुस्ताइ दिए कति जाती हुने थियो। मानवअधिकार सम्बन्धी रूचिपूर्ण साहित्यिक सामाग्रीहरूको आकर्षक प्रस्तुति रहने गरेको प्राचीले हामी जस्ता जिज्ञासु पाठकहरूलाई राम्रैसंग खुराक दिने गरेको छ।

२१ औं अंकको विशेष सामाग्री मानवअधिकार विश्व घोषणापत्र जारी भएको पचासौं वर्षका अवसरमा सामग्रिक मूल्यांकन गरिएको रहेछ। प्रस्तुतिका निम्ति मुकुन्द कट्टेललाई धन्यवाद। सोही सन्दर्भको अर्को माधव पन्थीको लेख र नेपालको मानवअधिकार आन्दोलनका मुद्दाहरू शीर्षकको सुशील प्याकुरेलको लेख पनि पठनीय लाग्यो। कमैया सम्बन्धी सामाग्रीहरू यस अघि पनि प्राचीमा पढे जस्तो लाग्छ। यस पटकको अलि भिन्नै किसिमले संयोजन गरिएको रहेछ, राम्रो लाग्यो। खगेन्द्र संग्रौलाको कथा र गोविन्द वर्तमानको कविता यथास्थानमा वेश छन्। मताधिकार नपाएका महिलाहरू बारे लेखनाथको रिपोर्ट जानकारीमुलक छ। त्यसै गरी प्रकाश ज्वाला, कुन्दन अर्याल र सूर्य थापाले प्रस्तुत गर्नु भएका सामाग्रीहरू पनि पठनीय छन्। पुच्छारको कृपया क्षमा गर्नुहोस्मा बोका बिक्रीको प्रसंग साह्रै घत लाग्यो। नरनाथ लुइँटेलको व्यंग्य साँच्चै घतकारी छ। यति हुँदाहुँदै पनि यो अंकको छपाई केही पेजमा त झुर नै छनि! के भएको हो? अर्को अंक यथा समयमा पाउने आशा गर्दै एउटा सानो कविता पनि पठाएको छु, उपयुक्त भए छापिदिनु होला।

सञ्जय उप्रेती
सिजुवा, मोरङ

मानवअधिकार सम्बन्धी स्तरीय प्रकाशन प्राचीको माघ-फागुन अंक सामाग्री संयोजनको हिसावले निकै पठनीय पाएँ। आवरण लेखमा सान्दर्भिक अन्तर्वार्ता वा विचारहरू समेत संकलन गरी प्रस्तुत गरिएको हुँदा निकै जानकारीपूर्ण छ। यस अंकका उल्लेख्य रचनाहरूमा मुकुन्द कट्टेलको लेख, खगेन्द्र संग्रौलाको कथा, माधव पन्थीको लेख, देविका तिमिल्सिनाको आलेख, कमैया सम्बन्धी रचना, कुन्दनको अधिकार यात्रा र कृपया क्षमा गर्नुहोस्मा बोकाहरूको बिक्री हुन पाउनु पर्ने अधिकार निकै रोचक लाग्यो। पछिल्ला केही पेजमा रहेको छपाइका कारण दाँतमा ढुंगे लागे जस्तो भयो। जे होस् मानवअधिकार सम्बन्धी विविध रचनाहरू लिएर आउने प्राचीलाई यसको नियमितता र अझ स्तरीयताको शुभकामना। इन्सेकबाट निस्कने यस्तै अरू प्रकाशनहरू नियमित पाउन के गर्नु पर्छ होला कृपया प्राची मार्फत नै जानकारी दिनु भए कृतज्ञ हुने थिएँ।

प्रताप चुँडाल
हाल, बाँके

(चुँडालजी, बाँके स्थित नेपालगञ्जमा इन्सेकको क्षेत्रीय कार्यालय छ। त्यहींबाट पनि इन्सेक प्रकाशनहरू न्युनतम मूल्य तिरेर र कतिपय निशुल्क पनि प्राप्त गर्न सकिने छ। कृपया सम्पर्क गर्नुहोस् ल!- सम्पादक)

"प्राची" फेला परे जति अंक पढ्ने गरेको छु। यो पत्रिका मलाई निकै मन पर्छ। २१ औं अंक माघमै निस्केको रहेछ तर मैले त चैतको अन्तिमतिर मात्र फेला पारें। हात पर्नासाथ आद्योपान्त पढें। मानवअधिकार संस्कृति निर्माणमा साँच्चै नै प्राचीले निकै मेहनत गरेको छ। कतिपय जेन्युइन इस्युहरूलाई पनि मानवअधिकारको दृष्टिबाट प्रस्तुत गर्ने गरिएका प्राचीका प्राय सबै सामाग्रीहरू पठनीय छन्।

साकेत झा
परवानीपुर

मानवअधिकारवादी सचेतवर्गहरूको प्रिय खुराक प्राचीको ०५४ माघ-फागुन अंक अध्ययन पश्चात् आफ्ना जिज्ञासाहरू पठाउने जमर्को गरिरहेको छु।

देशमा बहुदलीय व्यवस्था भित्रिएको आठौं वर्ष संगै विश्वमा मानवअधिकार घोषणापत्र जारी भएको पचासौं वर्ष लागेको छ। यस अवधिमा बहुदलीय व्यवस्था अनुरूपको व्यवस्था सुहाउँदो नेपाल अधिराज्यको संविधान ०४७ प्राप्त भएपछि देशभित्र निरंकुश शासन व्यवस्थामा पिल्सिएका नेपाली जनताले राहतको सास फेरिरहेका थिए। तर आज पनि देशका कतिपय ठाउँमा अमानवीय कुकृत्यहरू यथावत रहेका छन्। जस्तै-कतै महिलाहरू मतदान गर्नबाट बञ्चित, कतै कमैया (दास) प्रथा यथावत, कतै झुमा र देउकी प्रथा, कतै बालविवाह र कतै बहुविवाह। यस्तो परिस्थितिलाई निर्मुल पार्नेतर्फ सत्तासीन पार्टीहरू किन मौन देखिन्छन्? के सरकारकै छत्रछायामा यी प्रथा संरक्षित त छैनन्? सर्वसाधारणमा शंका उब्जन सक्छ। त्यसैले यी कुप्रथालाई हटाउन मानवअधिकारवादी संघ-संस्थाहरूले भरमग्दुर प्रयास गरी निराकरण गर्ने उद्देश्य र योजना तय गरून् भन्ने मेरो सोचाइ छ। यसका लागि हा तमाम शुभचिन्तकहरू मानव भएर मानवको विक्री, मोलतोल र घृणित व्यवहारहरूको अन्त्य गरौं। यही कामना।

सम्पादक ज्यू! यसै पत्रात्मक प्रतिक्रियाका साथ एउटा कविता पनि पठाएको छु। प्राचीमा स्थान पाउला? प्राची नियमित पाउने आशा राख्दछु।

आशाको दियो बलिरहेछ

आकाश मौन रहे पनि
बस्ती एउटा उज्यालो बोकेर
समानताको दियो सल्काइरहेछ।
यहाँको धर्तीमा
संकीर्णताको ज्वाला निभाउन
झरी वर्षिरहेछ।
भेदभावको लखेटाइले
गरीबि आँखा रोइरहेछ।
सानो ठूलो बीचको तगारो भत्काउन
एकताको ह्याम्बर बज्रिरहेछ।
लाग्छ- जताततै आशाको दियो बलिरहेछ।
भर्खरमात्र बन्धुको मलाम जाँदा
काँध थाप्न नपाएको पीडामा
व्याकुलता पोखेथें।
हिजै जस्तो लाग्छ-
रगतको साइनो टाढिएको देखेर
आफैंले कलमी विश्वासहरू उठाएथें।
त्यसैले त,
हिंड्ने हिंडिरहेछ- आन्दोलनमा उत्रिएर
आशाको दियो बलिरहेछ-
आक्रोसमा सल्किएर।

- मोहनचन्द्र दाहाल
मानवअधिकार रेडियो श्रोता क्लब
लेलेप-३, ताप्लेजुङ

उत्सर्गको गाथा

त्याग र बलिदानको गाथा धुलोमा पुरिनु नपर्ने हो । यो राष्ट्रको, जनताको र बलिदान पोखिएको यो माटोको किन अपमान हुन खोजिरहेछ ? यही बिडम्बनापूर्ण प्रश्नको जवाफ खोज्न हामी आतुरता प्रस्तुत गरिरहेछौं । निरंकुशतावादीहरुको निर्मम दमन र हिंसक हमलाबाट बगेको आन्दोलनकारी जनताको रक्तधारा यति छिट्टै मूल्यहिन बन्नु नपर्ने हो । घाइतेहरु अहिले पनि खाटा बस्नै नसकेका मानसिक र शारीरिक घाउहरु लिएर बाँच्न विवश छन् । काख रिताएका र सिउँदो पुछिएकाहरु सिर्फ रिता सम्झनाहरुलाई कोतरी रहेका छन् । उनीहरुको अब न कहिलै काख भरिने छ न सिउँदो पुरिने छ । जीवन पर्यन्त घोटी रहने र पोली रहने ती घाउहरुमा समयले मल्हमको सट्टा नुन खोर्सानी हालिरहेको छ किन ??

यही वर्तमानको पीडा र बिडम्बनाको जगबाट उठेको प्रश्नको मोहोरीलाई लिएर ०४६ सालको जनआन्दोलनमा सरिक विभिन्न क्षेत्रका महानुभावहरुसंग यस पटक प्राची पुग्यो । कोही पनि सन्तुष्ट छैन- वर्तमानसंग । वर्तमान-को विसंगत वातावरणसंग । आन्दोलनका उपलब्धीहरु केवल सत्ता स्वार्थमा अनुवाद भएका छन् । यस कुरामा अधिकांश सबैले असहमति प्रकट गरे । हामी पनि असहमति प्रकट गर्छौं । यसो हुनु हुँदैन भन्दै खबरदारी जनाउन प्राचीको प्रस्तुत अंक कति सफल भयो कति असफल भयो- हामी भन्न सक्दैनौं ।

हामी तपाईहरुसंगै छौं र तपाईहरुकै मन भावनालाई मूर्त रुप दिन प्रयत्नरत छौं । तपाईं हामी सबैको मनमा उब्जिइ रहेको साझा अभिव्यक्ति यही हैन र ? - जनआन्दोलनले स्थापित गरेका आदर्शको आगोलाई सुरक्षा गरौं, जोगाऔं । बलिदानको यो विरासतलाई, प्रजातन्त्र स्थापनाको निम्ति भएको उत्सर्गको गाथालाई पुस्तौंपुस्ता हस्तान्तरण गर्दै जाऔं । प्राचीको यो अंक बलिदानका तिनै नायक नायिकाहरुमा सादर समर्पित छ । ●

समवेत

प्रजातन्त्रका लागि भएको लामो लडाईंमा नेपाल आमाका धेरै सपूतहरूले बलिदान दिएका छन्। नेपाली जनताको धेरै रगत बगेको छ। शहीदहरूले राजा, वा अरू कोही, कुनै व्यक्ति विशेषलाई बलियो पार्न प्राणको आहुति दिएका होइनन्। कुनै पनि हालतमा कुनै पनि व्यक्तिविशेषलाई बलियो पार्नु प्रजातन्त्रको उद्देश्य होइन। प्रजातन्त्रको उद्देश्य प्रजातन्त्रलाई नै बलियो पार्ने र जनताको कल्याण गर्ने नै हुनुपर्छ। दुःखका साथ भन्नुपर्छ प्रजातन्त्रको पुनर्स्थापनापछि पनि त्यो काम भएन। बरू त्यसको ठीक उल्टो भइरहेको छ। यस्तो विपरित क्रियाकलापले कसैको हित गर्दैन। प्रजातन्त्रप्रेमी सबैले यस्तो क्रियाकलापप्रति सचेत हुन होस पुऱ्याउनुपर्छ। आज प्रजातन्त्रले हामीसंग, नेपाली जनतासंग यही सतर्कताको अपेक्षा गरिरहेको छ।

– गणेशमान सिंह

यो प्रजातन्त्र हो, यसमा खिन्न मान्नुपर्ने केही पनि छैन, यो पुगेन भनेर भन्नुपर्ने पनि केही छैन। जहाँसम्म समस्याको कुरा छ अझै पनि जनताका समस्या समाधान भएका छैनन्, उनीहरूको संकट छँदैछ। यो समाधान नहुने कारण के हो? यदि हामीले ३० वर्ष पंचायतीकालमा प्रजातान्त्रिक आन्दोलनको तयारी गर्दाखेरी प्रजातन्त्र प्रजातन्त्र मात्र नभनेर एउटा ठोस प्रजातन्त्रको रूपमा नेसनल डेमोक्रेसीलाई अगाडि ल्याएको भए ठीक हुन्थ्यो तर मानिसले सजिलो बाटो खोजे। तर त्यसबेला, हैन नेपाली कांग्रेस निर्णायक शक्ति भएको हुनाले नेपाली कांग्रेसले अबलम्बन गरेको राजनीति नै हाम्रो राजनीति हुनुपर्दछ भनेर प्रजातन्त्रसम्ममा मात्रै सीमित रहे। यसको नतिजा त अहिले देखियो कि प्रजातन्त्र त भयो तर पुँजीवादी प्रजातन्त्र भयो। पुँजीवादी प्रजातन्त्रले संसारका कुनै पनि देशमा जनताका समस्या समाधान गर्नसकेको छैन।

–-तुलसीलाल अमात्य

०४६ को जनआन्दोलन निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना, मौलिक अधिकार र संवैधानिक राजतन्त्रको लागि भएको हो। यस जनआन्दोलनको विशेष महत्व के छ भने यसमा भारतका पार्टीहरू तथा विश्वका विभिन्न मुलुक र व्यक्तिको नैतिक समर्थन प्राप्त भए पनि यसमा कसैको हात थिएन।

– मनमोहन अधिकारी

राष्ट्रिय प्रजातन्त्र दिवस मनाउँदा नेपाल र नेपाली जनताले लामो प्रजातान्त्रिक संघर्षका ती वीर शहीदहरूलाई सम्झनुपर्दछ। प्रजातान्त्रिक संघर्षका नायक वी.पी. कोइराला र उहाँको योगदानलाई सम्झनुपर्दछ। अनि ती असंख्य प्रजातन्त्रवादीहरू जसले यो देशमा प्रजातन्त्रको स्थापना गर्न सधैं हरतरहले सहयोग प्रदान गरिरहे तिनीहरूको आस्था र संकल्पलाई सम्झनुपर्छ।

– गिरिजाप्रसाद कोइराला

जनताले प्रजातन्त्रबाट आफ्ना आकांक्षा पूरा होला कि भन्ने सोचेका थिए तर जनताको लागि केही प्राप्ति भएन। जनादेश पाएर बनेको सरकारले जनताको निम्ति केही गर्न नसक्दा जनता पनि निराश भएका छन्। साँच्चिकै भन्ने हो भने अहिले राजनीतिमा अपराधीकरण बढेको छ। मूल्य, मान्यताजस्ता कुराहरूमा ह्रास भइरहेको छ। यसले प्रजातन्त्रको संस्थागत विकासमा बाधा उत्पन्न भइरहेको छ। यस्तो क्रियाकलाप प्रजातन्त्रका लागि राम्रो हुँदैन।

– साहना प्रधान

प्रजातन्त्रको प्रगति एक दिनमा मात्र हुने होइन। अन्य देशकै कुरा गर्ने हो भने पनि प्रजातन्त्रको प्रगति एकै दिनमा भएको पाइँदैन। त्यस्तै गरी हाम्रो देशमा पनि ऐतिहासिक जनआन्दोलनबाट प्राप्त प्रजातन्त्रको सफलताप्रति आफूमा दृढ आत्मविश्वास रहेको छ। हामीकहाँ भर्खर नयाँ प्रजातान्त्रिक व्यवस्था फस्टाउँदै छ। बेलायत र अमेरिका जस्तो सयौं वर्षको अनुभव हामीमा छैन।

– कृष्णप्रसाद भट्टराई

०४६ सालको जनआन्दोलनलाई सम्झँदा अहिले प्रजातान्त्रिक मूल्य र मान्यतामा देखिएको गिरावट र ह्रासले मलाई दुःख लागेको लाग्छ तर अझै पनि सबै खराबी भइसकेको छैन। कतैकतै आगोका झिल्काहरू बाँकी छन्। तिनै बाँकी रहेका झिल्काहरूलाई समेटेर हामीले प्रजातन्त्रलाई प्रज्वलित पार्नसक्छौं। म भविष्यप्रति आशावादी छु, प्रजातान्त्रिक मूल्य र आचरणमा विकृति देखिए पनि तराई र पहाडका कुनाकन्दरामा प्रजातन्त्रको दियो बालेर बसेका व्यक्तिहरू पनि हामीकहाँ छन्। त्यही प्रजातन्त्रको आस्थालाई, उर्जालाई हामीले प्रज्वलित बनाएर प्रजातन्त्रलाई संस्थागत गर्नसक्छौं, सुदृढ गर्नसक्छौं।

– शैलजा आचार्य

(जनआन्दोलन सम्बन्धी यी विचारहरू विभिन्न पत्रपत्रिकाबाट साभार गरिएको हो।)

डाइबरको

कविता

– हरिगोविन्द लुइँटेल

सिरिफ खलाँसी मात्र रहेछ
यो मोटो र बाठो मान्छे
वित्थामा डाइबरको सिटमा आएर बसेको !

स्वार्थको पेरूंगो
रीसको पोको
अहंकारको भकारी
सनकको पेटारी
अल्लारे, हाटहुटे, हचुवा
टापटिपे, टालटुले, टपरटुइँय्याँ
हल्ला-होहल्लाको खानी
अयोग्यताको अखाडा
सिरिफ खलाँसी मात्र रहेछ
यो मोटो र बाठो मान्छे
वित्थामा डाइबरको सिटमा आएर बसेको !

सोझा गाउँलेहरूलाई बोलायो यसले
सिटमा टनाटन बसायो
खाली ठाउँमा खचाखच उभ्यायो पनि
छत समेतमा भरिभराऊ पारेर बसायो
फकायो, लोभ्यायो
सुदूर ठाउँसम्म पुऱ्याउने सपना बाँड्यो
हौसायो, उल्लासित बनायो
सुन्दर ठाउँसम्म पुऱ्याउने संकल्प दोहोऱ्यायो
विश्वासमा पाऱ्यो गाउँलेहरूलाई उसले
उप्रति आस्था खन्याए गाउँलेहरूले
चालू गऱ्यो गाडी
बत्ती बाल्यो, हर्न बजायो र कुदायो
कुदायो, कुदायो ढुन्मुनाउने गरी कुदायो !
ढल्पलायो गाडी
घरि भित्तामा ठोकिने भयो यो
घरि खाल्डामा जाकिने भयो यो
र पनि , गाडी हाँकी नै रह्यो उसले
र, आज
अचानक भनौं कि देखादेख भनौं
गाडीलाई उसले
गर्याम्गुर्लुम् भीरबाट तल झाऱ्यो
बल्ड्याङ्ग खाँदै झऱ्यो गाडी
र, यो टुक्राटुक्रा भयो
गाउँलेहरू मरे, घाइते भए, थला परे !

तर अस्पतालको बेडमा लम्पसार
यो मोटो र बाठो मान्छे भने
अझै आफू "कुशल चालक" नै भएको दावी गर्दैछ
दुर्घटनाको दोष सडक छेउका भित्ता र भीरहरूलाई दिंदै
ऊ अझै घमण्ड बोल्दै छ
ऊ अझै पाखण्ड गर्दैछ
न प्रश्न छ आँखामा
न पश्चाताप छ अनुहारमा !

सिरिफ भ्रम मात्र रहेछ
यो मोटो र बाठो मान्छे
अल्मल्याउने तर पार लगाउन नसक्ने !

भन्सुनको भरमा चालक-प्रमाणपत्र लिएको
सिरिफ खलाँसी मात्र रहेछ
यो मोटो र बाठो मान्छे
बित्थामा डाइबरको सिटमा आएर बसेको !

विर्सनि नहुँदो बलिदानको विरासत

प्रस्तुति : नरनाथ लुइँटेल

"श्री ५ महाराजधिराज सरकारबाट पञ्चायतको व्यामोह, ओठे भक्ति तथा खोक्रो वाहवाहीलाई त्यागि बक्सनु पर्छ र हामीले प्रस्तुत गरेको समाधान माथि गम्भीर विचार गरिवक्सनु पर्दछ। म यो पनि विन्ति विसाउन चाहन्छु, हाम्रो भन्दा अझ राम्रो समाधान मौसूफबाट सोचिबक्सेको छ भने हामी त्यसमा पनि विचार गर्न तयार छौं, तर त्यो जनसमक्ष आउनु पर्‍यो।" ०४६ सालको जनआन्दोलन शुरू हुनु भन्दा झण्डै आठ महिना अघि ०४६ जेठ ३ गते गणेशमान सिंहले पुनरजागरण साप्ताहिकसंगको अन्तरवार्ताको क्रममा भन्नु भएको थियो। यसपछि ०४६ साल कार्तिक २८ गते काठमाण्डौस्थित राष्ट्रिय सभागृहमा आयोजित नेहरू जन्म शतबार्षिकी समारोहमा उहाँले बोल्नु भएको विषयलाई लिएर राज्य विरूद्धको अपराध अन्तरगत मुद्धा चलाईयो। मुद्धाकै क्रममा गणेशमान सिंहले जिल्ला प्रहरी कार्यालयमा वयान दिंदै ०४६ मंसिर १५ गते भन्नु भएको थियो-"अब रह्यो देशको सार्वभौमिकता र स्वतन्त्रतामाथि नै खलल हुने खालको भाषण दिएको भन्ने। एक किसिमको हामी माथि लगाएको आक्षेपमाथि मलाई यही भन्नु छ, इतिहासलाई कसैले बंग्याई दबाउन खोजेर इतिहास न बाँगिन्छ न दविन्छ। केही छिनको निम्ति जबरजस्ती दबाउन खोजे पनि वा दवाए पनि एक दिन त्यो सत्य र यथार्थ इतिहास असली रूपमा अवस्य पनि प्रकट हुन्छ।"

दुरदर्शी र लौह राजनेता गणेशमान सिंहले भन्नु भए जस्तै अन्ततः ०४६ साल फागुन ७ गते देखि शुरू भएको आँधी बेहरीयुक्त आन्दोलनको लल्कारले त्यही सत्यलाई साँच्चै असली रूपमा प्रकट गर्‍यो। तीस वर्षसम्म एकछत्र शासन र

> समय यति कृतघ्न हुँदै गइरहेको छ, कि यति छिट्टै ती वलिदान, समर्पण र त्यागका गाथाहरू हामी विर्सदै जादै छौं। हिजोका प्रतिगामी शक्तिहरू, आन्दोलनको विपक्षमा उभिएकाहरू, आन्दोलनकारी जनतामाथि गोली दाग्नेहरू, प्रजातन्त्रप्राप्तिको अभियानमा जुटेकाहरूमाथि खुनी हमला गर्नेहरू सत्तामा पुनरस्थापित हुन पुगेका छन्। उनीहरू नै हामीलाई प्रजातन्त्रको पाठ पढाइरहेका छन्।

शोषण चलाइरहेको, आफ्नै हावापानी र माटो सुहाउँदो, भनिएको अनि "निर्विकल्प प्रजातन्त्रिक व्यवस्था" का रूपमा प्रचारित तर यथार्थमा घोर निरंकुश पञ्चायतीतन्त्रको विरूद्धमा आन्दोलनको ज्वारभाटा उठ्यो। यो राष्ट्रव्यापी जनआन्दोलनको पृष्ठभूमिमा दुईवटा ऐतिहासिक घटनाहरू उभिएका छन्। एउटा हो, प्रजातन्त्र प्राप्तीको आन्दोलनलाई भूमिगतढंगले गति प्रदान गरिरहेका कम्युनिष्ट शक्तिहरू वीच आपसी समझदारीका आधारमा ०४६ पुस २६ गते संयुक्त वाममोर्चा गठन भयो। साहना प्रधानको अध्यक्षतामा गठित सात वामघटकहरूको उक्त मोर्चाले पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनालाई तत्कालीन कार्यक्रम बनायो। यसले पञ्चायती तानाशाहीहरूको दुर्गमा एउटा ठूलै भूइँचालो ल्याइदिएको महसूस गरियो भने पञ्चायत विरोधी आम जनसमुदायमा आशा र भरोशाको रक्त सञ्चार गरिदियो।

वाममोर्चा गठन भएको दुई हप्ता पनि नबित्दै पञ्चायती तानाशाहीको विरूद्धमा लामो समय देखि कठिन संघर्षमा समर्पित नेपाली कांग्रेसले ०४६ माघ ७ गते राष्ट्रिय सम्मेलनको आयोजना गर्‍यो। काठमाण्डौ स्थित गणेशमान सिंहको घर कम्पाउण्डमा आयोजित उक्त सम्मेलनले पहिलो पटक पञ्चायत विरोधी आन्दोलनको सार्वजनिक आव्हान गर्‍यो। तत्कालीन पार्टी अध्यक्ष कृष्ण प्रसाद भट्टराईले सम्बोधन गर्दै घोषणा गर्नु भयो कि- " स्वतन्त्र संसारको महासागरमा निरंकुश र तानाशाही व्यवस्थाहरू टुक्रे टापु भएका छन् र तिनीहरूका दिन सकिन लागेका छन्। यो कुरा नेपालमा पनि लागु हुन्छ।" उक्त अवसरमा आँगन गल्ली र सडकमा समेत एकत्रित हजारौं

सबैभन्दा डरलाग्दो चुनौति

– जगन्नाथ आचार्य

० २०४६ सालको जनआन्दोलनलाई तपाई कसरी सम्झनु हुन्छ?

– २०४६ सालको जनआन्दोलन पञ्चायती निरंकुशताको विरुद्ध जनताले संचालन गरेको आन्दोलन हो। कुनै स्वार्थविना जनताले गरेको आन्दोलन थियो।

जनआन्दोलन गर्ने बेलामा हामीले जनतालाई धेरै आश्वासन पनि दिएका थियौं। जनताका दैनन्दिनका समस्याहरू समाधान हुन्छन् भन्ने कुरा पनि जनताले अपेक्षा गरेका थिए। तर हामीले अहिले के दिन सक्यौं भन्ने प्रश्न खडा भएको छ। अहिले अधिकार पाएकोमा त्यसको दुरूपयोग भयो। यसबाट मलाई कता कता खल्लो लागेको छ। यसले प्रजातान्त्रिक संस्कारको प्रणालीमा वल पुऱ्याएन कि भन्ने मैले ठानेको छु।

प्रजातन्त्र आफैंले केही दिने होइन, यसले जनतामा केही गर्नुपर्छ भन्ने भावना दिने हो। २०४६ सालको जनआन्दोलनले जनतालाई र पार्टीहरूलाई बोल्न, आफ्नो अभिव्यक्ति व्यक्त गर्नपाउने बाटो दिएको छ। यो त सबैभन्दा ठूलो कुरा हो। प्रजातन्त्रले हरेकलाई आफ्नो विकास गर्ने अवसर त दिएकै हो। तर त्यसलाई हामीले दुरूपयोग गऱ्यौं। त्यसबाट सर्वसाधारणमा प्रजातन्त्र भनेको अराजकता नै हो कि भन्ने भ्रम पर्न गयो। हाम्रो दुरूपयोगको कारणले जनतामा उल्टो असर पऱ्यो। प्रजातान्त्रिक विकास भन्दा अराजकता पो बढ्ने रहेछ भन्ने सवाल उत्पन्न भयो। यो सबैभन्दा डरलाग्दो चुनौति हो। तसर्थ मानिसको व्यक्तित्व विकासमा जुन खालको परिवर्तन ल्याउनु पर्ने हो, त्यो भएन। आत्मग्लानी मात्र ल्याया।

अहिले कानून सवल भएको छैन। राजनीतिमा अपराधीकरण बढेको छ। सर्वोच्च अदालतले कानूनको संरक्षण गर्न सकेको छैन। प्रजातन्त्रको प्राण कानूनको हालत एकदमै नाजुक छ। राजनीतिक पार्टीमा नैतिकता, मूल्य र मान्यता छैन। विधायिकाको अवस्था पनि उस्तै छ। नीति निर्माण गर्ने भन्दा पजेरो किन्ने सवालमा सांसदहरू व्यस्त छन्। अहिले हर हिसाबमा विकृति आएको छ।

०४६ सालको जनआन्दोलनले निर्दिष्ट गरेको भावना फेल भएको कुरा अहिले प्रमाणित भएको छ।

० के त्यसो भए ०४६ सालको जनआन्दोलन आन्दोलन गर्ने बेला नभइकन गरिएको आन्दोलन थियो त?

– ०४६ सालको जनआन्दोलन गर्ने बेला नहुँदैको आन्दोलन होइन। यस्ता विकृतिहरू आउनुमा बेला नपुगीकनै आन्दोलन गरेकोले हो भन्दिन र जनतालाई नालायक पनि ठान्दिन। यहाँको

मानिसहरूका बीच भारतीय प्रतिनिधि मण्डलका नेता तथा संसद सदस्य चन्द्र शेखरले सम्बोधनका क्रममा बताउनु भयो– "प्रजातन्त्र भारतबाट नेपालमा आउँदैन र यो भारतले नेपाललाई दिन पनि सक्ने वस्तु होइन।" यद्यपि उहाँले पञ्चायती सामन्ती र अप्रजातान्त्रिक चरित्रको पर्दाफास गर्दै नेपाली जनतालाई सडकमा उत्रिन आव्हान गर्नु भयो। तीन दिनसम्म चलेको त्यो राष्ट्रिय सम्मेलनको अन्तिम दिन नेपाली कांग्रेसका नेता गणेशमान सिंहले पत्रकारहरू बीच बताउनु भयो–"अब हाम्रो न्युनतम भाग भनेको एउटा अन्तरिम सरकारको गठन र बहुदलीय प्रणालीको आधारमा स्वतन्त्र र निष्पक्ष चुनाव हो।" त्यही सम्मेलनले फागुन ७ गते देखि आन्दोलन शुरू गर्ने निर्णय सार्वजनिक गऱ्यो। फागुन ७ गते अगावै नेपाली कांग्रेस र संयुक्त वाममोर्चा बीच आन्दोलनका कार्यक्रममा समन्वय भई संयुक्त आन्दोलनको अवधारणा अगाडि आइसकेको थियो।

रक्तपातपूर्ण आरम्भ

प्रजातन्त्रको दुहाइ दिएर उन्तीस वर्षदेखि पञ्चहरूले मनाइआएको "प्रजातन्त्र दिवस" ले ०४६ साल फागुन ७ गते खुल्ला रूपमा पहिलो पल्ट प्रत्यक्ष जन विरोधको सामना गर्नु पऱ्यो। त्यस दिन राजा त्रिभूवनको तस्वीर सजाइएको रथसहित शहर परिक्रमा गरी टुंडिखेलको खुल्लामञ्चमा सभा आयोजना गर्ने सरकारी कार्यक्रम थियो। तर यता पञ्चायती निरंकुशता विरोधी घोषित जन आन्दोलनको प्रारम्भको दिन भएकोले राजधानीमा व्यापक जनञ्याली पनि आयोजित थियो। पञ्चायती सरकारले सडक, गल्ली, चौकहरूमा दंगा प्रहरी तैनाथ गरेको थियो। यस किसिमको तैनाथीको उद्देश्य थियो–सरकारी जुलुशलाई संरक्षण प्रदान गर्नु र पञ्चायत विरोधी ञ्यालीलाई निर्मम दमन गर्नु। तर जनताको प्रचण्ड विरोधको अगाडि फलामको टोपी लगाएका कठवाँसको लाठी, बेतको ढाल र सुरक्षित ज्याकेटधारी हजारौं दंगा प्रहरीले समेत सरकारी जुलुसलाई सुरक्षा प्रदान गर्न सकेनन्। सरकारी जुलुस र परिवर्तनका पक्षधर प्रदर्शनकारीहरू बीच रत्नपार्क, भोटाहिटी र नयाँसडकमा जमेर भिडन्त

जनआन्दोलनका शहीदहरू

राम थापा

देवीप्रसाद अर्याल

गणेश पौड्याल



गोपी महर्जन



हरिकृष्ण भुजु

पार्टी र राजनेता मात्र दोषी छैनन्

– प्रदीप नेपाल

० ०४६ सालको आन्दोलनलाई तपाईं अहिले कसरी सम्झनु हुन्छ?

– ०४६ सालको आन्दोलन मूलतः निरंकुशतन्त्रको विरूद्धमा संचालित आन्दोलन थियो। त्यो निर्दलीयता विरोधी आन्दोलन थियो। त्यो आन्दोलनको लक्ष्य आमूल परिवर्तन थिएन। त्यसको लक्ष्य कुनै आधारभूत सामाजिक परिवर्तन पनि थिएन। त्यो कुनै आर्थिक क्रान्ति पनि थिएन। प्रष्ट शब्दमा भन्दा त्यो एउटा राजनीतिक सुधारको लक्ष्य बोकेको आन्दोलन थियो।

यसै अर्थमा मैले त्यसलाई एउटा सफल आन्दोलन मानेको छु। निर्दलियता र निरंकुशतालाई समाप्त पार्न त्यसले सफलता पायो। मानिसहरूले लेख्ने, बोल्ने सभा संगठन गर्ने, स्वतन्त्रतापूर्वक हिंडडुल गर्ने संवैधानिक अधिकार प्राप्त गरे।

०४६ सालको आन्दोलनलाई मैले सीमित राजनीतिक अधिकार प्राप्तीको सफल आन्दोलनको रूपमा सम्झिने गरेको छु।

० आन्दोलनमा तपाईं कसरी संलग्न हुनुभएको थियो?

– म त्यतिबेला आन्दोलनको नेतृत्व गरिरहेको नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) को केन्द्रीय सचिवालयमा थिएँ। त्यतिबेला म, तत्कालीन महासचिव मदन कुमार भण्डारीसंगै लगनटोलमा टेकुतिर निस्कने बाटोमा रहेको श्रृजना पिन्टर्सको छेउमा बस्थें। मेरो काम आन्दोलनकारी शक्तिहरूको संयोजन गर्नु थियो। हाम्रो पार्टीका महासचिवले आन्दोलनलाई सहज नेतृत्व प्रदान गरिरहनु भएको थियो। मैले पार्टीका निर्णय र निर्देशनहरू वाममोर्चा र संयुक्त संयन्त्रसम्म लैजानु पर्थ्यो।

म संघर्ष बुलेटिन पत्रिका निकाल्थें। भोटेबहालमा हाम्रो एउटा गुप्त कार्यालय थियो। संघर्ष बुलेटिनका लागि समाचार संकलन गर्ने र बुलेटिन वितरण गर्ने टिम थियो। हामीले निकालेको बुलेटिनलाई आधार बनाएर त्यतिबेलाको वि. वि. सि. ले समाचार दिन्थ्यो।

शुरूमा बुलेटिन प्रसारणको नाममा प्रकाशित हुन्थ्यो। बुलेटिनका केही अंक छापिएपछि त्यतिबेलाका प्रसारण प्रमुख राधाकृष्ण मैनाली साँझै डराउनु भयो। वहाँले बुलेटिन बन्द गर्न पार्टीलाई दबाव दिनु भयो। आन्दोलनका समाचारहरूलाई सार्वजनिक संचार माध्यमसम्म लैजाने त्यो महत्वपूर्ण माध्यमलाई बन्द गर्नु उपयुक्त हुँदैन भनेर पार्टीले त्यसलाई स्वतन्त्रढंगले निकाल्ने निर्णय गऱ्यो।

मैले चैत चौविस गतेको गोलीकाण्डलाई साँझै नजिकबाट देखेको छु। गोली चलिरहँदा म, कमलाक्षीको चोकमा थिएँ। मानिसहरू गोली लागेर ढल्न थालेपछि म साझाको गल्लीबाट खैरो कोटमा दशरथ रंगशालातिर लम्कदै थिए। बाटामा सियो खसेको पनि आवाज सुनिने भएको थियो। यातायात ठप्प बन्दै थियो। एकातिर पञ्चायती शासकले त्रिपुरेश्वरबाट राजा त्रिभुवनको जन्मोत्सव र तथाकथित राष्ट्रिय प्रजातन्त्र दिवसको लागि आवश्यक तयारी गर्दै थिए। अर्कोतर्फ सम्पूर्ण प्रजातन्त्र प्रेमी विद्यार्थी, मजदुर, किसान, महिला, वकिल, पत्रकार आदि सबै वर्ग र तहका जनता पञ्चायत विरोधी प्रदर्शनमा भाग लिन धरहरातिर लागिसकेका थिए।

बाटोमा प्रहरीले कडा निगरानी राखिरहेका थिए। कसैसंग एक मिनेट कुरा गर्नलाई पनि छुट थिएन। जनताले पनि अति नै गम्भीरताकासाथ स्थितिको अवलोकन गरिरहेका थिए। चोक र सडकहरूमा लाठीधारी पेस्तोल र गोलीले सुसज्जित पुलिसहरूकासाथै जनताको मात्र चहल पहल थियो। कार्यक्रम अनुसार जुलुस दिनको १ बजे धरहराबाट निकाल्ने भनिएको थियो। त्यसै अनुरूप आम जनताको भिड त्यतैतिर केन्द्रित हुँदै थियो। तर धरहरामा विभिन्न संस्थानका सात वटा गाडीबाट आएका प्रहरीले धरहराको वरिपरि खाली ठाउँमा सबै घेरेर लाम लागि कब्जा गरिसकेका थिए। त्यति बेला

बौद्धिक क्षेत्रलाई अनभिज्ञ पनि म सँझिन्न। म के सम्झन्छु भने प्रजातान्त्रिक वातावरण बनाउने दायित्व नेताहरूको हो, त्यो उनीहरूले निर्वाह गर्न सकेनन्। नेतासंग विद्रोह गर्न कार्यकर्तालि नि आँट गरेनन्। नेतामाथि अंकुश त कार्यकर्तालि लगाउने हो नि। त्यस्तो विद्रोह पनि सशक्त हुन सकेको छैन। अहिले माओवादी जनयुद्धले केही झकझकाएको छ। कतिपय नकारात्मक कुराहरू हुँदाहुँदै पनि यसरी झकझकाउनु यसको सकारात्मक पक्ष हो।

अहिले विचार गर्दा जसले जति पचाउन सक्छ, त्यसलाई त्यति भोजन दिनुपर्ने थियो कि भन्ने सवाल पनि उठेको छ। यसो भन्दैमा जनताले ०४६ सालको जनआन्दोलनबाट आएको प्रजातन्त्र पचाउन सकेनन् भनेको होइन। जनताका प्रतिनिधि र नेताहरूले पचाउन सकेनन्। तिनलाई कसरी त्यो पचाउन सक्ने पाचनशक्ति पैदा गर्ने भन्ने कुरा नै आजको मुख्य समस्या हो।

० अहिलेको यो स्थितिले दरबारलाई बलियो बनाउँछ भन्ने कुरा कतिपय बौद्धिक राजनीतिक व्यक्तिहरूले गर्न थालेका छन्। के त्यस्तो हुन सक्छ?

– बलियो जतिसुकै भएपनि, जतिसकै निरंकुश भएपनि अन्ततोगत्वा जनताको स्वीकृति लिनै पर्छ। जनतालाई उपलब्धी दिन सक्यो कि सकेन भन्ने कुरा अन्तिम निर्णय पनि हो। जनताका लागि सोंचेर काम गरेमा जसबेला जगरेमा जाला / अरू केही खाला/ तीस वर्ष खाएको थियो, अरू ५/१० वर्ष खाला। हिजो पर्दा थियो, पर्दा च्यातियो। अब आमने सामने होला।

तसर्थ पहिले हामीले आफूलाई हेरौं। हामी अधिकार खोज्छौं भने कर्तव्य पनि हेरौं। अहिले राजनीतिक पार्टीहरूले राम्रो काम गरे कि गरेनन् भनेर मूल्याङ्कन गर्न जनताले तपाईं हामीले सकेनौं भने कसले मूल्याङ्कन गर्ने? कसले हेर्ने? ●

जनआन्दोलनका शहीदहरू

रामनारायण यादव

ज्ञानबहादुर शाही



कृष्णप्रसाद पौड्याल

कृष्णराम दुवाल

लालबहादुर बम

भोटाहिटी चोकमा निस्किएँ र मूल सडकको पश्चिमी पेटीबाट वीर अस्पतालतिर दौडिएँ। एक्कासी छेवैबाट सनसनाउँदै गोली बत्तियो र सडकमा आतिएर कुदिरहेका केही युवाहरूलाई त्यसले ढाल्यो। सडकमा दौडिरहेका केही मानिसले तिनलाई च्याप्प उठाएर अस्पतालको आकस्मिक कक्षतिर लैजादै गरेको देखें।

तर मलाई लाग्छ, ०४६ सालको संभिन योग्य कुरा भनेको मानिसहरूको उत्साह हो। खासगरेर, बाहिरबाट काठमाण्डौमा पढ्न आएका युवा विद्यार्थीहरू र कर्मचारीहरूको उत्साह प्रशंसा गर्न लायक थियो।

० जनआन्दोलनको अपेक्षा र वर्तमान स्थितिका बीच कस्तो फरक देखिरहनु भएको छ? मुलुकको, प्रजातन्त्रको भाग्य र भविष्यसंग गाँसेर केही बताइदिनु हुन्छ कि?

– जनआन्दोलनको अपेक्षा र वर्तमान स्थितका बीच म खासै फरक देखिरहेको छैन। जनआन्दोलनको राजनीतिक सार भनेको निर्दलियता र निरंकुशताको समाप्ति मात्रै होइन र? मानिसहरू कुरा नबुझी बहुदलीय व्यवस्थालाई आर्थिक सुधार, सामाजिक सुधारसंग जोडेर हेर्छन्। बहुदलीय व्यवस्थाले मुलुकको सामाजिक संरचनामा परिवर्तन ल्याउँदैन। त्यसले आर्थिक सुधार गर्न सक्दैन। बहुदलीय व्यवस्था सामाजिक समस्याको समाधान होइन। त्यो आंशिक सुधारको प्रणाली मात्र हो। मान्छेले बोल्न पाउँछन्, लेख्न र पढ्न पनि पाउँछन्, सभा र संगठन गर्न पाउँछन्। बस् त्यत्ति हो। बहुदलीय व्यवस्थाले मानिसको खाने, लाउने र बस्ने समस्याको समाधान गर्दैन।

० वर्तमानले जनताप्रति वितृष्णा पैदा गर्दै छैन? छ भने यसलाई ठीक दिशामा लैजान के गर्नु पर्ला?

– अहिले मुलुक आन्दोलनपछिको सन्धीकालको पीडा भोगी रहेको छ र म यस्तो कुरालाई स्वभाविक ठान्दछु। व्यवस्था आधारभूत रूपमा दुई प्रकारका हुन्छन्। तिनीहरू वर्गीय रूपमै चिन्हित हुन्छन्। तिनीहरू रूपका आधारमा होइन, त्यसको चरित्रका आधारमा परिभाषित हुन्छन्। अहिलेको सामाजिक अवस्था भनेको प्रतिकृयावादी वर्गले सत्तामा नियन्त्रण गरेको अवस्था हो। त्यसैले यो शोषक वर्गले शोषित वर्गमाथि शासन गरेको अवस्था हो। यस्तो स्थितिमा मुलुकको विकास नहुनु सामान्य र स्वाभाविक कुरा हो। राज्यशक्तिमा जनताको आदेश पालन गर्ने वातावरण नबुझुन्जेलसम्म मुलुकको विकास नै हुन सक्दैन।

अहिलेको वितृष्णा बृद्धिका लागि खाली पार्टी र राजनेताहरू मात्र दोषी छैनन्। स्वार्थ, अराजकता र अनुशासनहीनता सर्वत्र बढेको छ। विकृतिले समाजलाई गाँजेको छ। त्यसैले मानिसहरूको मनको मुक्तिकालागि एउटा बलियो साँस्कृतिक क्रान्तिको खाँचो बढेको छ।

० यस सन्दर्भमा भन्नै पर्ने अरू केही छ कि?

– ०४६ सालको जनआन्दोलनलाई त्यसकै सापेक्षतामा बुझ्ने प्रयत्न गरौं। त्यो सामाजिक परिवर्तन होइन र त्यसबाट सामाजिक परिवर्तनको आग्रह गर्नु हुँदैन। त्यो सत्ता परिवर्तनको संघर्ष थिएन र त्यसबाट सत्ताको चरित्रमा परिवर्तन हुनुपर्छ भन्ने आग्रह पनि राख्नु हुँदैन। त्यो सामाजिक अग्रगतिका पक्षमा चालिएको एउटा सानो फड्को मात्र थियो र त्यसलाई त्यसको सानो रूपमै रहन दिनु पर्छ। त्यो कुनै महान क्रान्ति होइन, त्यो कुनै महान परिवर्तन पनि होइन। त्यो परिवर्तनको बाटोमा अघि बढ्ने एउटा आम प्रकृतिको ढोका मात्र हो। ●

धरहरामा ड्रेसमा आएका प्रहरी र सिभिलमा रहेका अन्य गुप्तचरहरूले मानिसहरूलाई राम्ररी निगरानी गरिरहेका थिए। त्यसको बाबजुद न्यायप्रेमी प्रजातन्त्रवादी जनता पनि कम होशियार थिएनन्। उनीहरूको होशियारीको एउटै अर्थ थियो कि प्रहरीले कुनै पनि बेला लाठीचार्ज गर्नसक्छ। त्यसको अलावा निर्धारित स्थानको त्यो हालत भए पछि जनताको भिड कोही रत्नपार्कतिर लाग्यो भने कोही न्यूरोड हुँदै इन्द्रचोकतिर तेर्सियो। सारा शहरमा सून्यता छाएको थियो। जनताको भिड त्यति बेलासम्म अतिनै ठूलो भइसकेको थियो। दिनको ठिक १ बजिसकेको थियो। मानिसहरू एकले अर्कोको, अर्कोले अर्कोको मुखामुख गरिरहेका थिए, तर सबै मौन अवस्थामा थिए। प्रहरीले सारा भिडलाई कडा भन्दा कडा निगरानी राख्नेको थियो। त्यतिकैमा नेपाल कम्यूनिष्ट पार्टी (माले) का वरिष्ट नेता राधाकृष्ण मैनालीले हँसिया र हथौडाअंकित रातो झण्डा हातले आम जनताको माझमा पहिलो पल्ट आकाशतिर उठाउनु भयो र झण्डालाई न्यूरोडस्थित अमेरिकन लाइब्रेरी अगाडि फहराएर पञ्चायती व्यवस्था विरोधी नारा लगाउनु भयो। सारा मानिसहरूले बडो हर्षले ताली बजाए र पञ्चायत विरोधी नारा लगाए। यसरी २०४६ सालको जन-आन्दोलनको शुरूवात भयो। उता पाको पोखल्ड्याँगबाट अर्को जुलुस निस्क्यो र जुलुस एकीकृत भएर न्यूरोड गेट हुँदै अघि बढ्यो। हेर्दा-हेर्दै जुलुस विसौं हजारको भैसकेको थियो।

त्यसपछि जुलुस जुद्ध सालिकबाट इन्द्रचोकतिर लागेपछि प्रहरीहरूले लाठी लिएर भिडतिर प्रहार गर्न थाले। जनताको भिडमाथि लाखौं पञ्चायती विरोधी ल्पेकार्डहरू एकै चोटी फ्याँकिए। त्यसपछि नेपाली कांग्रेसको चारतारे झण्डा र संयुक्त वाममोर्चाको हँसिया र हथौडा अंकित राता झण्डाहरू फहराइए। पञ्चायती व्यवस्था मूर्दाबाद। प्रजातन्त्र ल्याउछौं, ल्याउछौं११ आदि नारा लगाउँदै जुलुस वीर अस्पताल छेउमा सम्मिलित भएर व्यापक प्रदर्शन गर्दै वीर अस्पतालको पश्चिम बाटोबाट दक्षिण हुँदै न्यूरोड पिपलबोटतिर बढ्यो। त्यस जुलुसलाई वामपन्थी नेता राधाकृष्ण मैनालीले धरहरातिर निकाल्न खोज्दै हुनु हुन्थ्यो। तर प्रहरीसंग कडा मुठभेड हुने स्थिति पनि त्यहाँ थियो। अगाडिको जुलुसले जुद्ध शम्सेरको शालिकलाई परिक्रमा गरि इन्द्रचोकतिर मोडिइ सकेको थियो।

जनआन्दोलनका शहीदहरू

लनबहादुर महर्जन

सानुकान्छा बहादुर तामाङ

नारायण प्रसाद दाहाल

निर्गुन स्थापित

निर्मल शाक्य

इन्द्रचोकमा पुगेपछि प्रहरी र आम जनता बीच केहीबेरसम्म मुठभेड भयो। बीसौं हजार जनतामा केही जनताले प्रहरी बीचको मुठभेड जारी नै राख्ने भने अगाडिको ठूलो हिस्सालाई राधाकृष्ण मैनालीले लिएर अगाडि बढ्नुभयो। यस मुठभेडमा वाममोर्चाका मानार्थ अध्यक्ष तुलसीलाल अमात्यलाई प्रहरीले पक्राउ गऱ्यो। त्यो जुलुस भेडासिं, असन हुँदै भोटाहिटीतिर बढ्यो। भोटाहिटीको मुखमा प्रहरीले घेरेका थिए। तर जब जुलुस नजिकै आइपुग्यो, तब प्रहरी आफ्नो ठाउँबाट पछि हटे र जुलुस रत्नपार्क पुगे। रत्नपार्कमा विद्यार्थीनेता अखिल पाँचौंका गोकर्ण विष्टले जुलुसलाई छोटो सम्बोधन गर्नुभयो।

त्यसपछि उक्त जुलुस बागबजारतिर पस्यो। तर त्यही चोकमा प्रहरीसंग पुनः मुठभेड भयो। इँटा र ढुंगाले सडक भरिसकेको थियो। केही समयपछि प्रहरीले बाटो छोडि दिए जुलुस अगाडि बढ्यो। पुतलीसडक हुँदै सिंहदरबारतिर बढिरहेको उक्त जुलुसलाई दाया बाया घरका सबै मानिसले ताली बजाएर हार्दिक स्वागत र समर्थन गरिरहेका थिए भने उक्त जुलुसमा सरिक भएका योद्धाहरू घाइते बाघ जस्तै अझ गर्जिरहेका थिए।

फाल्गुण ७ गते देखि शुरूभएको जनआन्दोलनको शिलशिलामा काठमाण्डौंस्थित प्रहरीले जनतामाथि अश्रुग्याँस छोडेको पहिलो ठाउँ इन्द्रचोक हो। तर पुतलीसडकसम्म आइपुग्दा भने घेरे अश्रुग्याँसको सामना जनताले गरिसकेका थिए। त्यहाँबाट जुलुस सिंहदरबार अगाडि पृथ्वी नारायण शाहको शालिक गएर केही क्षण रोकियो र त्यहाँ दुबै पार्टीका झण्डाहरू पनि गाडिए। त्यो जुलुस चौंहि थापाथली ब्लूस्टार होटल अगाडि पुगेर विसर्जन भयो। त्यहाँ नेतृत्व गरिरहनु भएका विद्यार्थी नेताहरू राजकुमार शर्मा, शंकर पोखरेल, गोकर्ण शर्मा, विष्णु पाठकले सम्बोधन गर्नु भएको थियो।

उतापट्टी अझ व्यापक रूपले दिनभरि नै प्रहरी र जनतावीच ढुंगा हानाहात भैरहेको थियो। न्यूरोड, इन्द्रचोक, गुच्छाटोल, रत्नपार्क ठाउँ ठाउँमा प्रहरी र जनतावीच निकै लामो समयसम्म मुठभेड चलिरहेको थियो। पछि सबै जनताको हुल वीर अस्पताल अगाडि आमसभामा परिणत भयो। त्यहाँबाट जुलुस रत्नपार्कतिर बढ्यो। प्रहरीले पुनः लाठी चार्ज गरे। त्यसैबीच वाम मोर्चाका नेता मनमोहन अधिकारीलाई प्रहरीले गिरफ्तार गरे। उता त्यही समयमा केही मुट्ठीभर पञ्चहरूको जुलुस तथाकथित प्रजातन्त्रका नाराहरू लगाएर त्रिपुरेश्वरबाट न्यूरोड, इन्द्रचोक र भोटाहिटी हुँदै खुल्ला मञ्चमा

हामी दिन प्रतिदिन बद्नाम हुँदैछौं

– नारायण ढकाल



० एउटा पत्रकारका रूपमा तपाई २०४६ सालको जनआन्दोलनमा किन र कसरी संलग्न हुनुभयो?

– म पत्रकार हुँदा हुँदै पनि राजनीतिक कार्यकर्ता पनि हुँ। मलाई पत्रकारितामा पनि पार्टीले नै पठाएको हो। र, त्यस आन्दोलनमा पार्टीको संलग्नता हुनु र मलाई पनि त्यसमा सहभागी गराउनु स्वभाविक नै थियो।

त्यस समयमा म दृष्टिको सम्पादक थिएँ। ०४६ सालको जनआन्दोलनको सफलताको लागि अन्य विभिन्न क्षेत्रको जे जस्तो योगदान र भूमिका रह्यो, पत्रकारिता क्षेत्रले पनि ठूलो सहयोग गऱ्यो। त्यस वेलाको मेरो संलग्नता किन भन्दा म स्वयं राजनीतिक रूपले सचेत पार्टीको एक कार्यकर्ता पनि थिएँ र पत्रकारिता पेशामा कार्यरत थिएँ। त्यस सम्बन्धमा मैले संस्मरणात्मक पुस्तक "तीन संवत्सर" मा धेरै कुरा स्पष्ट गरेको पनि छु।

अहिले पनि त्यस वेलाको एउटा कुरा मलाई सम्झना छ। हामीले धेरै जोखिम उठाएर आ-आफ्नो जिम्मेवारी पूरा गरिरहेका थियौं। पत्रिका प्रकाशित गरेर पनि सर्वेतिर पठाउन सकिन्थ्यो। त्यसै बीचको एक अंक पत्रिका प्रशासनले थानकोटमा जफत गऱ्यो। मलाई हेटौंडाका एक जना पाठकले फोन गरेर भन्नु भयो- "यहाँ पत्रिका अहिलेसम्म आइपुगेन। हामी हतियार विनाका सेना जस्ता भयौं। जसरी भएपनि पत्रिका पठाउनु होला।" यसबाट मलाई के लाग्यो भने सोंच्चिकै त्यसबेला पत्र-पत्रिकाले जनआन्दोलनमा उर्जाको काम गरेको रहेछ, प्रेरणा र उत्साह थपेको रहेछ। मैले ०४६ सालको जनआन्दोलनमा एउटा पार्टीको कार्यकर्ता र पत्रकारको रूपमा निकै जोखिमपूर्ण रूपमा काम सम्पन्न गरें, त्यसप्रति म सन्तुष्ट छु।

० त्यस बेलाका प्रमुख समस्या के थिए त?

– पञ्चायत अन्तरवस्तुमै तानाशाही व्यवस्था थियो। त्यस व्यवस्थाका पृष्टपोषकहरू विचारको प्रचार प्रसार सहन सक्तैन थिए। वाक तथा प्रकाशन स्वतन्त्रतामा अवरोध थियो। संविधान नै अन्तर्रविरोधी ढंगले परिभाषा गरिएको थियो। कानूनी रूपमा जुनसुकै रूपले विचारमाथि प्रतिवन्ध लगाउने दुष्प्रयत्नहरू गरिन्थे। प्रेसमा ताल्चा लगाउने, राजकाज वा राज्य विरूद्धको अभियोग लगाउने, पत्रिका जफत गर्ने। पक्राउ गरेर अनेक यातना दिने। यी समस्याबाट जोगिन सकिने अवस्था थिएन भने व्यवसायिक समस्या पनि थिए।

म ०३१ साल देखि विसौं पटक भन्दाबढी पञ्चायत विरोधी हरेक आन्दोलनमा पक्राउ पर्थें। तर ०४६ सालमा मैले आफूलाई जोगाएँ। धेरैपटक प्रशासनिक प्रयत्नहरूलाई हामीले कुशलतापूर्वक सामना गऱ्यौं। मैले उहाँ आफ्नो घर मूलपानी जानुभएको छ भनेर पठाइ दिएं र जोगिएँ। त्यसपछि म कार्यालयमा वस्न छोडें। प्रहरीले कल्पना गरेको दृष्टिको सम्पादक जुन प्रकृतिको, जुन आकारको हुन सक्थ्यो, म त्यसको ठिक विपरित एउटा रव्याउटे वा मरन्च्यासे लाग्ने खालको साधारण व्यक्ति थिएँ। त्यस्तै अर्कोपटक घरेमा आएका बेला मैले म विरामी छु, अस्पताल जान लागेको छु भनेर हवल्दारलाई भनें। उस्ले चोकमा साहेब हुनुहुन्छ, सोध्नुपर्छ भनेर फर्केपछि म जुत्ता र कपडा पोको पारेर घरबाट निस्कें। त्यसदिन मलाई रातभरि निन्द्रा लागेन। किनकि जुनसुकै आन्दोलनको क्रममा प्रहरीले गिरफ्तार गर्नलाग्दा म प्रतिकार नगरी दिने भएकाले उनीहरू मलाई विश्वास पनि गर्थे। त्यस दिन मलाई, एउटा प्रहरीको नजरमा आफू बेइमान भएँ भन्ने लागि रह्यो।

० ०४६ सालको जनआन्दोलनले अपेक्षा गरे अनुसारको उपलब्धी प्राप्त

जनआन्दोलनका शहीदहरू

सागर सिंह

महेश श्रेष्ठ

दिलिप कुमार श्रेष्ठ

शोभितमान शाक्य

सुरज शाक्य

भएको छ त?

– हामी ०४६ सालको जनआन्दोलनले अपेक्षा गरेको भन्दा ठिक उल्टो गइरहेका छौं। हामी प्रतिगामी दिशातर्फ उन्मुख भयौं। प्रजातन्त्र पुनर्स्थापनापछि नेपाली जनताको भावनाबाट दिनप्रतिदिन बद्नाम हुँदैछौं। हामी कसैप्रति जनताको विश्वास छैन जनताले हिजोको जनआन्दोलनका शक्तिहरूलाई घृणाको दृष्टिले हेर्दैछन्। अब कुनै पार्टी वा नेताले जनतालाई कुनै पनि सरकारको विरूद्धमा आन्दोलनको आह्वान गरे भने त्यस दलका कार्यकर्ता बाहेक आम जनताले साथ दिने छैनन्। हिजोको सम्मानित व्यक्तिको छवि र जीवन शंकास्पद भएको छ।

अहिले मुलुक खतरनाक संकटको दिशातर्फ उन्मुख हुँदै गएको छ। नेपाली जनता दुःखको स्थितितर्फ फर्काइएका छन्। हामीबाट गल्तीमाथि गल्ती दोहोरिएका छन्। हामीले ती गल्तीको पश्चाताप गर्नै पर्छ र नयाँढंगले अगि बढ्नु पर्छ। म अहिले त्यही महसुस गरिरहेछु र हामीले बाटो विराएकाले पश्चाताप गरेर सच्याएनौं भने हामी पछि पर्छौं। हामी पञ्चायती कालका भ्रष्ट भन्दा पनि बद्नाम भएका छौं। यो प्रजातन्त्र मध्यम वर्गका लागि भएको छ। यो गाउँ-गाउँ सम्म पुगेको छैन। अहिले पनि गाउँमा झूठा मुद्दामा फसाउने, आस्थालाई बन्धक राख्ने, सामन्ती दमन शोषण उत्पीडन कायमै छ। जनता भयभित छन्। आम समाज भयमुक्त छैन। नयाँ व्यवस्थाले ग्यारेण्टी गरेका राम्रा कुरा प्रति कोही गम्भीर भएनन्। इतिहासमा वारम्वार कुर्वानि गर्ने जनता तर त्यस्को मूल्य नेताले लिने भइरहेको छ। चिनिया क्रान्तिमा भएको आकियू प्रवृति हावी भएको छ। चिनको आकियू प्रवृतिका सम्बन्धमा लेनिनले लामो विश्लेषण गर्नु भएको थियो।

२००७ मा पनि नेपाली जनताले बलिदान गरे। त्यसपछि पनि विभिन्न समयमा बलिदान गरिनै रहे। ०३६ सालमा पनि केही भएन। ०४२ मा पनि केही केही भएन। अहिले ०४६ सालको नेपाली जनताको बलिदानको साँवो ब्याज नै उठाउने काम नेता र नेतृत्वले गर्दैछ। अब पुनः नेपाली जनताले अर्को कुर्वानी गर्नुपर्ने पीडादायी स्थिति देखा परिरहेको छ। जनतामा हिजोका जनआन्दोलनका सहभागी शक्तिप्रति असन्तुष्टी र आफ्नो बलिदानप्रति पश्चाताप छ। म एउटा संस्कृतिकर्मी लेख्वक हुँ, मैले त्यही अनुभूति गरिरहेको छु। म लेख्न सक्छु। जनताको भावनालाई सार्वजनिक गर्न सक्छु, त्यसका लागि म इमान्दार र मूल्य र मान्यताप्रति प्रतिवद्ध हुनुपर्छ।

० ०४६ सालको जनआन्दोलनको अपेक्षा पूरा हुन नसक्नुको कारण के हो त?

– राजनीतिक कार्यदिशा ठिक भएन। हामीले ०४७ को संविधानका प्रगतिशील पक्षको जुन अभ्यास गर्न थाल्यौं, तर हाम्रो गन्तव्य त्यो भन्दा अगि छ। हाम्रो लक्ष्य आमूल परिवर्तको अभिलाषालाई मूर्तरूप दिनु हो। तर आमूल परिवर्तनको पक्षधर शक्तिले ०४६ कै आरम्भ देखि गल्ती गरे। संविधानको निर्माण कै क्रममा केही गल्ती भयो। त्यहाँ भएका प्रगतिशिल र प्रजातान्त्रिक कुरालाई नै मात्र पनि जीवन दिन सकेनौं भने त्यसलाई अगि लानेतर्फ ध्यान दिएनौं। सामन्तवादलाई पूजा गर्ने सामन्ती चिन्तनलाई हराएनौं। जाति र धार्मिक सद्भावका आधारमा राष्ट्रिय एकता हुने कुरामा प्रतिवद्धता जनाएनौं। त्यस समयमा पनि पुराने आग्रह दोहोरिए। जनताले अपेक्षा गरेका र राख्न सकिने धेरै कुरा संविधानमा राखिएन। संविधानमा चार कुरालाई अपरिवर्तनीय भनेर जनताले प्रतिगामी देखेको कुरालाई फेर्न सक्ने संभावनामाथि प्रतिवन्ध लगाइयो। जनता जुन मूल्य र मान्यताकालागि लडे, त्यस्कै विरूद्ध संविधान निर्यात गरियो। ०४६ सालको संविधान निर्माणमा वामपन्थी शक्तिले खेलेको भूमिका अग्रगामी रह्यो तर पनि संविधानमा मूर्तता दिने काम भएन।

अहिले पनि प्रजातन्त्र र मानवअधिकारसंग बाझ्ने कानून कृयाशिल छन्। हाम्रो आचरण र व्यवहार पनि सुध्रिएन। वामपन्थी शक्ति बद्नाम हुनु हुन्नथियो। क्रान्तिपूर्व सरकारमा जाँदा शर्तराख्नु पर्ने थियो, त्यसप्रति सचेत भएनौं। हामी कसैको नियत ठिक भएन। हामी विर्सजनतर्फ उन्मुख छौं। जनतामा अझै पनि त्याग र बलिदानप्रति आर्कषण छ। यो तर्फ वामशक्तिले विद्यमान संरचना पर्याप्त र पूर्ण छैन भनेर सोच्न नसक्दा यी सबै गलत र विकृतिले मौका पाएको हो।

आम सभामा परिणत हुने भनेर निस्कियो। जुलुस न्यूरोड गेटमा आई पुग्दा वरपर टियर ग्याँसको गन्ध टन्न भैसकेको थियो। घेरैलाई उक्त जुलुसमा जवरजस्ती हिड्न बाध्य गराइएको थियो। जनताको जुलुसले केही मुट्ठीभर पञ्चायती जुलुसलाई पनि तितरवितर बनाइदियो। त्यस समय दुबै तर्फी बीच ढुंगा हानाहान भयो। तत्कालीन प्रधान मन्त्री मरिचमानले समेत ढुंगा टिपेर आफ्नो सुरक्षा आँफै गर्नुपरेको थियो।

त्यसरी डरले काम्दै खुल्लामञ्च भित्र पसेका पञ्चले त्यसदिन आमसभा गर्न सकेनन्। दुई-चार सय जति मानिस मात्र भएको उक्त कार्यक्रमलाई तत्कालीन गृह मन्त्री निरन्जन थापाले स्वर कमाउँदै अरू कुरा केही नभनी सभालाई विसर्जन गरेको घोषणा गरेका थिए।

यसको अलावा देशका सबै शहरी र बजार, गाउँ गाउँमा उक्त दिन जनताले पञ्चायती व्यवस्थाको व्यापक विरोध गरेर आ-आफ्नो पार्टीका झण्डा प्रदर्शन गरेका थिए।

फागुन ७ गतेकै दिन चितवनमा भएको

जनआन्दोलनका शहीदहरू

पुष्परत्न शाक्य

राजेन्द्र महर्जन

राजकुमार सुवाल

राजमान माली



रामविलाश ठाकुर

प्रदर्शनमा प्रहरीले दशौं हजार जनसमुदायको भीडमाथि गोली वर्षायो र ४ जनाको हत्या गऱ्यो। चितवनको उक्त घटनामा शहादत प्राप्त गर्नेहरू गणेश पौडेल, राजेश बाँनिया र अरू दुइजना हुनुहुन्छ। प्रहरीको खुनी आक्रमणका विरूद्ध जनताले पनि प्रहरीको गाडीमा आगो लगाइदिए। प्रहरीले त्यही दिन तत्कालीन राष्ट्रिय पञ्चायतका जनपक्षीय सदस्यहरू जागृत प्रसाद भेटवाल र भीम बहादुर श्रेष्ठलाई पक्राउ गऱ्यो। उहाँहरूलाई हप्तौंसम्म बेपत्ता पारियो। तत्कालै दमन कार्यमा सेनालाई उतारियो।

जनआन्दोलनको दोश्रो दिन अर्थात फागुन ८ गते आन्दोलनकारी शक्तिले राष्ट्रव्यापी कार्यक्रम नेपाल बन्दको आव्हान गरेको थियो। त्यस दिन भक्तपुरमा पञ्चायती भाडाका टट्टु र आन्दोलनकारी जनताका बीच बजार बन्द गराउने र खोल्ने विवाद चलिरहेको थियो। उता नास्मना चोकमा जनसभा आयोजित थियो। प्रहरीले गोली प्रहार गऱ्यो। उक्त गोली प्रहारमा हरिकृष्ण भुजुले शहादत प्राप्त गर्नु भयो। त्यसै दिन भक्तपुरकै अन्य ठाउँमा प्रहरीले चलाएको गोलीद्वारा निर्मल शाक्य, कृष्णराम दुवाल र राजकुमार सुवालले पनि शहादत प्राप्त गर्नु भयो।

आन्दोलन प्रारम्भ भएको तेश्रो दिन अर्थात फागुन ९ गते धनुषाको यदुकुहामा विरोध प्रदर्शनको तयारी भइरहेकै बेला प्रहरीले निर्ममतापूर्वक गोली प्रहार गऱ्यो। यो वर्वर हत्याकाण्डमा ६ जना प्रजातन्त्रप्रेमी नागरिकहरूले वीरगति प्राप्त गरे। उक्त घटनामा सोनावती देवी यादव, मुनेश्वरीदेवी यादव, जानकीदेवी यादव, उदय शंकर यादव, रामविलास ठाकुर र रामनारायण यादव हुनुहुन्छ। उहाँहरू मध्ये शहीद उदयशंकर मण्डल आन्दोलनमा सक्रिय एक १४ वर्षीय वालक हुनुहुन्थ्यो। यसपछि पनि मुलुकका विभिन्न भागमा दिनहुँ जसो हुने विरोध प्रदर्शनमा प्रहरीले चलाएको गोलीद्वारा सैयौं नागरिकहरूले मृत्यु वरण गरे। हजारौं नागरिकहरू घाइते तथा अंग भंग भए। पक्राउ र अमानवीय यातनाको वर्णन गरी साध्य नै छैन। यो रक्तपातपूर्ण आरम्भ नै सफल आन्दोलनको द्योतक थियो भन्दा फरक नपर्ला।

निर्णायक मोडः दरवार मार्गको भिडन्त

फागुन ७ बाट आरम्भ भएको जनआन्दोलन ०४६ चैत २४ गतेसम्म आइपुग्दा

आम जनतामा निराशा छाएको छ

– अष्टलक्ष्मी शाक्य

(अष्टलक्ष्मी शाक्य एमालेका सुझाव महिला कार्यकर्ताहरू मध्ये एक हुनुहुन्छ। जनआन्दोलनको बेला उहाँ झापामा भूमिगत कार्यमा संलग्न हुनुहुन्थ्यो। तत्कालीन नेकपा मालेको जिल्ला कमिटी सदस्य रहनु भएको र आन्दोलनको कार्ययोजना सम्बन्धी जिल्ला कमिटीको बैठक बसिरहेका बेला पक्राउ परी जिल्ला प्रहरी कार्यालयको हिरासतमै रहनु भएका बेला बहुदलको घोषणा भएको थियो।)

० तपाई ०४६ को जनआन्दोलनमा किन र कसरी संलग्न हुनु भएको थियो?

– २०४६ सालको जनआन्दोलनको तत्कालीन राजनैतिक उद्देश्य ३० वर्षे निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापना थियो। हाम्रो देशमा निरंकुश पञ्चायती व्यवस्थाले नेपाली जनताको मौलिक हक हनन गरेको थियो। जनताको बोल्ने लेख्ने सभा संगठन गर्ने जस्ता मौलिक स्वतन्त्रतामाथि तानाशाही बुठले कुल्चिएको थियो। जनताका न्यायोचित माग र आवाजमा वेवास्ता गर्ने मात्र होइन निर्मम र निरंकुशढंगले दमन गर्ने, जेल नेलको यातना दिने र हत्यासमेत गर्ने गरेको थियो। निर्दोष जनतामाथि गोली हान्ने, संगीनले घोचिघोची मार्ने, जनताका गीतहरू गाउँदा देशद्रोही र राष्ट्रद्रोहीको आरोप लगाउँदै दमन गर्ने समेत गर्दै आएको थियो।

नेपाली जनता निरंकुश र तानाशाही पञ्चायती व्यवस्थाको दमन र अत्याचारबाट मुक्त हुन चाहन्थे। नेपाली जनता विद्यमान सामन्ती तथा साम्राज्यावादी शोषण उत्पीडनबाट मुक्त चाहन्थे। देशको सम्मानित नागरिक भएर आफ्नो मौलिक हक स्थापना गर्न आन्दोलित हुन चाहन्थे। तर देशमा राजनैतिक पार्टीहरूमाथि प्रतिवन्ध थियो। त्यसैले खुल्ला रूपबाट जनताको वीचमा पनि जनतालाई सचेत संगठित र आन्दोलित गर्न सकिदैन थियो। भूमिगत ढंगले लुकिछिपी काम गर्नु पर्थ्यो। जनता निरंकुश व्यवस्था विरूद्ध गुप्त रूपमा पार्टीहरूमा संगठित हुँदै अगाडि बढरहेका थिए। सचेत र आन्दोलित भैरहेका थिए। म पनि जनतालाई सचेत संगठित र आन्दोलित गर्ने क्रममा तत्कालिन नेकपा (माले) को नीति र निर्देशनमा पार्टीको कार्यकर्ताको रूपमा कार्यरत थिएँ।

२०४६ सालको जनआन्दोलनको क्रममा म तत्कालीन नेकपा (माले) को पूर्णकालीन कार्यकर्ताको रूपमा झापाको पार्टी काममा कार्यरत थिएँ। साथै म अखिल नेपाल महिला संघको केन्द्रीय अध्यक्षको हैसियतले नेपाली महिलाहरूको मुक्ति कार्यमा पनि जुटेको थिएँ। म झापा पार्टी जिल्ला कमिटीको सदस्य थिएँ र झापामा आन्दोलनलाई अगाडि बढाउन पार्टीले योजना बनाएको थियो। त्यही योजना अनुरूप जनतालाई प्रशिक्षित गर्ने, कार्यकर्ताहरूलाई निर्देशन दिने र प्रेरित गर्ने काम हुन्थ्यो। यस्तै गरी जन आन्दोलनमा धेरै भन्दा धेरै महिलाहरू सहभागी गराउन आन्दोलनको योजना बनाउने निर्देशन दिन र प्रशिक्षित गर्ने काममा संलग्न थिएँ।

० ०४६ सालको जनआन्दोलनका क्रममा भएको कुनै अविस्मरणीय घटना उल्लेख गर्नु हुन्न?

– झापामा पनि आन्दोलन निकै अगाडि बढीसकेको थियो। आन्दोलनको क्रममा धेरै कार्यकर्ताहरू गिरफ्तार भैसकेका थिए। गाउँ गाउँमा पुलिसहरू पसेर

जनआन्दोलनका शहीदहरू



सुर्यप्रसाद घिमिरे



हिराकाजी महर्जन

बुद्धिनाथ खनाल

सुशील कट्टेल

ईश्वरीदत्त शर्मा

छापामार्ने, जनतामाथि दमन गर्ने गिरफ्तार गर्ने काम बढ्दै गइरहेको थियो। यही क्रममा झापा जिल्ला कमिटीको बैठक बस्न हामीहरू झापाको लख्नपुरमा बसेका थियौं। राती १-२ बजेतिर अचानक शसस्त्र पुलिसले हामी बसेको घर घेराऊ गरी सबैलाई गिरफ्तार गऱ्यो। हामीलाई मानसिक र शारीरिक यातनासाथ कष्टडीमा राखियो। हाम्रो साथमा पार्टीको गुप्त सामाग्री समेत परेको हुनाले र विगतमा म लगायत केही जिल्ला कमिटीका सदस्यहरू गिरफ्तारमा भइसकेका हुनाले हामीलाई चिन्न केही गाह्रो थिएन। हामी झापा जिल्लाको नेतृत्व हौं भन्ने कुरा थाहा पाइसकेकोले हामीलाई मार्ने योजना रहेको बुझिएको थियो। हामीहरू पनि आफ्नो अडानमा दृढतापूर्वक उभिएका थियौं। हामी गिरफ्तार हुने क्रममा हामीसंग झापा कष्टडीमा तत्कालीन नेकपा (माले) माननीय स्व. द्रोणाचार्य दोश्रो लगायत धेरै कार्यकर्ता साथमा थिए। काठमाण्डौंमा जनताको विशाल जुलुस भएको र जनताले दमनकारीमाथि गरेको प्रतिरोधको कुरा सुनेर साँचै बहुदल आउन आँटेको पो होकी जस्तो लाग्थ्यो। यति छिटो बहुदल के पो आउँछ होला र भन्ने पनि लाग्थ्यो। आन्दोलन जति चर्किंदै जान्थ्यो त्यति नै भित्र दमन यातना पनि चर्को हुन्थ्यो। बाहिरको रिस सबै भित्र कष्टडीमा बस्नेहरूमाथि पोखिन्थ्यो। हामी कष्टडीमा रहेको ११ दिन भइसकेको थियो। १२ दिनको दिनमा विहान देखि पुलिसहरूको व्यवहारहरू फरक देखिन थाल्यो। लौ नेताजीहरूलाई राम्रोसंग राख, राम्रो खानाको व्यवस्था गरिदेऊ भनी आदेश दिन थाल्यो। हिजोसम्म त्यो अमानवीय व्यवहार गर्नेहरू आज किन फरक देखिए, केही समयपछि डि एस पी आएर लौ तपाईहरू भाग्यवानी हुनुहुँदो रहेछ, बहुदल घोषणा भइसक्यो तपाईहरू छुट्नु हुने भयो भन्दा पनि मैले विश्वास गर्न सकिन। के ठेगाना यिनीहरूको भन्ने लागेको थियो। यही बेला झापाका कमरेडहरू हामीलाई लिन आउनु भयो हामी छुट्यौं बाहिर आउँदा चारैतिर झण्डाहरूबीच निरंकुश पंचायती व्यवस्था मूर्दाबाद१ बहुदलीय व्यवस्था जिन्दाबाद भन्ने नाराहरूसहित विशाल जुलुस देखेपछि म साहै हर्षित भएँ विपना नै होकी हैन जस्तो लाग्यो।

० ०४६ को जनआन्दोलनको मूल्य र मान्यता स्थापित हुँदै गइरहेको छ त?

- देशमा निरंकुश र निर्दलीय जन विरोधी व्यवस्थाको अन्त्य र बहुदलीय संसदीय व्यवस्थाको स्थापना नै ०४६ सालको जनआन्दोलनको मूल उद्देश्य थियो। बहुदलीय संसदीय व्यवस्थाको मूलभूत मान्यता भनेको समाजको सबै क्षेत्रमा सामाजिक न्याय स्थापित गर्नु, जनतामाथिको शोषण दमन अन्त्य गर्नु, गाउँको विकासमा ध्यान केन्द्रित गर्नु, समाजमा विद्यमान रहेका सामाजिक असमानता विकृति, भ्रष्टाचार, अनियमितता रोक्नु, जनताको बस्ने, खाने र लाउने समस्या हल गर्दै जानु हो। तर आज जनआन्दोलन भएको ८ वर्ष बितिसकेको छ। जनताले बहुदल आएको अनुभूत गर्न सकेका छैनन्। देशमा शान्ति सुरक्षा र मानवअधिकारको स्थिति कमजोर हुँदै गएको छ। सरकारले सामाजिक सुरक्षाको कुनै ग्यारेन्टी दिन सकेको छैन। महंगी भ्रष्टाचार दिन पर दिन बढ्दै गइरहेको छ। विकास र निर्माणमा सरकारको कुनै ध्यान गएको देखिंदैन। राष्ट्रको नीति निर्माण गर्ने, जनताका प्रतिनिधिको रूपमा रहेका केही सांसद र मन्त्रीहरूले आफ्नो पदीय मर्यादा मूल्यलाई बिर्सेर भ्रष्ट र अनैतिक बन्दै गइरहेका छन्। आन्दोलनको अपलब्धीको रूपमा आएको संविधानको मूल मर्मलाई मिच्ने त्यसलाई उल्लंघन गर्ने घटनाहरू देखिएका छन्। सत्ता र कुर्सि नै सबै थोक हो भन्ने गलत मान्यता विकास भएको छ। सत्ता कुर्सि, सुविधा र स्वार्थको लागि जस्तै मूल्य हिन काम पनि गर्न तयार हुने स्थिति विकास हुँदैछ। राजनैतिक संकीर्णता, पूर्वाग्रह, भेदभाव गुटफुट र आपसी स्वार्थको विवादले स्थान पाइरहेको छ। जनतालाई राहत दिने सुविधा दिने काममा कोही गम्भीर छैन। त्यसैले आज जनतामा निराशा र हतोत्साह बढिरहेको छ।

राजनैतिक पार्टी र नेताहरूको राजनैतिक आचरण र व्यवहारमा गम्भीर प्रश्नहरू उठिरहेका छन्। राजनैतिक पार्टी र नेताहरू सत्ता र सरकार प्राप्ती कै खेलमा डुबिरहेका छन्। जनताका भावना चाहना र समस्यालाई गौण ठान्ने काम हुँदै गएको छ। अर्कोतिर यति छोटो अवधिमा नै जन आन्दोलनको उपलब्धी विरूद्ध पुनरउत्थानवादीहरूले प्रहार शुरू गरिसकेका छन्। राजनैतिक पार्टी र बहुदलीय परिपाटीलाई बदनाम गर्ने, जनतामा बहुदलप्रति नकारात्मक धारणा जन्माउने, जनआन्दोलनका उपलब्धीहरूलाई कमजोर बनाउने जस्ता काम भइरहेका छन्। यी सवालहरूमा समयमा नै सबै राजनैतिक दलहरू त्यस्मा पनि जनआन्दोलनका सहकर्मीहरूले विशेषगरी नेपाली काँग्रेस र जनताको आशा र भरोसाको रूपमा रहेको नेकपा (एमाले) ले गम्भीरतापूर्वक सोचेर यी समस्याहरूलाई जिम्मेवारीसाथ लिनुपर्ने भएको छ। राजनैतिक विकृति विसंगति प्रजातान्त्रिक मूल्य मान्यताको विरूद्ध हुकिंदै गएको दृष्टिकोण आचरण र व्यवहारहरूको विरूद्ध दरो गरी जुझ्ने ओंट गर्नु पर्छ।

●

निर्णायक रूप लियो। चैत्र २४ गते संयुक्त राष्ट्रिय जनआन्दोलन समितिको आव्हानमा नेपाल बन्दको कार्यक्रम थियो र उक्त आव्हानलाई आन्दोलनका अगुवा राजनीतिक दल नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले पूर्ण समर्थन र सहयोग गरेका थिए। त्यही दिन विहान रेडियो नेपालबाट मरिचमान सिंहलाई प्रधानमन्त्रीबाट वर्खास्त गरी लोकेन्द्र बहादुर चन्दको नेतृत्वमा नयाँ मन्त्री मण्डल गठन भएको समाचार प्रशारित भएको थियो। पञ्चायत विरोधी अभियानमा सरिक आन्दोलनकारी जनतालाई यो घटनाले एकदमै उत्तेजित र आक्रोशित बनाइदियो।

राजाबाट चैत २४ गते बहुदलीय व्यवस्था पुनरवहालीको घोषणा नगरी सिर्फ मन्त्री मण्डल पुनरगठनको घोषणागरिएपछि विहान ९ बजे देखि नै उक्त घोषणाको विरूद्ध जनता सडकमा निस्किए। चैत २४ को पहिलो जुलुश बानेश्वरस्थित लोकेन्द्र बहादुर चन्दको घर अगाडिबाट ९ बजे निस्केको थियो। करीब २ सय मानिस संलग्न भएको उक्त जुलुश कोपुण्डोल पुग्दा ९.३० बजे थियो र त्यहाँ पुग्दा नुपग्दै जुलुशमा सहभागी हुनेहरूको संख्या दशौं हजार नाघिसकेको थियो। त्यो जनसमुद्र कोपुण्डोलबाट पाटन पस्यो। उता भोटाहिटीबाट निस्किएको जुलुशलाई रत्नपार्क मुखैमा प्रहरीले लाठीचार्ज गरेपनि ११ बज्दा नबज्दै पचासौं हजारको सहभागितामा अपार जनसमुद्र बनेर वीर अस्पताल हुँदै न्युरोड गेटदेखि भित्र छिऱ्यो। क्रमशः सडकमा मानिस नअटाएर गल्ली गल्ली छिरेको जुलुस र नाराले पूरै शहर जुलुसमय बन्यो। जुलुसको एउटा ठूलो हिस्सा पुनः धर्मपथबाट नया सडक हुँदै रत्नपार्कतिर लागेको थियो। त्यो जुलुशमा आर. एन. एसी का कर्मचारी, कृषि विकास बैंक, खाद्य संस्थान लगायत अन्य संघ संस्थाका कर्मचारीहरू व्यानरसहित सहभागी भएका थिए। उता पाटन पसेको जुलुस झण्डै डेढ लाख मानिस बटुलेर बृहत आकार लिई पुनः काठमाण्डौ फर्कियो र त्यो विशाल जुलुश त्रिपुरेश्वरबाट रत्नपार्क जानलाई उकालिदैं थियो। अर्को एउटा त्यस्तै बृहत आकारको जुलुस क्षेत्रपाटीबाट ठमेलतिर तेर्सियो। त्यसदिनको काठमाण्डौको विवरण "जनआन्दोलन र शहीदहरू" पुस्तकमा यसरी दिइएको छः-

त्यसपछि जुलुस ठमेलतिर लाग्यो। घाम निकै चर्को लागेकोले जुलुशमा कराउँदा कराउँदै मानिसका अनुहार सुकिसकेका थिए। दाँया बाँया



घरका छानाबाट घैलाका घैला पानी जुलुशमाथि खन्याएर गृहिणीहरूले सहयोग पुऱ्याइरहेका थिए। अमृत क्याम्पस आइपुगेपछि विद्यार्थी नेता अखिल पाँचौका केशव पाण्डे र नन्द बहादुर सिंहले सम्बोधन गरेका थिए। राजदरबारको पश्चिमी बाटोबाट जुलुसलाई खुल्लामंचतिर जान बन्देज गरेको हुँदा जुलुस अमृत क्याम्पसको पूर्वी बाटो भएर त्रिदेवी मार्ग संचयकोष अगाडि भेला भयो।

जनआन्दोलनको क्रममा २०४६ साल फागुन ७ देखि चैत मसान्तसम्म मृत्यु हुनेहरू

क्र.सं.	घटना मिति	उमेर	मृतकको नाम, थर, वतन
१.	२०४६/१२/१४	२५	रामथापा, मोरंग जिल्ला कल्याणपुर हाल रामपुर- ७ झापा
२.	२०४६/१२/२७	१४	सुशील कट्टेल, सुनसरी जिल्ला धरान न. पा. वडा नं.१४
३.	२०४६/११/९	१४	उदयशंकर मण्डल, धनुषा जिल्ला यदुकुवा गाविस वडा नं. ७
४.	२०४६/११/९	४५	मुनेश्वरी देवी, धनुषा जिल्ला यदुकुवा शहीदनगर वडा नं. ९
५.	२०४६/११/९	४२	जानकी देवी, यादव धनुषा जिल्ला शहीदनगर वडा नं. ९
६.	,,	४०	रामनारायण यादव, धनुषा शहीदनगर वडा नं. ८
७.	,,	३६	सोनावती दवी यादव, धनुषा, यदुकुवा शहीदनगर वडा नं ८
८.	२०४६/१२/२४	२५	रामविलास ठाकुर, जिल्ला महोत्तरी, खट्टा पिपराही गाविस -६
९.	२०४६/१२/१७	-	टंकप्रसाद आचार्य, प्युठान
१०.	२०४६/१२/२०	१८	राजेन्द्र महर्जन, किर्तिपुर धौढोका वडा नं. ७
११.	,,	२२	राजमान माली, किर्तिपुर वडा नं. ५ समल टोल
१२.	२०४६/१२/२०	४०	लखनबहादुर महर्जन, किर्तिपुर पालिफल कुटुम्भोल वडा नं. ६
१३.	,,	२९	हिराकाजी महर्जन, किर्तिपुर किटीभोल टोल
१४.	,,	२१	लालबहादुर बम, कैलाली जिल्ला दोदोधा गा. पं. वडा नं. २
१५.	,,	२२	कुमारउदास श्रेष्ठ, काठमाण्डौ नगरपालिका- ९ बत्तीसपुतली
१६.	,,	२२	पम्फाकुमारी खड्गी, डाङ मदनपुर गाप वडा नं. २
१७.	२०४६/१२/२४	१७	सानो कान्छा बहादुर तामाङ्ग ललितपुर ललेमारदेउ गाउँ- ९
१८.	,,	४१	सोभियतमान शाक्य, काठमाण्डौ वडा नं. २३, ओमबहाल
१९.	,,	१६	सुरज शाक्य, काठमाण्डौ वडा नं. २४ वट् चिधरबहाल
२०.	,,	२१	निर्गुण स्थापित, काठमा.डौ वडा नं. १९ यटखा टोल
२१.	,,	-	रिचर्ड हेनरीजोन (बृटिश नागरिक)
२२.	,,	२४	गोपी महर्जन, काठमाण्डौ वडा नं. २० भीमसेनस्थान
२३.	,,	२३	महेश श्रेष्ठ, भक्तपुर वडा नं. १४ बोलाछे टोल
२४.	२०४६/१२/२४	२१	बुद्धिनाथ खनाल, काभ्रे खनालथोक घर
२५.	२०४६/१२/२६	-	भीमा शेर्पा, जर्मन गाडीको खलासी
२६.	२०४६/१२/२६	१२	राजन रायमाझी, नुवाकोट जिल्ला लिखु वडा नं. ७ सल्यमैदान
२७.	,,	२९	पुष्परत्न शाक्य, भक्तपुर नागपोखरी वडा नं. ४
२८.	२०४६/१२/२८	२८	प्रकाश रिजाल, काठमाण्डौ गोलढुंगा गाउँ वडा नं. ४
२९.	२०४६/११/८	२१	राजकुमार सुलवाल, भक्तपुर नपा वडा नं. १०,, यालाछे वेसी
३०.	,,	१९	हरिकृष्ण भुजु
३१.	,,	२४	कृष्णराम दुवाल, भक्तपुर नपा वडा नं. ७ गोलाढी
३२.	,,	२४	निर्मलज्योति शाक्य, भक्तपुर नपा वडा नं. २०
३३.	२०४६/१२/१७	२०	सागरमान सिंह, ललितपुर वडा नं. १३ इबहाल
३४.	,,	१९	ज्ञानबहादुर शाही, ललितपुर सुन्धारा
३५.	२०४६/१२/२५	३४	ज्ञानशोभा बज्राचार्य, ललितपुर नटोल वडा नं. २०
३६.	२०४६/१२/२८	२२	सानुराजा नकर्मी, ललितपुर, कुलिम्हाको बहाल
३७.	२०४६/११/१७	४५	गणेशप्रसाद पौडेल, गीतानगर गाउँ चम्फानगर २ चितवन
३८.	,,	२२	राजेश बानिया, चितवन, भरतपुर पुल्चोक नारायणगढ
३९.	२०४६/११/७	२३	बलराम कँडेल, चितवन जिल्ला विरेन्द्रनगर गाउँ- १ प्रेमपुरी
४०.	२०४६/१२/२६	२६	नारायणप्रसाद दाहाल, माढी चितवन वडा नं. ७ सरूवा
४१.	२०४६/११/७	३०	पूर्णबहादुर अधिकारी, हेटौडा नगरपालिका वडा नं. ९ मकवानपुर
४२.	,,	२२	कृष्णप्रसाद पौडेल तनहुँ,दोरफिर्दी वडा नं. ३
४३.	,,	३२	सूर्यप्रसाद घिमिरे, स्याङ्जा जिल्ला रत्नपुर वडा नं. ६ माढी
४४.	२०४६/१२/२४	१८	दिलीप श्रेष्ठ, पाल्पा भैरव स्थान, गाविस वडा नं. ३
४५.	,,	२०	नवराज थापा, बुटवल न.पा.-६ लगघ्न टेनबहजार, रूपन्देही

स्रोतः मल्लिक आयोगको प्रतिवेदन

यो स्थिति बहुदलकै निम्ति पनि खतरापूर्ण

– शार्दूल भट्टराई

(शार्दूल भट्टराई पत्रकार, लेखक र कवि हुनुहुन्छ। ०४६ को जनआन्दोलनमा एउटा लेखक साहित्यकारको रूपमा आन्दोलनका प्रत्यक्ष गतिविधिहरूमा संलग्न हुनुहुन्थ्यो चैत ३ को कालोपट्टी कार्यक्रमबाट पक्राउ पर्नु भएको थियो।)

० २०४६ सालको संयुक्त जन-आन्दोलनलाई तपाईं अहिले कसरी सम्झिनु हुन्छ?

– केहीले २०४६ सालको संयुक्त जन-आन्दोलनलाई "क्रान्ति" पनि भन्ने गरेका छन्। अझ केहीले त "जन क्रान्ति" समेत भन्ने गरेको पनि पाइन्छ। वास्तवमा त्यो "क्रान्ति" वा "जनक्रान्ति" थिएन। "क्रान्ति" भनेको आमूल परिवर्तनकारी घटना हो। २०४६ सालको आन्दोलन आमूल परिवर्तनकारी घटना भने थिएन। मूलतः त्यो घटना निर्दलीय निरंकुशताका विरूद्ध बहुदलीय व्यवस्थाको स्थापनाका लागि भएको थियो।

आमूल परिवर्तनको क्रान्ति नभएपनि २०४६ सालको आन्दोलनको ऐतिहासिक महत्व रहेको छ। त्यो जन आन्दोलन थियो र संयुक्त रूपमा त्यसको आह्वान गरिएको थियो। निर्दलीय, निरंकुश, जनघाती र भ्रष्ट पञ्चायती शासनका विरूद्ध नेपालका कम्युनिष्ट-कांग्रेस संयुक्त भएर आन्दोलनमा उत्रिए। हिंसा, दमन, अनैतिकता र स्वेच्छाचारितामा चलेको मण्डलेतन्त्रलाई समाप्त गर्ने र अभाव एवं दुर्गतिपूर्ण अवस्थाबाट राष्ट्र र जनतालाई मुक्त पार्ने उद्देश्य जनआन्दोलनको थियो। आन्दोलनमा हरेक पेशा र क्षेत्रका जनताको उत्साहपूर्ण सहभागिता रह्यो। धेरै वीर-वीराङ्गनाले त्यो आन्दोलनमा आफूलाई बलिदान गरे। वीर-वीराङ्गनाको त्यही बलिदानकै कारण निरंकुश शासनका बन्दुकहरू परास्त भए र झुके। जनआन्दोलन सफल भयो र बहुदलीय व्यवस्थाको स्थापना भयो।

० साहित्यकार/कलाकारको नाताले त्यो आन्दोलनमा किन र कसरी संलग्न हुनु भयो?

– त्यो आन्दोलनलाई सहयोग पुऱ्याउनु र त्यसमा संलग्न हुनु निरंकुशता विरोधी प्रत्येक नागरिकको अनिवार्य कर्तव्य थियो। सोही कर्तव्यलाई पूरा गर्न म आन्दोलनमा संलग्न भएँ। प्रत्यक्ष रूपले म २०४६ साल चैत्र ३ गतेको लेखक-कलाकारहरूको कालोपट्टि कार्यक्रममा संलग्न भएको थिएँ। सो कार्यक्रममा संलग्न हामी सबैलाई प्रहरीले गिरफ्तार गरेको थियो।

० आन्दोलनको उद्देश्य वर्तमानमा स्थापित मूल्य र मान्यतासँग मेल खाएको ठान्नु हुन्छ?

– त्यो आन्दोलनको उद्देश्य केवल निर्दलीयता र निरंकुशताको अन्त्य गरेर बहुदलीय व्यवस्थाको स्थापना गर्नु मात्र थिएन। निरंकुश पञ्चायती शासन कालमा व्याप्त जनहत्या, अशान्ति, भ्रष्टाचार, तस्करी, अनैतिकता आदिको समूल नष्ट गरी स्वच्छ शासनद्वारा मुलुकलाई उन्नति र प्रगतितर्फ अग्रसर गराउनु पनि आन्दोलनको उद्देश्य थियो। तर आन्दोलनको त्यो उद्देश्यलाई स्थापित गराउने काम अहिले भइरहेको छैन। आन्दोलनको उद्देश्य विपरीतका कामहरू समेत हुँदै आएका छन्।

बहुदलीय व्यवस्थालाई "बहुदलीय प्रजातन्त्र" पनि भन्ने गरिएको छ। तर बहुदलीय व्यवस्था स्थापना भएको मुलुकमा प्रजातन्त्र कहाँ छ भनेर खोज्नु पर्ने स्थिति समेत देखापर्ने गरेको छ। जनहत्याको श्रृंखला जारी रहेको छ। भ्रष्टाचार र तस्करी बढ्दो छ। जनजीविका झन्झन् कष्टकर बन्दै गैरहेको छ। सांसद खरीद-विक्री र राजनीतिक अपराधीकरण जस्ता घटनाले बहुदलीय व्यवस्थाप्रति नै वितृष्णा जाग्न थालेको अनुभव गरिंदैछ। धेरै कारणबाट बहुदलप्रति आशावादी जनता क्रमशः बहुदल र निरंकुश पञ्चायती शासनमा के भिन्नता रह्यो र भन्ने प्रश्न मनमनै उठाउन बाध्य बन्दै गएका छन्।

समग्रमा भन्नुपर्दा बहुदलीय व्यवस्थाका न्यूनतम मूल्य र मान्यता समेत मुलुकमा स्थापित हुन नसकेको महसूस हुन थालेको छ। यो स्थिति बहुदलकै लागि पनि खतरापूर्ण सूचक हो। बहुदलका लागि लडेर आएका बहुदलवादीहरूले यसतर्फ गम्भीरतापूर्वक सोच्नु र सचेष्ट हुनु जरूरी छ।

शहीदहरूको अपमान भएको छ

– मीना पौडेल

(मीना पौडेल ०४६ सालको जनआन्दोलनताका स्वास्थ्यकर्मीको रूपमा शिक्षण अस्पतालमा कार्यरत हुनुहन्थ्यो र आन्दोलनका घाइतेहरूलाई उपचार गर्ने मात्र होइन स्वयं आन्दोलनमा सहभागी हुनुहुन्थ्यो।)

० ०४६ सालको जनआन्दोलनलाई अहिले तपाई कसरी सम्झनु हुन्छ?

– उक्त जनआन्दोलनलाई हाल मैले सम्झना गर्दा जनआन्दोलन आफैंमा पूर्ण नहुँदा नहुँदै पनि मुलुकमा सकारात्मक परिवर्तन चाहने अधिकांश जनताको लागि परिवर्तनको एउटा चरण थियो। जसले समाजका विभिन्न पक्षमा संलग्न परिवर्तनकामी समुदायलाई विभिन्न खाले जनपक्षीय अभियानको शुरूवात गर्न अवसर दियो। सामाजिक क्षेत्रको माध्यमबाट वर्ग, जातिपाती, छुवाछूत लगायत धार्मिक, आर्थिक र विभिन्न कानूनी असमानताका विरूद्धमा संगठित भई मानवअधिकार प्राप्तिका लागि जुध्न होस् वा सरकारी पक्षबाट पनि पारदर्शी र जनउत्तरदायी, दलीय प्रतिस्पर्धाको आधारमा प्रजातान्त्रिक प्रक्रियाको शुरूवात गर्न होस् यसले बाटो खुलायो। समग्रमा ०४६ सालको आन्दोलन मुलुकमा एउटा लामो सामाजिक र राजनैतिक प्रक्रियाको शुरूवातको रूपमा मैले अहिले पनि हेर्ने गरेको छु। त्यति हुँदाहुँदै पनि जनआन्दोलनले दिएको अधिकारको प्रयोग गरिरहेका हामीहरूले, त्यसबेला जस्ले अरूको अधिकार प्राप्तिका लागि आफूलाई गुमाए, ती शहीदका परिवार र घाइते आन्दोलनकारीका लागि चिन्ता नगरिदिंदा र उनीहरूको बिचल्ली देख्दा उनीहरूप्रति अपमान गरिरहेका छौं जस्तो महसूस हुन्छ खासगरी चैत महिना आउँदा।

० तपाई त्यो जनआन्दोलनमा कसरी र किन संलग्न हुनु भएको थियो?

– पहिलो त म यो मुलुकको एउटा नागरिक भएको कारण मेरो प्रमुख दायित्व थियो, जनआन्दोलनमा सहभागी हुनु। दोस्रो म त्यति बेला त्रि.वि.वि.को कर्मचारीको रूपमा कार्यरत थिएँ– शिक्षण अस्पतालमा। यस्तो ठाउँमा म बसेको थिएँ जहाँ आन्दोलनका घाइतेहरूलाई ल्याइन्थ्यो र हामी उपचार गर्दथ्यौं। घाइतेको रगतले हामीलाई पोल्थ्यो। बिस्तारै हामी कर्मचारीहरू संगठित भएर छलफल गर्न थाल्यौं र निर्णय गऱ्यौं कि घाइतेको उपचार गरेर मात्र हाम्रो दायित्व पूरा हुँदैन, सडकमा जानैपर्छ। त्यसरी अन्य क्षेत्रका कर्मचारी साथीहरू शिक्षक, वकिल, प्राध्यापक, इन्जिनियर सहित हामी स्वास्थ्य कर्मीहरू पनि संगठित भएर प्रोफेशनल सोलिडारिटी ग्रुप नामक समूह बनाएर आन्दोलनमा हाम्रो सक्रियता बढाउन थाल्यौं। त्यो यस्तो बेला पऱ्यो जुन आन्दोलनको मध्य समय रहेछ र बाहिरबाट आन्दोलनलाई हेर्नेहरू आन्दोलनको गति कम भएको होकि भन्दा रहेछन्। हाम्रो त्यो प्रोफेशनल सोलिडारिटी ग्रुपले किर्तीपुर विश्व विद्यालय हलमा चैत ७ गते एउटा गोष्ठी गऱ्यो, जहाँबाट हामी ८ सय जना गिरफ्तार भएका थियौं। मलाई लाग्छ त्यस घटनाले आन्दोलनलाई थप उर्जा दियो। यसरी सचेत नागरिक भएको कारण कसरी जिम्मेवारी पूरा गर्ने भन्ने सोच भइरहेको, मित्र मित्रबाट सहभागी भइरहेको बेला शहीद र घाइतेको रगतले पोलेर होला सडकमै जान बाध्य भयौं, कर्मचारीको लागि तोकिएको सीमाना तोडेर।

० ऐतिहासिक जन आन्दोलनको घोषित उद्देश्य वर्तमानमा स्थापित हुँदै गइरहेको मूल्य-मान्यतासंग मेल खाएको ठान्नुहुन्छ?

– मेल खाने नखाने भन्दा पनि वर्तमान यति खस्केर गएको छ कि बिगतको जन आन्दोलन, शहीद र घाइतेहरूलाई वर्तमानसंग तुलना गर्दा उनीहरूको अपमान भएको महसूस मैले गरेकी छु। किन यति छोटो अवधिमा हामीले बोकेका मूल्य मान्यता बिर्सन थाल्यौं? पंचायती शासकसंग नझुकेको स्वाभिमान आज हामी आफैंसंग किन झुकिरहेको छ? हामीले हिजो कस्को हितको निम्ति जनआन्दोलन गऱ्यौं र आज त्यसको फाइदा कस्ले लुटिरहेको छ। नेपालीले कि विदेशीले? जन प्रतिनिधिहरूको हातमा सत्ता गएर पनि किन जनघाती नीति नियमहरू अझ पनि बनिरहेका छन्? मेरो विचारमा यी यस्ता प्रश्नहरू छन् जस्ले जनआन्दोलनको घोषित उद्देश्य वर्तमानमा स्थापित हुँदै गइरहेको मूल्य मान्यतासंग मेल खान्छ कि खाँदैन सहजे जवाफ दिइरहेका छन्।

जुलुसमा नेपाली कांग्रेस र वाममोर्चाका झण्डाहरू यत्रतत्र फहराइएका थिए।

उक्त जुलुसका केही मान्छेले जुलुसलाई ठमेलतिर छिराएर असन हुँदै खुल्लामञ्चमा निकाल्नु पर्छ भनेका थिए। तर जुलुसले त्यो कुरा वास्तै गरेन र दरवारतिर मोडिन पुग्यो। शिक्षा मन्त्रालयको मुख्यद्वारमा पुगेपछि जुलुसलाई प्रहरीले रोकेको थियो। त्यतिबेलासम्ममा धेरै विदेशी पत्रकारहरू पनि जुलुसमा सामेल भैसकेका थिए। उनीहरूले क्यामरा लिएर त्यहाँको वस्तुस्थितिको फोटो खिचि रहेका थिए। जुलुस केही समय रोकियो, कारण एक प्रहरी अधिकृतले माइकबाट जुलुशलाई चेतावनी दिइरहेका थिए। अगाडि नबड्नुहोस्। अगाडि बडेमा हामी गोली चलाउन बाध्य हुन्छौं भनी जुलुसलाई संझाउँदै थिए। यतिकैमा प्रहरीले लाठीचार्ज गरे। तर धेरै ठूलो जमात भएको कारण ३०० प्रहरी त्यहाँ भेला भए। पुलिसले बारबार गोली चल्छ भनि माइकबाट भनिरहेका थिए। जनताले टेरेनन्। त्यसपछि पुनः प्रहरी थपिए। लगभग छ सय प्रहरी त्यहाँ भेला भए। सबैभन्दा अगाडिको पंक्तिमा डण्डीवाल प्रहरी थिए। त्यसपछि राइफलधारी प्रहरी थिए र त्यसभन्दा पनि पछाडि लाइन बसेका दरवारका शाही सेना हातहतियार साथ तैनाथ थिए। जुलुस कान्तिपथ भएर खुल्ला मञ्चतर्फ जान चाहन्थ्यो, तर प्रहरीले त्यसो गर्न दिएनन्। त्यतिबेला सम्ममा जुलुस निकै आक्रोशित भैसकेको थियो। त्यतिकैमा प्रहरीलाई मिचमाच गरेर कान्तिपथ हुँदै रत्नपार्कतिर खुल्लामञ्च (शहीदमञ्च) भित्र दिनको २ बजे देखि जुलुस पस्न शुरू गरेको थियो। उता त्यही समयमा कमलादीबाट किर्तिपुरको जुलुस खुल्लामञ्चतिर पस्दै थियो। त्यही अवसरमा कमलाक्षीमा गोली चल्यो। गोलीले महेश श्रेष्ठलाई ढाल्यो।

खुल्लामञ्चमा आमसभा गर्न पसेको जुलुस माइक नभएको कारणले आमसभा भइरहेको थिएन। उता पाटन र किर्तिपुरको जुलुशको अगाडि राखिएका शहीदका फोटाहरू देखेपछि जुलुस अझ आक्रोशित हुनपुगेको थियो। जुलुस धेरै ठूलो भएकोले खुल्लामञ्चमा अटेन। २ बजेदेखि खुल्ला मञ्चमा पस्न शुरू गरेको जुलुस ३ बजे सम्ममा पनि सकिएको थिएन। त्यसदिन शुक्रबार भएको हुँदा अफिस छुट्टी भएर कर्मचारीहरू पनि धमाधम जुलुसमा सामेल भइरहेका थिए। ३ बजेतिर एउटा सानो माइक आइपुग्यो। तर उक्त माइकबाट बोलेको पछाडिको कसैले पनि सुन्न सकेनन्। त्यसपछि उक्त स्थानबाट केही जनताको जुलुस दरवार घेर्न भनी दरवारमार्गतिर लाग्यो। यता खुल्ला मञ्चमा अखिल पाचौंका अध्यक्ष तुल बहादुर गुरूङ्ग, डा. मथुरा श्रेष्ठ, पत्रकार रघु पन्त, कलाकारद्वय हरिवंश र मदनकृष्ण आदिले सम्बोधन गरि रहनु भएको थियो।

दरवार घेर्न भनेर गएको जुलुस रत्नपार्कतिर पुगिसकेको थियो। जुलुश रत्नपार्कमा पुगेपछि प्रहरीसंग मुठभेड भयो। त्यहाँ लगभग २ लाख जनताको अगाडि प्रहरीको केही दम चलेन। जुलुशलाई रत्नपार्कमा छेक्न (रोक्न) नसकेपछि प्रहरी पछि हटे र त्रि-चन्द्र क्याम्पस अगाडि पुनः वार लागेर सबै बाटो छेकेर बसे, तर त्यहाँ पनि विशाल जुलसको अगाडि प्रहरीको केही चलेन।

जुलुस पूर्ण आक्रोसित भै सकेको थियो। ज्यानको मायां सबैले गुमाई सकेका थिए। जोसमा होस कसैको थिएन। उता फेरि प्रहरी पछि हटेर

दरवार मार्गस्थित महेन्द्रको सालिक अगाडि पुनः खडा भए। त्यतिबेला त्यहाँ लगभग ३०० जति मात्र प्रहरी तैनाथ थिए। करीव १२, १४ जना प्रहरीसंग राइफल थियो। त्यतिबेला बेलुकी अपरान्ह ४.३० बजेको थियो। त्यहाँ पनि जनताको विशाल जुलुसले प्रहरीहरूलाई जवरजस्ती पेलेर अगाडि बढीरहेको थियो। महेन्द्रको शालिक भन्दा अन्दाजी ७०, ८० फीट अगाडि जुलुस पुगेको थियो। उता दरवारको पश्चिमी मोहोडाबाट प्रहरीका ९ वटा ट्रक आइपुगेर त्यही अगाडि लाम लागे। ती सबै प्रहरी हातमा एस. एल. आर. राइफल थियो, तर ती सब शाही सेनाका जवानहरू थिए।

जुलुसले दरवारको अगाडि गएर राजा र रानीका वारेमा विरोध जनाएका थियो। पञ्चायत व्यवस्थालाई खारेज गरी बहुदलको माग गरिरहेका थिए। अगाडि पट्टी छ सात सय सेना राइफलसाथ पोजिशनमा थिए। प्रहरीले माइकबाट जुलुसलाई अगाडि नबढ्नको लागि अनुरोध गर्दै थिए। त्यतिकैमा जुलुसका केही मानिसले इटाले प्रहरीलाई हिर्काउन थाले। पुलिसले लाठीचार्ज गरी थाले। आमसमूहले विसौं प्रहरीलाई लछारपछार पारी अझ अगाडि बढ्न गयो। कसैले महेन्दैले सालिकमा चढेर शालिकमा ढुङ्गाले हिर्काउदै थिए। त कोही अझ अगाडि बढीरहेका थिए। पुलिसले पुनः लाठीचार्ज गरे। त्यसपछि अलिक अगाडि खडा भएका सेनाले १० राउण्ड गोली हावामा पड्काए। तर पनि जनताको जुलुश रोकिएको थिएन। त्यसपछि पुनः अगाडिका प्रहरीले लाठी चार्ज गरे। तर उनीहरूको केही दम चलेन। अतः उनीहरू दुवैपट्टी बाटाको पेटीमा केन्द्रित भए। जनताको जुलुश अझ अगाडि बढ्यो। अगाडि बसेका सेनाले एक्कासी गोली चलाउन शुरू गरे। त्यसपछि कतिले त्यही प्राण त्याग गर्नु पर्‍यो भने कतिले आजसम्म अपाङ्ग र घाइते भएर बस्नु परेको स्थिति यथावत छँदैछ। पहिले दुई जनालाई प्रहरीले भ्यानमा हाली लगि हाले। त्यतिबेला ७०, ८० पटकसम्म अश्रुग्याँस छोडिएको थियो। महेन्द्रको शालिकमा एक जनालाई खुट्टामा गोली लाग्यो। अर्को एक जनाले छातीबाट भुल भुली स्किएको रगतलाई हातले थिचेर कराउँदै थिए। नभाग साथी हो "आओ, आओ अगाडि बढौं" उहाँ त्यतिकै लरखराउन लाग्नु भयो। त्यति बेलै महाराजगंज हुँदै राजदरवारबाट एम्बुलेन्स आएको हुनाले एक विद्यार्थी नेता मीन प्रकाश मैनालीले एम्बुलेन्समा हालेर महाराजगञ्जतिर दौडाउनु भएको थियो। त्यति भएर पनि जमात पछि हटेको थिएन। अन्धाधुन्दा गोली चलिनै रहेको हुँदा त्यहाँ यतिनै योद्धाहरूले वीरगति प्राप्त गरे भनेर यकिन गर्न चांही असम्भव छ। किनभने, जुलुसको अघिल्लो भाग गोली चल्नथाले पछि तितरवितर भएको भए तापनि उक्त जुलुसपूर्ण विचलित हुनलाई निकै समय लागेको थियो। मानिसको भागाभाग हुँदा जुत्ता, चप्पल, सट, टोपी, रूमाल र सयौं मानिस घायल भएर लडेका थिए भने दर्जनौं सपुतले ज्यान गुमाई सकेका थिए। त्यसपछि सबै शहीदहरूको शबलाई प्रहरी र सेनाले कब्जा गरेको

थियो। चैत्र २४ गते कहाँ के, के भयो भन्ने यक्किन तथ्यांङ्क निकाल्न मुस्किल भएपति स्थानीय वीर अस्पतालमा मात्र बेलुकी १०२ जनालाई ल्याइएको थियो। जसमा १० जनाले वीरगति प्राप्त गर्नुभएको थियो। त्यसरी चैत २४ गते वीरगति प्राप्त गर्नेहरूमा एक विदेशी नागरिक रिर्चड हेनरी जोन विलियमले पनि जन-आन्दोलनमा कमलाक्षीमा आफ्नो ज्यान गुमाउनु परेको थियो। उहाँ बेलायती नागरिक हुनुहुन्थ्यो। उहाँको पासपोर्ट नं. ३८०८४४८ थियो। यसको अलावा नेदरल्याण्डका नागरिक क्रिश्चिना मेजेरी पनि घाइते हुनुभएको थियो।

जब दरवारमार्ग (शहीद मार्ग) बाट जुलुस तितरवितर भयो, तब पुतलीसडक डिल्लीबजार, काडमाण्डौ नगरपालिका आदि ठाउँमा पुनः जनताले हमला गरेका थिए। जनतालाई शरदचन्द्र शाह लगायतका केही व्यक्तिसंग धेरै लिनु दिनु हिसाव मिलाउनु थियो। अतः पुतलीसडकमा खड्ग विक्रमको घरमा तोडफोड गरेको थियो। डिल्लीबजार पिपलबोटस्थित मण्डलेका नेता शरद चन्द्र शाहको घरमा आगो लगाई दिएका थिए। केही सामान पिपलबोट छेउमा ल्याएर जनताले जलाई दिएका थिए। उता तत्कालीन नगर पञ्चायतलाई पनि जुलुशले केही क्षति पुऱ्याएको थियो। यत्तिकैमा बेलुकी ६ बजेतिर वीर अस्पतालका छतमा बसेका डाक्टर नर्समाथि पनि प्रहरीले गोली चलाएका थिए। उसैदिन वीर अस्पतालको एउटा कोठामा आगो लागेको थियो। त्यतिभएपछि ७ बजे रेडियोबाट कर्फ्यूको आदेश जारी गरियो। चैत २४ गते बेलुकी ८ बजे देखि २७ गते विहानसम्म मानिसहरूले राजधानीमा आफ्नै घरलाई जेल बनाएर विताएका थिए।

सत्य कुरा भन्न मान्छे बहुलाउनै पर्छ ?

- सुनील पोखरेल

(सुनील पोखरेल अभिनय कलाकार हुनुहुन्छ। ०४६ को जनआन्दोलनको समर्थनमा १ सय ५८ जना लेखक कलाकारहरूले मुखमा कालापट्टि बाँधी विरोध प्रदर्शन गरेका थिए। त्रिचन्द्र क्याम्पस प्राङ्गणमा आयोजित उक्त कार्यक्रममा पारिजात, युद्धप्रसाद मिश्र लगायत सबै सहभागीहरूलाई प्रहरीले पक्राउ गरेको थियो। त्यो विरोध कार्यक्रम पारिजात, खगेन्द्र संग्रौला, महेश मास्के, मुरारी अर्याल, हरिगोविन्द लुइँटेल, वासुदेव अधिकारी, रुद्र खरेल, अशेष मल्ल, वाशु शशी, हरि अधिकारी, प्रश्रित, महजोडी, शैलेश सायमी, आहुति, इच्छुक, रामेश, निनु चापागाई, रघु पन्त इत्यादिको नेतृत्वदायी भूमिका थियो। यसै क्रममा सुनील पोखरेल पनि हुनुहुन्थ्यो।)

० ०४६ सालको जनआन्दोलनमा एक जना कलाकारको हैसियतले तपाई पनि संलग्न हुनुहुन्थ्यो। आज त्यो आन्दोलनलाई तपाई कसरी सम्झनु हुन्छ?

- अहिलेको राजनैतिक, आर्थिक अवस्था र मूल्य मान्यताहरूलाई हेर्दा त ०४६ को जन आन्दोलन एउटा सपना जस्तो लाग्छ। र पनि, त्यस आन्दोलनलाई विभिन्न सिद्धान्त बोकेका राजनैतिक शक्तिहरूले निरंकुशताका विरूद्ध एकता र प्रजातन्त्रको समर्थनमा जनताको दह्रो पाइलाका रूपमा सम्झिने गरेको छु।

० ०४६ सालको आन्दोलनको जन अपेक्षा के थियो, स्वासगरी कला / साहित्यका सन्दर्भमा?

- कला र साहित्यका सन्दर्भमा, अझ विशेषगरी रंगकर्मीका सन्दर्भमा अभिव्यक्तिको स्वतन्त्रता, काम गर्न पाउने वातावरण- हाम्रा अपेक्षाहरू यिनै थिए। मुलुकको एउटा सांस्कृतिक नीति बन्ला, लोक संस्कृतिको संरक्षण होला, विचार र प्रस्तुति दुवै स्तरमा नेपाली रंगकर्मीले एउटा बाटो बनाउला भन्ने आशा पनि थियो।

० ८ वर्षपछि आज मूल्याङ्कन गर्नुपर्दा त्यो अपेक्षा वा मूल्य मान्यता स्थापित भयो वा विस्थापित, तपाई कस्तो महसुस गर्दै हुनुहुन्छ?

- बाँकी कुरा त हावा भेहाल्यो, तर अभिव्यक्तिको स्वतन्त्रता हामीले पाएका छौं। सबै ठाउँका, सबै जनाको त म भन्न सक्दिन, तर शहरमा बस्ने, केही शिक्षित म जस्ता मान्छेले चांहि पाएका छौं, अब ठूलो एउटा समस्या अगाडि उभिएको पाउँछु- यो स्वतन्त्रतालाई के गर्नु?

मूल्य वा मान्यता भन्ने कुरा चाँहि मैले बुझ्न छोडेको छु, मूल्यको अर्थ दाम वा मोल हो भन्ने कुरा राजनैतिक दल वा नेताहरूले हामीलाई बुझाइसकेका छन्।

अभिव्यक्ति कै कुरामा समेत अचेल एउटा प्रश्न मेरा अगाडि सधैं आईरहन्छ- हाम्रो जस्तो समाज/मुलुकमा मनमा लागेका सबै सत्य कुराहरू भन्न मान्छे बहुलाउनै पर्छ। बहुलाउनका निम्ति पनि के अभिव्यक्ति स्वतन्त्रता वा प्रजातन्त्र नै चाहिन्छ र? ●

जनआन्दोलनका शहीद र घाइतेहरु :

अझै खाटा बस्न सकेको छैन

रघुनाथ लामिछाने

फोटो : रघुनाथ लामिछाने

वर्तमानः आशाको दियालो निभि सकेको छैन

यसरी सैयौं शहीदहरूको तप्त वलिदानको जगबाट अन्ततः ०४६ साल चैत २७ गते बहुदलीय प्रजातानित्रक व्यवस्था पुनरस्थापित भयो। आन्दोलनकारी शक्तिको संलग्नता तथा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम मन्त्री मण्डल गठन भयो। नयाँ प्रजातांन्त्रिक संविधान बन्यो, र ०४८ सालमा संसदीय निर्वाचन भयो। ३१ वर्षको पञ्चायती कालरात्रीबाट मुक्त भई देशमा प्रजातन्त्र पुनर्स्थापित भएको आठवर्ष नाघि सक्यो तर जनताको जीवनस्तरमा कुनै ठोस परिवर्तन आउन सकिरहेको छैन। मुलुक एकपछि अर्को गर्दै विसंगत परिस्थितिको अँध्यारो गर्ततिर भासिदैंछ। जस्को अदम्य वलिदानबाट यो मुलुकमा प्रजातन्त्रको नयाँ क्षितिज खुल्यो, उनीहरूकै परिवारजन र लालावालाहरू सडक पेटीमा भिख मागेर, वा होटेल र रेष्टुराँमा भाँडा माजेर गुजारा गर्न वाध्य छन्। समय यति कृतध्न हुँदै गइरहेको छ, कि यति छिट्टै ती वलिदान, समर्पण र त्यागका गाथाहरू हामी विर्सदै जादै छौं। हिजोका प्रतिगामी शक्तिहरू, आन्दोलनको विपक्षमा उभिएकाहरू, आन्दोलनकारी जनतामाथि गोली दाग्नेहरू, प्रजातन्त्रप्राप्तिको अभियानमा जुटेकाहरूमाथि खुनी हमला गर्नेहरू सत्तामा पुनरस्थापित हुन पुगेका छन्। उनीहरू नै हामीलाई प्रजातन्त्रको पाठ पढाइरहेका छन्। यो शुभ संकेत हुँदै होइन। आन्दोलनको मोहरीबाट आएका राजनेताहरू आस्था र विश्वासको धरहराबाट खस्न थालेका छन्। उनीहरूका कृयाकलाप, चरित्र र परिवर्तित आचरण एवं व्यवहारले विस्तारै जनतामा वितृष्णा र आक्रोश सृजना गर्दैछ।

आन्दोलनबाट स्थापित प्रजातन्त्रलाई सुदृढ बनाउन र संरक्षण गर्न आन्दोलनकारी शक्तिहरूवीच सहमति र समझदारीको आवश्यकता पर्दछ। प्रजातान्त्रिक शक्तिहरू बीचको आपसी बेमेल र अनावश्यक खिचातानीले पनि हाम्रो मुलुकमा धेरै ठूला अनिष्टहरू निम्त्याइरहेको छ। तर पछिल्लो चरणमा हाल देखा परेको सहमति र समझदारीको वातावरण आशाको धपिधिपे दियालो हो। पञ्चायती कालो कहरमा संगसंगै हातमा हात र काँधमा काँध मिलाई मैदानमा जुटेका कम्यूनिष्ट र कांग्रेसका वीच - एकले अर्कालाई निषेध गर्ने मानसिकताबाट मुक्त हुने केही लक्षणहरू यो आठ वर्ष पछि बल्ल देखा परेको छ। संसारको कुनै पनि मुलुकमा प्रजातन्त्र स्थापित भएपछि त्यसको संरक्षण र सम्बर्धनको निम्ति आन्दोलनमासरिक दलहरू नै लामो समयसम्म संगै सहकार्यमा जुट्ने गरेको पाइन्छ। यो पाठ हाम्रा प्रमुख राजनीतिक दलहरू र राजनेताहरूको निम्ति उपयोगी हुने छ। नत्र जनताले फेरिपनि विरोध र विद्रोहको प्रचण्ड आँधी सृजना गर्न सक्छन् भन्ने कुरा कसैले विर्सनु हुन्न। ०४६ सालको जनआन्दोलनलाई संझनुको सार्थकता पनि यसैमा अन्तरनिहित छ।

सन्दर्भश्रोत/फोटो श्रोत

१. जनआन्दोलन र शहीदहरू - नारायण प्रसाद शिवाकोटी

२. प्रजातन्त्रको उदय- आन्दोलन सम्बन्धी सचित्र सामाग्री

शहीदको उचाई

शहीद शब्द नै स्वार्थरहित अर्थ बोकेको शब्द हो। यो शब्द यही महानताका कारण सबैभन्दा उच्च स्थानमा छ र यसको महत्व यही कारण पनि दुई अनुच्छेद त के २,४ वटा किताबमा पनि सीमित हुन सम्भव छैन। त्यसैले वर्तमान नेपालको आधारभूमि खडा गर्न आफ्नो रगत सिंचित गर्ने राणा विरोधी आन्दोलनका शहीददेखि लिएर जनकपुर बमकाण्ड, ०१८ सालको सशस्त्र संघर्ष हुँदै र दर्जनौं काण्ड पार गर्दै २०४६ सालको ऐतिहासिक जनआन्दोलनसमेतमा आफ्नो जीवन राष्ट्रका लागि आहुति दिने शहीदहरूको त्याग र बलिदान कुनै पनि अर्थमा कम छैन। मातृभूमि भन्दा प्यारो यो दुनियामा आजसम्म अर्को कुनै बस्तु देखा पर्न सकेको छैन। शहीदहरूले राष्ट्र र राष्ट्रियताका लागि आफ्नो जीवन त्यति महत्वपूर्ण नै मानेनन्। उनीहरूले राष्ट्रलाई हामीले के दियौं? भन्ने प्रश्नको उत्तर व्यावहारिक तवरबाटै प्रस्तुत गरे। परिवार, समाज, धन, सम्पत्ति र अन्य चीज उनीहरूका दृष्टिमा राष्ट्रको तुलनामा फिका सावित भयो। अन्याय, अत्याचार, शोषण र उत्पीडन उनीहरूले खप्नै सकेनन्। फलस्वरूप तानाशाही सत्ताको उन्मादमा उनीहरू हाँसी हाँसी बलि चढ्न तयार भए। र, संसारको सबैभन्दा अग्लो सगरमाथा भन्दा पनि माथि आफ्नो आसन जमाउन सफल भए। इतिहासका सुनौला अक्षरबाट सुसज्जित हुन पुगे।

शहीद परिवारको र घाइतेहरुको वर्तमान अवस्था

राष्ट्रका लागि शहादत प्राप्त गर्ने शहीद र घाइतेहरूमध्ये २०४६ सालको आन्दोलनसंग सम्बन्धित केही व्यक्तिहरूको वर्तमान अवस्थाबारे यहाँ केही उल्लेख गर्न लागिएको छ। किर्तिपुर निवासी लनबहादुर महर्जन २०४६ सालको आन्दोलनमा सक्रिय भएर लाग्दा प्रहरीको गोलीबाट शहीद भएका थिए। २ छोरी, २ छोरा र श्रीमती रहेका लनबहादुरको परिवार यतिखेर येनकेन प्रकारेण गुजारा चलाउँदै छ। हिमाल सिमेन्टमा जागिरे लनबहादुरका जेठा छोरा आशिन्द्रलाई हिमाल सिमेन्टले बाबुको भन्दा कम पदमा रोजगारी दिएको त छ तर त्यो तलब उनको परिवार धान्न पर्याप्त छैन। बाबुको शहादतपछि घरको जिम्मेवारी धान्नुपर्ने भएकाले आशिन्द्रको पढाइ एसएलसी भन्दा माथि उक्लन सकेको छैन। पढाइमै यसरी बाधा खडा भएपछि भविष्य पनि उज्वल हुनसक्ने खासै सम्भावना नरहने आशिन्द्रको सोचाइ छ। उनी भन्छन्- के गर्ने असरी पनि चल्नु नै पर्दोरहेछ।

विवाह नै नभइकन शहीद हुन पुगेका हिराकाजीका न बाबुआमा छन्, न भएका दुई भाइकोअवस्था संतोषजनक छ। खासै खेतीपाती पनि नभएको उनको परिवारका दुई भाइमध्ये १ भाइ लाटो छन्, दुबैको कुनै आर्थिक आय आर्जन छैन। सोझो अर्थमा भन्दा उनको परिवारको हालत विचल्लीबाटे गुज्रिरहेको छ।

जनआन्दोलनमा भक्तपुरमा शहादत प्राप्त गर्ने राजकुमार सुवालको ९ वर्षिया एकमात्र छोरी आर्थिक अभावका कारण शिशु स्याहार केन्द्रमा बस्न बाध्य छिन। किर्तिपुरका ९ वर्ष नै पुगेका वीरमान माली २ कक्षामा पढ्ने भएका छन्। बाबुको अनुहार ढुंगाको मूर्तिमा मात्र देखेका वीरमान बेला बेलामा आफ्नी आमा कृष्णदेवीसंग बाबुको बारेमा सोधखोज गर्ने भइसकेका छन्, तर साह्रै दरिद्र अवस्थाको कृष्णदेवी अवरूद्ध गलालाई शान्त पार्दै छोरालाई प्रसंगबाहिर कुरा मोड्ने बाध्य छिन र कृत्रिम हाँसो हाँस्छिन् कि छोराले एक दिन त पक्कै कसो सुखका दिन अनुभूत गर्ने बहार नल्याउला।

शहीद राजेन्द्र महर्जनकी आमा ज्ञानीमाया, बाबु र एक भाइ भएको परिवार छ। २ रोपनीमात्र खेती भएको यो परिवारमा निरोगी भाइ सुरेन्द्रमात्र हुन् । उनको पनि जागिर छैन, पढ्दैछन् र उल्टो पैसा नै चाहिएको छ। परिवारको दयनीय अवस्था देखेर आर्थिक गुजारा चलाउन सिकर्मी काम सिक्दै गरेका राजेन्द्रलाई मारिएपछि उनको पूरै परिवार किंकर्तव्यविमुढ भएको छ। विहानको चलाए बेलुकाको र बेलुकाको चलाए विहानको छाक के गरी टार्ने भन्ने चिन्तामै शहीद राजेन्द्रको परिवार यतिखेर केन्द्रित हुन बाध्य छ।

०४६ सालको जनआन्दोलनमा हानिएको गोली अझै पनि तिघ्रामा लिएर हिड्न बाध्य राजमान शाक्य सम्बन्धित भनिने निकाय धाउँदै वाक्क भइसकेका छन्। मेडिकल बोर्डको सिफारिसमा बाहिर उपचार गराउन भनी ८ हजार सरकारी सहायता पाएका उनले हजारौं रूपैयाँ खर्चिइसकेका छन्। तर पनि उनको शरीरभित्रका सम्पूर्ण गोलीका टुक्रा निकाल्न सकिएको छैन। काठमाण्डौ मूलपानीका राममणि अधिकारीको शारीरिक अवस्था यतिका वर्ष वितिसक्दा पनि तन्दुरूस्त हुन सकेको छैन। उनी ०४६ कै जनआन्दोलनमा प्रहरीको कुटाइबाट घाइते भएका थिए। ०४६ सालको आन्दोलनमा परी हात खुट्टा गुमाउनु परेका, मानसिक स्थिति गुमेका र अंगभंग भएका सयौं व्यक्ति अहिले पनि फुटपाथमा ट्वाक्रो थापेर दयाको भिख मागिरहेको देख्न सकिन्छ। शहीद पुष्प नापितकी ६ वर्षिया छोरीको ट्वाक्रो थापेर माग्न हिंडिरहेको केही समयअघिको दृष्यले धेरैलाई हतप्रभ पारेको थियो।



शहीद पुष्प नापितकी ६ वर्षीय छोरी मृतक बाबुको फोटो र "विचल्लीमा छु, सहयोग गरिदिनोस्।" भन्ने व्यहोराको कागज विछ्याएर मागिरहेकी देखिन्थिन् । थाहा छैन उनी अहिले के गर्दै छिन् ।

सहयोग कहाँ कहाँबाट ?

सरकारले शहीदलाई १ लाख रूपैयाँ र घाइतेहरूलाई अवस्था हेरी तत्काल केही सहयोग गरेको भए पनि त्यतिमै आफ्नो कर्तव्य पूरा भएको ठानेको छ। त्यसपछि सरकारी तवरबाट शहीदको परिवार एवं घाइतेहरूको हितका खातिर केही प्रयास भएको पाइन्न। तत्कालीन क्षतिपूर्ति पनि

घाइते तारा खड्का अझै घाइते नै छन्



२०४६ सालको जनआन्दोलनका घाइते २९ वर्षिय तारा खड्का अहिले पनि उपचार विहिन अवस्थामा छन्। तारा खड्का ०४६ चैत २४ गतेको राजदरवार अगाडि दरवार मार्गको महेन्द्रको सालिकमा पुगेको जुलुशका सहभागी मध्ये एक हुन्। उनलाई प्रहरीको गोलीले खुट्टामा लागेको थियो। त्यसपछि पनि उनलाई अनेकौं प्रकारका यातनासहित प्रहरी हिरासत (हनुमान ढोका) मा राखिएको थियो। उनी आफ्नो उपचारको पीडाले मानसिक रूपमा समेत कमजोर हुन थालेका छन्। उनी रूकुम खलंगामा जन्मेको र विभिन्न रूपमा काठमाण्डौ आइपुगेका व्यक्ति हुन्। ०४६ सालमा तारा विद्यार्थीका रूपमा आन्दोलनमा सहभागी भएको बताउँछन्। उनको बारेमा धेरै चर्चा र विवाद भइसकेको छ। तर उनको पीडा यथावतै रहेको छ। एउटा खुट्टा काटेर फालिएका ताराको दायाँ हात समेत चल्दैन। दाङ तुल्सीपुरमा विवाह गरि एक छोरा समेत भएको बताउने तारा आफ्नो छोरा पनि उपचारका लागि पैसा दिने प्रलोभनमा कुनै एक व्यापारीले नेपालगञ्ज लगेको तर ४-५ वर्ष देखि छोरो समेत बेपता भएको र श्रीमती कहाँछिन् थाहा नभएको बताउँछन्। उनलाई दिइएको यातनाको कुरा सुन्दा जो कोहीको आङ् सिरिङ्ग नै हुन्छ। उनलाई घाइते अवस्थामा हिरासतमा छाला ब्लेडले चिर्ने, घाउमा नून खोर्सानी हाल्ने, करेण्ट लगाउने जस्ता यातना दिइएको उनी बताउँछन्। अहिले उनको शरीरले कुनै अनुभव गर्दैन भने जीब्रोले पनि स्वाद थाहा पाउँदैन। उनको बारेमा देशका प्रधानमन्त्री, मन्त्री देखि लिएर राजनीतिक दलका नेता वा अन्य क्षेत्रलाई समेत धेरै कुरा थाहा छ। तर उनको समस्या प्रति कसैले पनि केही गर्न नसकेको अवस्था छ। हाल उनी ललितपुर जावाखेलस्थित स्व. फादर ग्याफ्नेको आश्रममा आश्रित छन्। तारा खड्का ०४६ सालको जनआन्दोलनको पनि ऐतिहासिक घटनाका रूपमा लिइने चैत २४ गतेको घटनाका सम्बन्धमा धेरै नयाँ कुराहरू पनि बताउन सक्छन्। उनले बताएका कुराहरूका सम्बन्धमा पनि छुट्टै खोजविन हुनु पर्ने देखिन्छ। उनले त्यसबेलाका घाइते, बेपता पारिएका र हत्या गरिएकाहरूको जुन नाम बताउँछन्, ती नामहरू अहिलेसम्म सार्वजनिक हुन सकेका छैनन्। ●

जनआन्दोलनका ज्युँदा शहीद राजमान शाक्य अझै तिघ्रामा गोली लिएर बाँचिरहेका छन् ।

घाँधलीरहित हुन नसकेको भनी बारम्बार प्रश्न उठाइदै आएको पाइन्छ।

लनबहादुरका छोराछोरीलाई टुरिष्ट गाइड एसोसिएसनले २ वर्षसम्म पढ्न छात्रवृत्तिको व्यवस्था गरेको थियो। सरकारद्वारा दिइएको १ लाख रूपैयाँ आमाको नाममा बैंकमा राखिएको जानकारी पनि आशिन्द्रले दिए। किर्तिपुरको पुष्प सदन र मंगल माविले भाइ बहिनीलाई सहयोग गरेकाले उनी कृतज्ञ छन्। त्यसैगरी हिलटाउन प्राविले वीरमानलाई छात्रवृत्ति दिएर गुण लगाएको छ भने पहिले साफर र अहिले किर्तिपुर नगरपालिकाले जागिर दिएर राजमानकी विधवा कृष्णदेवीलाई ठूलो गुन लगाएका छन्। शहीद राजेन्द्र महर्जनका भाइ सुरेन्द्र भन्छन्- स्कूलले छात्रवृत्ति त दियो तर कक्षा शुल्कबाहेक सबै तिर्नुपर्ने भएकाले हामीलाई खासै राहत भएन, किनकि अहिले कक्षा शुल्क भन्दा अन्य शुल्क नै बढी हुन्छ।

कृष्णराम दुवाललाई दिइएको एक लाखमा थप २५ हजार रूपैयाँ फेरि दिइएको तर शहीदको आमा र श्रीमती बीच कुरा नमिलेको कृष्णरामका दाजु पूर्णभक्तले बताए। शहीद निर्मल शाक्यका पितालाई भने मानवअधिकारवादीहरूले सहयोगस्वरूप १५०० रूपैया दिएका थिए तर त्यो पैसा उनले सार्वजनिक कार्यका लागि चन्दा दिएको कुरा बाबु ज्योतिबज्र बताउनु हुन्छ।

शहीद त ज्या.....

"प्रजातन्त्र छोराले ल्याइदिएकोमा सरकारले मलाई १ लाख रूपैयाँ दिएको छ, शहीद भनेका ज्यामी रहेछन्, उनीहरूले प्रजातन्त्र ल्याउने काम सके रं ज्याला पाए"-शहीदको भावनाको कदर गर्नुको सट्टा उनीहरूलाई किन्ने दुःसाहसका विरूद्धको यो टिप्पणी हो शहीद निर्गुण स्थापितकी आमा मैयाँको छातीमा गोली लागेर उपचार गर्न २५ सय रूपैया पाएका किर्तिपुरकै राजु श्रेष्ठ भन्छन्-हाम्रो बलिदानको, त्यागको भौतिक क्षतिपूर्ति हुनै सक्दैन, सरकारले हामीलाई के सहयोग दिन सक्छ? सरकारले दिन सक्ने सहयोग भनेको त मात्र मानसिक क्षतिपूर्ति हो, खोई त्यो दिन सकेको? उनले उक्त २५ सय रूपैया पनि नलिएर आफ्नो उदारता व्यवहारमै प्रष्ट पारे पनि।

के माग छ पीडितहरुको ?

"ठीकै छ, हाम्रो परिवारको एक जना सदस्यले प्रजातन्त्र बहालीका लागि ज्यान नै अर्पण गर्नु यो, हामी यसमा गौरव नै गर्छौं तर अहिलेको सरकार किन शहीदका भावनाविपरित मात्र हिंडिरहेको छ? दुई करोड नेपाली भएको ठाउँमा २ सय मात्र मोटाउने व्यवस्था नै उनीहरूको बलिदानीको लक्ष्य थियो त?"- लनबहादुरका शिक्षित छोराको यो प्रश्नले सबैलाई झकझकाउन प्रेरणा प्रदान गर्छ। उनी प्रथमतः वर्तमानमा देखिएका राजनीतिक विकृतिविरूद्ध दिक्क छन्। उनको भनाई अनुसार शहीदका परिवारलाई गरीखाने बाटो गरिदिए हुने थियो भन्ने चाहना राख्छन्।

शहीद राजेन्द्रका भाइ भन्छन्- शुरूमा सरकारले र विभिन्न संघसंस्थाले जागिर दिन्छौं भने, क्याम्पस पनि विहान पढें, तर ख्वै? यत्रा वर्ष वितिसके। उनी निराश छन्। नत सुध्रदो छ व्यवस्था, न जागिर- उनको असन्तुष्टि व्यापक छ। निर्गुणको आमा मैयाको भनाइ छ- सरकारले ज्याला बाहेक अरू केही सम्झेको छैन बलिदानलाई। यस्तो अवस्थामा के को सहयोग। कृष्णदेवी भन्छिन्- भएको जागिर स्थायी भए र छोराको लागि पठनपाठनको व्यवस्था भए हुन्थ्यो। साँझै कठिनसंग गुजारा धानेकी उनलाई बस्नकै लागि पनि समस्या रहेको छ। समग्रमा भन्नुपर्दा सबै पीडितहरूको एउटै भनाइ के रहेको पाइन्छ एक त सरकारी तवरबाट उनीहरूका लागि नियमित आम्दानीको श्रोतको व्यवस्था गरिए हुन्थ्यो, अर्को कुरा वर्तमान राजनीतिमा देखिएको सत्ता लुछाचुँडीको अन्त्य पनि चाँडै होस्। उनीहरूको यो पवित्र चाहनाको पूर्ति भने कहिले हुने हो?

शहीद परिवाहरूसंग भेटघाटका क्रममा कसैले पनि वर्तमान राजनीतिक परिपाटीमा हुर्किरहेको धन आर्जन गर्ने होड र लक्ष्य र चाहना विपरितको यो हंकाइले राजनीतिज्ञहरूलाई शहीदहरूले सराप मात्र गर्ने कुरा बताउन चुकेनन्। उनीहरूको आर्थिक गुजारासंगैको प्रजातन्त्र र राष्ट्रियताको चिन्ता पनि प्राप्तः सबैमा विम्बित भएको पाइयो।

शहीदका परिवारलाई र घाइतेलाई लागेको जति देशको माया पनि उनैसंग हातमालो गरेर आन्दोलनमा सहभागी भएका नेताहरूलाई किन लाग्न सकिरहेको छैन? विभिन्न स्कूल र स्थानीय निकायले सहयोग पुऱ्याउन सक्छ तर सरकारले किन यिनलाई हेर्दैन? नयाँ खोलिएका नगरपालिका र निकायहरूमा केही दर्जन परिवारका केही सदस्यलाई सरकारले जागिरको चाँजो मिलाउन सक्दैन? ताकि एउटै संस्थानमा केही महिनामै सयौं राजनीतिक कार्यकर्ता भर्ना गरिन सक्छन्। केही महिनामै लाखौं धन "आर्जन" गरेर शक्तिशाली कर्डलेसकासाथ पजेरोमा सयर गर्न सक्ने नेता, राजनीतिज्ञहरूले शहीदका नाममा जम्मा भएको धनलाई समेत किन विना कन्जुस्याँइ वितरण गर्न सक्दैनन्? के नेताहरूलाई ब्रह्मलुट गर्ने पंक्तिको नाइके फेर्नका लागि जनताले आन्दोलनद्वारा रूपान्तरण मात्र गरेका हुन्? यी यावत् प्रश्नहरू उठाइरहेका छन्- अहिले शहीद परिवार र घाइते मुखहरू।

अन्त्यमा, एक जना शहीदका आफन्तको विचल्ली देखेर केही राहत मिलाइदिन अनुरोध गर्दा एक जिम्मेवार नेताले भनेको वाक्य "के तेरो मरेको फलानोलाई म विउँताइदिउँ" को स्मरण गर्दै यति भनौं- सभाको शुरूवातमा १ मिनेट मौन धारण गरेको भरमा शहीदको सम्मान हुन सक्दैन, आफ्नै इतिहास फेरि एक पटक अध्ययन गरौं, राजनीतिज्ञहरूलाई चेतना भया।

शहीद लनबहादुरका छोरा आशिन्द्र महर्जन

शहीद कृष्णरामको दाजु पूर्णभक्त दुवाल

शहीद निर्गुण स्थापितकी आमा मैया स्थापित



शहीद राजेन्द्र महर्जनकी आमा

शहीद राजमान मालीकी पत्नी कृष्णमाया माली



शहीद हिराकाजी महर्जनका भाई

तस्करको आचरण र राजनेताको आचरणमा भिन्नता हुनै पर्छ

- वासुदेव ढुंगाना
वरिष्ठ अधिवक्ता

० २०४६ सालको जनआन्दोललाई तपाई आज कसरी संझनु हुन्छ?

- २०४६ सालको जनआन्दोलनको सन्दर्भमा कुरा गर्दा त्यसको पृष्ठभूमिलाई हेर्नु पर्दछ। किनभने त्यो पृष्ठभूमि एउटा त्यस्तो वातावरण थियो जहाँ मानिसले स्वच्छन्द तरीकाले आफ्नो अभिव्यक्ति गर्न पाउने अधिकार, सीमित भएर गइरहेको थियो, कुण्ठित भएर गैरहेको थियो। जहाँ अभिव्यक्ति गर्न पाएन त्यहाँ प्रशासनले जे जस्तो गरेतापनि ती कुराहरूलाई विरोध गर्ने वातावरण नै सिमीत भएको थियो। यसले गर्दा सर्वाङ्गिण विकासको निम्ति पनि बाधा खडा भयो। अर्थात मूल रूपमा भन्ने हो भने मानवअधिकारका मूलभूत कुराहरू लोप हुँदै गैरहेको थियो। त्यसैको विरूद्धमा संयुक्त रूपमा एउटा आन्दोलनको तयारी भयो। कुन चाहिं वर्ग पछाडि पऱ्यो त त्यो आन्दोलनमा सहभागी नहुने? भनेर खोज्नु पर्ने भयो। भएभरका सम्पूर्ण सम्मिलित भए। पञ्चायत मै रहेका पनि केही शिथिल भएर रहे। केही सिमित व्यक्ति बाहेक आन्दोलनको विरोध गर्न अगाडि आएनन्। जस्को नतिजा यही थियो कि आन्दोलन धेरै समय हुनु परेन, चैत २४ गतेको अन्तिम जुलुस हो, त्यसले नै निर्णयक भूमिका खेल्यो। त्यसैले अहिलेको सन्दर्भमा हेर्दा, अभिव्यक्तिको स्वतन्त्रता त छ तर सार रूपबाट मानवअधिकार सम्बन्धी कुराहरू त्यो अभिव्यक्ति स्वतन्त्रको निम्ति चाहिने हो, आर्थिक उन्नतिका रूपहरू, रोजगारीका अवसरहरू, र अभिव्यक्ति गर्ने ठाउँ र रूपहरू ती हामीले प्राप्त गर्न सकेका छैनौं। केही क्षेत्रमा अगाडि बढेतापनि त्यो सिमीत छ। निर्वाचनहरू भए, संस्थागत रूप त खडा छन् तर त्यो संस्थागत रूपले जुन कुरा दिनुपर्ने थियो त्यो दिन सकेको छैन।

० यस्तो हुनुको मूल कारण चाहिं के हो जस्तो लाग्छ तपाईलाई ?

- २०४६ सालको आन्दोलनमा केही मुठीभर व्यक्ति बाहेक सबैको सहभागिता थियो। सबैले त्यो अवस्थालाई परिवर्तन गर्नु पर्छ भनेर आएका थिए। त्यो त नयाँ नेपालको निर्माणको निम्ति आएको आन्दोलन थियो। नयाँ निर्माणको निम्ति भएको आन्दोलन कुन विन्दुमा आयो? यो यहाँ सम्झने पर्दछ। त्यस अघि पनि आन्दोलनहरू त नभएका होइनन्। तर वामपन्थीले गरेको आन्दोलनलाई कांग्रेसले विरोध गर्ने, कांग्रेसले गरेको आन्दोलनलाई वामपन्थीले विरोध गर्ने, यसरी एकमत हुन नसकेको हुँदा देशमा निरंकुशता टिकिरहयो। निरंकुश स्थितिलाई हटाउनको निम्ति ती दुई शक्ति एक भए तब बाहिर स्वतन्त्र रूपले बसिराख्नेका व्यक्तिहरू पनि सम्मिलित हुन आइ पुगे र आ-आफ्नो ठाउँमा आन्दोलनमा सरिक भएर आन्दोलनलाई सफलताको मोडमा ल्याइ पुऱ्याए। त्यसैले अहिलेको स्थिति भन्दा पनि संझना कहाँनिर आउँछ भने अहिले पनि देश कहाँ निर छ - देशमा आवधिक निर्वाचन गर्ने निर्वाचित भएका मानिसहरूलाई जहाँ जता जान मन लाग्यो त्यतै जान दिने बाटो बनाउने बाहेक अरू केही बनाएनौं कि? जनताको भावना त्यता पट्टि छ। हामी कसरी र कहाँबाट निर्वाचित भएर आयौं, हाम्रो के दायित्व हो भन्ने कुरा तर्फको जिम्मेवारीलाई हृदयंगम गरेर २०४६ सालको आन्दोलनसंग दाँजेर सँझि दिए भने यसले एउटा बाटो पहिल्याउँछ। त्यसो गरेमा मात्र सबै संयमित हुन्छन्, र छाडापनलाई कसरी नियन्त्रित गर्ने भन्ने कुरा प्रष्ट हुन्छ। ०४६ को आन्दोलनलाई संझनुको मूल अर्थ पनि यही नै हो।



राजनीतिमा रहेको मूल्य र मान्यतामा अलिकति मात्र गाँठो खुस्कियो भने चौतर्फी प्रभाव पर्दछ । वर्तमान यसैको परिणति हो भन्ने मलाई लाग्छ । ०४६ सालपछि निर्वाचित सरकारले नै देशलाई हाँकेर लिएर जानु पर्ने हो । त्यो भइरहेको छैन ।

प्राची-वार्ता

० आन्दोलनमा तपाईको संलग्नता कस्तो रूपमा रहेको थियो? एकै छिन्। त्यसलाई पनि स्मरण गरौं कि ?

- २०४६ को आन्दोलन भन्दा हामी कानून व्यवसायीहरूले जहाँ पनि मानवअधिकारको हनन् भइराख्नेको बेलामा हाम्रो जानकारीमा आउनासाथ अदालतको ढोका चहार्दै जान्थ्यौं। त्यो जुन सुकै अदालतको ढोका चाहरे पनि कतिपय ठाउँमा अदालतबाट केही सहायता पायौं तापनि अन्तत्वगत्वा अभिव्यक्तिको स्वतन्त्रता सम्पूर्ण जनताले नपाइकन, त्यसलाई संगठित रूपले विरोध गर्न पाउने र संगठित रूपबाट अभिव्यक्ति गर्न पाउने र संगठित रूपबाट आफ्ना प्रतिनिधिहरूद्वारा आवधिक निर्वाचन गरी कुनै सरकारमा पठाउन पाउने व्यवस्थाको सृजनाको अभावमा अरू कुरा केही पनि मान्य हुँदो रहेन छ भन्ने कुरालाई वार एसोसियसनले २०४५ सालमा भएको एउटा सम्मेलन मार्फत महसुस गऱ्यो। त्यही सम्मेलनले अहिलेको अवस्थामा बहुदलीय व्यवस्था बाहेक मानवअधिकारको सुरक्षा गर्न अरू कुनै उपाय छैन भन्ने सोंच अघि सारेको थियो। त्यो सम्मेलनको अध्यक्षता मैले गरेको थिएँ र त्यही सम्मेलनबाट म वारको अध्यक्षमा निर्वाचित भएँ। बारको अध्यक्षको हैसियतले जे जस्ता कार्यक्रमहरू संचालन गर्नु पर्ने थियो, त्यो भए। एउटा सानो कुरा उदाहरण म के दिन चाहन्छु भने- फागुन ७ गते शुरू भएको आन्दोलनमा हाम्रो पनि सहभागिता रहँदै आएको छैदैथियो। बीचमा कार्यक्रम केही ग्याय रहयो। ग्याय भएको अवस्थामा हामीले के देख्यौं भने सर्वोच्च अदालतको प्राङ्गणमा नै मुखमा कालो पट्टी बाँधेर मौन विरोध गर्ने, अभिव्यक्ति स्वतन्त्रता यहाँ छैन भनेर सर्वोच्च अदालतको प्राङ्गणमै गरेपछि त्यसले एउटा नयाँ बाटो लिन्छ भन्ने कुरा हामीले सोच्यौं। त्यो कार्यक्रममा झण्डै २ सय जना जति कानून व्यवसायीहरूले भाग लिए। त्यसले अन्तर्राष्ट्रिय रूपमै प्रचार पनि पाएको थियो र त्यसले तत्कालै अर्को रूप पनि लियो। मलाई आज पनि संझना भइरहेको छ कि एउटा कुनै बेलामा एउटा खास कार्यक्रमले पनि कति ठूलो महत्व र योगदान पुऱ्याउन सक्दो रहेछ। त्यसको साथ साथै अन्य विविध कार्यक्रमहरू पनि वारले सञ्चालन गरेको थियो। चैत २४ गते नै, क्षेत्रीय अदालतबाट सर्वोच्च अदालत जाने क्रममा सम्पूर्ण कानून व्यवसायीहरूले छातिमा प्लेकार्ड र पोष्टर ब्यानर बोकेर हिंडेको त्यो जुलुसलाई त्रिचन्द्र कलेज पुगेपछि प्रहरीले पक्राउ गरी पुलिस क्लबमा

थुनिएको थियो। यसले आन्दोलनमा एउटा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

० जनआन्दोलनको अपेक्षा र वर्तमान स्थितिलाई तपाईं कसरी आँकलन गर्नु हुन्छ?

– त्यो बेलाको आन्दोलनले जुन मूल्य र मान्यताको परिकल्पना गरेको थियो। एउटा खुल्ला र न्यायपूर्ण समाजको परिकल्पना गरेको थियो। त्यसमा अहिले खुल्ला समाज त देखा पऱ्यो, पहिलो एउटा प्राप्ती त यही हो। तर खुल्ला समाज भन्नाले यो अनियन्त्रित त होइन। नियन्त्रण त हुन्छ तर त्यो नियन्त्रण देश निर्माणको लागि हुनु पर्छ। नियन्त्रणलाई अर्को सीमामा पुऱ्याउनु हुन्न फेरि तानाशाही व्यवस्था हुन जान्छ। जुन आवधिक निर्वाचनबाट निर्वाचित प्रतिनिधिहरू छन् तिनको नियन्त्रण गर्ने आधार के हो त? पहिलो कुरा त आफूले आफैंलाई नियन्त्रण गर्नु पर्छ, किन भने कुन उद्देश्य प्राप्तीका लागि हामी निर्वाचित भएर आएका छौं। कहाँ निर पुग्ने हो भन्ने कुरामा त्यो नियन्त्रणको गाँठो खुकुलो हुँदा छाडापन हुन गयो। त्यो छाडापनले जुन किसिमको मूल्य र मान्यताका निम्ति आन्दोलन भएको थियो, क्रमशः आज ती सबै खुस्किए। र अहिले कसरी शक्तिमा पुग्ने, शक्तिको होडबाजी र कसरी रातारात धनी हुने भन्ने कुराहरू मै अग्रसर हुन थाले। आम जनताको धारणा के हुन्छ भने जो जुन पदमा बसेको हुन्छ त्यसले त्यहाँको आचरण पूरा गरोस्। स्मगलरले गर्ने आचरण र राजनीतिक प्रतिनिधिले गर्ने आचरणमा त मूलभूत भिन्नता छ, यो हुने पर्छ। स्मगलरले गर्ने आचरण नै ठीक भनेर राजनीति गर्नेले भन्न थाल्यो भने त त्यसरी देश चल्दैन। राजनीति गर्नेले राजनीतिक ठाउँमै जानु पऱ्यो। स्मगलरसंग आफूलाई दाँज्ने हो भने, त्यो जतिकै म किन नहुने भन्ने हो भने त्यही व्यवसायमा लाग्नु पऱ्यो। एउटा व्यापारी र एउटा शिक्षक भयो भने एउटालाई कसरी राम्रो शिक्षा दिउँ भन्ने चिन्ता हुन्छ त अर्कोलाई कसरी धेरै मुनाफा कमाउँ भन्ने चिन्ता हुन्छ। यदि शिक्षकले मैले व्यापारीले जस्तै कमाउँ भन्ने हो भने नक्कली सर्टिफिकेट बेच्ने? त्यसकारण हरेकका आफ्ना पेशागत मूल्य र मान्यता हुन्छन्।

राजनीतिमा रहेको मूल्य र मान्यतामा अलिकति मात्र गाँठो खुस्कियो भने चौतर्फी प्रभाव पर्दछ। वर्तमान यसैको परिणति हो भन्ने मलाई लाग्छ। ०४६ सालपछि निर्वाचित सरकारले नै देशलाई हाँकेर लिएर जानु पर्ने हो। त्यो भइरहेको छैन।

० आम जनसमुदायमा प्रजातन्त्रप्रति नै विकर्षण पैदा हुँदै त छैन्?

– खै हिजो भएन भनेर भनियो तर आज के प्राप्ती भयो त भनेर प्रश्न उठ्नु स्वाभाविक हो। नयाँ पुस्ताले त साँच्चै परिवर्तन नै खोज्दछ। जहाँ पनि दुनियाँमा सरकार पुरातन हुन्छ र नयाँपुस्ताले उसलाई तानेर यति छिटो दौडाउन खोज्छ, तर सरकारले आफ्नो क्षमता अनुसार विस्तारै हिड्नु पर्छ। तर लिगबाट हिड्नेलाई त पल्टाइ दिन्छ। त्यसकारण वितृष्णाको जुन सवाल छ – मूल्यहरूको विखण्डन भइरहेको जुन ठाउँमा बसेर जे जस्तो जिम्मेवारी हो, त्यो जिम्मेवारी ननिभाउँदा खेरी उठेको जनसमुदायको आक्रोस हो। तर यो सम्पूर्ण व्यवस्था कै विकर्षण भने होइन।

० माओवादी गतिविधिलाई प्रजातन्त्र प्रतिको वितृष्णा कै रूपमा चित्रित गर्न खोजिंदै छ नि? तपाई के भन्नु हुन्छ?

– भारतमा एउटा पिरियड आएको थियो, जहाँ विश्व विद्यालयको सर्वोत्कृष्ट विद्यार्थीहरूले त्यहाँको केन्द्रीय सेवामा पनि जाँच दिन छोडे। किन भने उनीहरूलाई त्यहाँको कुनै आस्था नै रहेन। त्यहाँ निस्पक्षढंगले जाँच हुन्छ भन्ने कुरा पनि उनीहरूले विश्वास गर्न छोडे र त्यहाँ गएर हामीले केही परिवर्तन गर्न सक्छौं भन्ने कुरामा पनि उनीहरूले विश्वास गर्न छोडे। निराशाको त्यो पल्लो किनारमा पुगेर त्यहाँ पनि उनीहरूले हतियार बन्द आन्दोलन शुरू गरेका थिए। त्यो बेलाका आर्टिकल्सहरू सबै मैले पढें। ती सर्वोत्कृष्ट विद्यार्थीहरू किन कहाँ गए त, उनीहरू त हराए नि, किन आउँदैनन् जाँच दिन, अब सक्षम प्रशासकहरू त नहुने भए भनेर सरकार एक किसिमले पिरलोलिन थाल्यो। जब सरकारले एक किसिमको पिरलो लिन थालेको थियो तब त्यसको रूप बदलिएर गयो। त्यस्तै यहाँ पनि गाउँमा रहेको गाविस अध्यक्षले अन्यायपूर्ण व्यवहार गर्छ भने, उसकोमा रूँदा कराउँदा पनि केही हुन्न भने त्यसले त आफ्नो अभिव्यक्ति कुनै न कुने रूपमा गर्छ नै। त्यसैले अभिव्यक्तिको स्वतन्त्रता सांगठनिक रूपमा अगाडि बढ्ने मौका दिनु पर्छ भन्नु नै के भने त्यो गरेर उस्ले बोल्ने मौका र उस्लाई हटाउन सक्ने पनि क्षमता उसमा छ भन्ने कुराको विश्वास दिलाउन सक्नु भएन र त्यो लाइन नै टुटिसक्यो भन्ने भो भने मान्छेले अर्को बाटो अपनाउँछ, जो तपाईले चाहे जस्तो हुनै सक्दैन। त्यो उसैले खोजेको बाटो हुन सक्छ। त्यो तपाईले दिएको बाटो हुन्नु। त्यस्तै माओवादीहरूका पनि कैयन कुरा यस्ता छन्। मुलुकको वर्तमान विसंगतिहरू प्रतिको आक्रोसले पनि माओवादी गतिविधि प्रोत्साहित भएको हो कि जस्तो लाग्छ। तर अर्कोतिर कहिले प्रहरी भन्छ दश वर्ष थुनामा राख्ने पाउने कानून चाहियो। प्रहरीले यस्तो माग गरिरहेको छ। समस्या त्यो होइन, समस्या के हो भने यी जुन विकृतिहरू देखा परिरहेका छन्, यसलाई हटाउने कसरी? विकृतिलाई हटाउन सबै दलहरू तयार भए भने यो समस्या विस्तारै निदान हुँदै जान्छ।

० प्रमुख राजनीतिक पार्टीहरूले माओवादी समस्यालाई राजनीतिक समस्या हो र यसलाई राजनीतिक ढंगले हल गर्नुपर्छ पनि भन्ने तर प्रहरी शक्तिलाई उतारेर दमन गर्न पनि उध्यत हुने जुन स्थिति छ, यसप्रति तपाई के भन्नु हुन्छ?

– यो नै विकासोन्मुख देशको स्थितिको चित्रण हो। २००७ सालको आन्दोलन पछि लगत्तै आएको ऐन सार्वजनिक सुरक्षा ऐन सत्तामा जाने वित्तिकै सत्ता कसरी जोगाउने भन्ने कुरातर्फ बढी केन्द्रित भयो प्रवृत्ति आजको होइन। माओवादीलाई नियन्त्रण गर्न भरखरै प्रहरीले दश वर्ष थुनामा राख्न पाउने ऐन नै चाहिन्छ, भन्ने टिभी अन्तरवार्तामा आउँदा म जिल्ल परें। के हामी यो ठाउँसम्म पुगिसक्यौं त? जहाँ सार्वजनिक सुरक्षा ऐनले त त्यसरी राख्न पाइन्न, त्यसलाई नियन्त्रण गर्न जिल्ला अदालत समक्ष प्रस्तुत गर्नु पर्छ र छोड्नु पर्दा पनि जिल्ला अदालतको रोहवरमा छोड्नु पर्छ, किन भने पहिलेका ३० वर्षमा छोडियो भनेर कागज मात्रै गराउने प्रचलन थियो। आज प्रहरीले आफैंले दश वर्ष थुनामा राख्न पाउँ भन्ने अवस्था आई सक्यो?

० मुलुकमा केही संवैधानिक जटिलता उत्पन्न भएको छ? तपाई एकजना वरिष्ट अधिवक्ताको हैसियतले भन्नु पर्दा के भन्नु हुन्छ?

– मलाई के लाग्छ भने तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले प्रतिनिधि सभाको विघटनको माग गर्नु भयो र विघटन पनि भयो। त्यो बेला एकजना नेपाली कांग्रेसका सांसद, अनि एकजना एमालेका सदस्य र एकजनाको रिट परेको थियो। त्यो रिटको हक सिध्याएर म बेलायत गएको थिएँ। विविसीमा एउटा प्रश्न सोधियो मलाई दक्षिणपूर्वी एसिया सेक्सनमा, प्रश्न के थियो भने– विवादका कुराहरू त अदालतमा गएर ठेगान लाग्न

थाले यो त राम्रै सिष्टम होइन र? यसो भन्दा मैले भनेको थिएँ निश्चय नै हो, विवाद स्वार्थमा टुंग्याउनु हुँदैन, अदालतमा टुंग्याउनु पर्छ तर हरेक राजनीतिक विवाद टुंग्याउने ठाउँ सर्वोच्च अदालत मात्र होइन। पार्टीहरू आपसको सहमति र समझदारीमा टुंग्याउने ठाउँ अर्को पनि छ, त्यो हो जनता, यदि राजनीतिक विवादलाई सर्वोच्च अदालतमा लगेरै टुंग्याउन खोजिन्छ भने त्यो अदालतै विवादास्पद स्थितिमा पुग्छ भनेर मैले भनेको कुरा मलाई अहिले पनि संझना आइरहेको छ। वास्तविकता पनि त्यही हो। मध्यावधि निर्वाचन भयो। सब भन्दा ठूलो पार्टीको रूपमा एमाले सरकारमा गयो। अब त्यो सरकारलाई उल्टाउनका लागि ३/४ महिना देखि नै प्रयास शुरू भई हाल्यो। उसले गरेको सिफारिस लौ जनतामा गएर निर्णय गरौं न त हाम्रो सार्वभौम त जनता नै हो ठिक छ, जसरी गिरिजा प्रसादलाई सजाय गरे तिमीलाई बहुमत दिन्नौं भने जनताले, एमालेलाई पनि बहुमत दिन्थे या विदा गर्थे एउटा हुन्थ्यो। त्यो राम्रो हुन्थ्यो तर त्यो स्पिरिटमा लिन सकेनन् र अदालतमा गयो। त्यो रोगले अहिले पनि हामी ग्रस्त छौं। र अब अहिले यो क्षेत्रमा नै चाहे बंगलादेश, पाकिस्तान या भारतमा हालसाल मै पनि दुई पटक निर्वाचन भईसक्यो। एकातिर "संयुक्त संस्कृति" को विकासको आवश्यकता देखा परेको छ। फेरि अर्कोतिर यो गर्न ०४६ सालको आन्दोलन संझिनु पर्ने आवश्यकता पनि छ। ०४६ सालमा जुन शक्तिहरू मिलेर मात्र आन्दोलन अगाडि जान सक्यो, ती शक्तिहरू देशमा अझैं विद्यमान छन्। ती शक्तिहरूको आपसी मेल नभएसम्म देश अगाडि जान पनि सक्दैन। त्यसकारण एउटा संयुक्त संस्कृतिको रूपबाट पनि हेरिनु पर्छ। जनताले जुन मत व्यक्त गरे त्यो मतलाई अन्यथा लिंदा यो सारा विकृति पैदा भएको हो। जनताले ०४६ साललाई संझेर, एकलौटी सबैलाई म ठेगान लाउँछु भन्ने गिरिजा प्रसादलाई ठेगान लगाएर मध्यावधिमा जुन मत दिए, त्यसमा मिल्नु पर्ने आन्दोलनकारी नमिल्दा खेरी उत्पन्न भएका विकृतिले अब जनता भन्ने कुरा विर्सिएर हामी सरकारमा कसरी टिक्ने भन्ने विकृत भावनाहरू ल्यायो त्यसले फेरि ०४६ साललाई नै इंगित गर्दछ। म भन्छु हरेक राजनीतिक विवादहरूको समाधान अदालत होइन, जनता हो। संसद बनाउने र विगार्ने काम कस्को? संबैधानिक परिषद्बाट सिफारिस बमोजिम नियुक्त गरिएका प्रधान न्यायधीश र न्यायपरिषद्बाट सिफारिस बमोजिम नियुक्त भएका न्यायाधीशहरू जब कि सिफारिस गर्नेहरू पनि दुनियाँमा जिम्मेवार छैनन् फेरि तिनीहरूले जनताको सार्वभौम सत्ताको राजनीति र त्यसका उत्पन्न विवादलाई निरपेक्षढंगले हल कसरी गर्छन्? पाकिस्तानको उदाहरणले पनि त्यसलाई देखाइ सक्यो। राजनीतिक पार्टीहरूले आफूभित्र या सामुहिक रूपले या जनताको वीचमा, जाने पर्दछ, अरू विकल्प छैन।

कहीं शहीदको रगतले हामीलाई सराप्ने त होइन ?

– डा. राजेश गौतम

प्रजातन्त्रको पुनर्स्थापना गर्ने जन आन्दोलनको क्रममा अधिराज्यभर गरी करीब ८० जना व्यक्तिहरू शहीद र असंख्य व्यक्तिहरू घाइते भएको कुरा नेपालका मानवअधिकार संस्थाहरू मार्फत् जनसमक्ष आइसकेको छ। ती शहीद र घाइतेहरूप्रति नेपाल मानवअधिकार संगठन र नेपाल मानवअधिकार संरक्षण मंच मार्फत नेपाली जनताले जुन किसिमको सम्मान र ममता देखाए,

आलेख

शहीद र घाइतेको परिवारलाई उचित सम्मान र व्यवस्थित गर्नको लागि त्यस परिवारमा काम गर्न सक्नेलाई उसको योग्यता अनुसार उचित काम गर्न सक्षम नहुन्जेलसम्म निशुल्क अध्ययन गर्न पाउने व्यवस्था पनि सरकारले गर्नु पर्दछ। यति गरेमा मात्र देशमा प्रजातन्त्र ल्याउन आफ्नो जीवन बलिदान दिने ती शहीदहरू र अनेकौं यातना सहेर बस्ने ती घाइतेहरूप्रति उचित सम्मान भएको मानिने छ।

व्यक्त गरे त्यो निश्चित पनि सराहनीय नै छ। तर त्यही रूपमा अन्तरिम सरकारले त्यस्तो कुनै कार्य गर्न सकेन।

घाइतेहरूलाई उचित उपचारको व्यवस्था गर्न भनी नेपाली कांग्रेस, संयुक्त जनमोर्चा, नेपाल मानवअधिकार संगठन, नेपाल मानवअधिकार संरक्षण मंच, च्याम्बर अफ कर्मस, नेपाल उद्योग वाणिज्य संघ र डक्टर एशोसियसनका सदस्यहरूको प्रतिनिधित्व गराई एउटा आयोग गठन भएको थियो तर त्यो पूर्ण रूपले सक्रिय हुन सकेन। आयोगले आफ्नो कार्यालयको रूपमा रहेको विर अस्पतालका घाइतेहरूलाई मात्र सहयोग गर्नमा सीमित रह्यो। जबकि घाइतेहरू अधिराज्यभर छरिएका छन्। तिनीहरूलाई काठमाडौंमा झिकाई वा स्थानीय ठाउँमा नै पुगी उचित उपचार र व्यवस्था गर्ने तर्फ आयोगको ध्यान जान सकेन। चितवनमा मात्र लगभग १५ सय गिरफ्तार भएकाहरू मध्ये करीब ९ सय जना घाइते भएका थिए। पुलिस र तात्कालीन मण्डलेहरूले चितवनमा गिरफ्तार गरिएकाहरूलाई जुन किसिमको यातना दिए त्यसले अफ्रिकाका एक से एक तानाशाही भनिने सरकारहरूले गरेको निरंकुश कार्यहरूलाई पनि उछिनेको छ भन्न हिच्किचाउनु पर्दैन। जनआन्दोलनको क्रममा गिरफ्तार गरिएकाहरूलाई ७२ घण्टासम्म पानी पिउन नदिनु, २४ घण्टामा एक चोटी मात्र पिशाव फेर्न दिनु, १९ जना मात्र अटाउने कोठामा ३० जना व्यक्तिहरूलाई कोच्नु, जमिनमा सम्पूर्ण जीउलाई गाडिदिनु आदि कार्यहरू पुलिस ले गरेका थिए। यी विभिन्न यातनाको स्वरूपहरूले गर्दा चितवन ज्यादै आतंकित थियो। चितवन निवासीहरू पुलिसको गोलीसंग डराएनन् तर पुलिसले दिएको यातनाबाट त्रसित थिए। यस प्रकारको गिरफ्तारीमा घाइते भएका सम्पूर्णले समयमा उचित औषधि उपचार प्राप्त गर्न सकेका छैनन्। किनभने आयोग काठमाडौंमा मात्र सीमित रह्यो भने घाइतेहरूले काठमाडौंमा पुगी त्यो सुविधा प्राप्त गर्न आर्थिक र अस्वस्थताको कारणले गर्दा सफल भएनन्। त्यसैले मेरो दृष्टिकोणमा आयोगले त्यस्ता ठाउँहरू भ्रमण गरी घाइतेहरूको उचित व्यवस्था सक्नु पर्दथ्यो।

यस्तै गरी जनआन्दोलनको क्रममा शहीद भएका परिवारहरूप्रति अन्तरिम सरकारले २५ हजार रूपैयाँ सहयोग दिएर आफ्नो जिम्मेवारी पन्छाउन खोजेको थियो तर जनताले त्यसमा आफ्नो असहमति जनाई विरोध गरेकोले आएर सहयोगका रूपमा पुनः १ लाख रूपैयाँ दिने निर्णय गरेको थियो। मलाई लाग्छ रूपैयाँ दिएर मात्र सरकारले वा राजनैतिक संगठनहरूले आफ्नो जिम्मेवारी पन्छाउन सक्दैनन्। शहीदहरू राष्ट्रका निधि हुन् सम्पत्ति हुन्। त्यसैले उनीहरूलाई रकम दिइनु भन्दा पनि बढी उनीहरूको परिवारलाई व्यवस्थित गर्नु नै सबैभन्दा ठूलो र महत्वपूर्ण कुरो हो। चितवनमा शहीद राजेश बानियाँको परिवारलाई सरकारको तर्फबाट दिइएको रू. २५ हजार गणेशमान सिंहजीले दिनु भएको थियो। रकम प्राप्त भएको भोलिपल्टनै १५ हजार दाम खर्च गरी १० हजार रूपैयाँ मात्र नेपाल बैंकमा खाता खोलेर राखे तर केही दिनपछि त्यस खातामा १ सय ५० रूपैयाँ मात्र बाँकी रहेको जानकारीमा आएको थियो। शहीद राजेश बानियाँकी पत्नी गर्भवती थिइन् भन्ने सुनिन्थ्यो। तर उनकी सासु उनलाई नराम्रो कार्यमा संलग्न गराउन चाहन्छिन् भन्ने पनि सुनिन्थ्यो। यस किसिमबाट त्यस शहीदको परिवारको उचित व्यवस्था भयो वा भएन सरकारले र स्थानीय राजनैतिक संगठन लगायत सामाजिक, संघ संगठनका कार्यकर्ताहरूले तत्काल ध्यान पुऱ्याएनन्। यसरी दिइने १ लाख रूपैयाँलाई त्यस प्रकार खर्च गर्न नमिल्ने गरी सो को व्याजमात्र प्राप्त हुने गरी शहीदको परिवारको नाउँमा बैंकमा खाता खोलिदिने व्यवस्था सरकारले गर्ने र सो को रेखदेख गर्ने जिम्मा स्थानीय राजनैतिक र सामाजिक संगठनहरूलाई दिएको भए त्यो उपलबधीपूर्ण हुने थियो।

यस्तै गरी घाइतेहरूको पनि स्थिति हेरी सरकारले त्यस्तो रकम दिने व्यवस्था गर्नु पर्दथ्यो। अर्को कुरा शहीद र घाइतेको परिवारलाई उचित सम्मान र व्यवस्थित गर्नको लागि त्यस परिवारमा काम गर्न सक्नेलाई उसको योग्यता अनुसार उचित काम गर्न सक्षम नहुन्जेलसम्म निशुल्क अध्ययन गर्न पाउने व्यवस्था पनि सरकारले गर्नु पर्दछ। यति गरेमा मात्र देशमा प्रजातन्त्र ल्याउन आफ्नो जीवन बलिदान दिने ती शहीदहरू र अनेकौं यातना सहेर बस्ने ती घाइतेहरूप्रति उचित सम्मान भएको मानिने छ। र यसले प्राप्त प्रजातन्त्र प्रति जनताको विश्वास पनि बलियो हुनेछ। अन्यथा ती शहीद र घाइतेहरूको रगतले भिजेको यहाँको माटोले हामीलाई सराप्ने छ।

जनआन्दोलन र आजको स्थिति

सुशील प्याकुरेल

नेपालमा राजाले निर्वाचित संसद र सरकार बलात विघटन गरी निरंकुशता पूर्वक सत्ता एकलौटी रूपमा हत्याएपछि जनआन्दोलनको पृष्ठभूमि सुरू भएको हो। पञ्चायत विरोधी आन्दोलन नेपालका राजनीतिक दलहरूले पञ्चायतको स्थापना संगसंगै शुरू गरेका थिए। प्रजातन्त्र कस्लाई भन्ने र कस्तो प्रजातन्त्र स्थापना गर्ने हो भन्ने बारेमा दलहरूको न्यूनतम समझदारी पनि भएको थिएन। त्यही कारण हो कि विभिन्न समयमा नेपाली कांग्रेसले गरेको आन्दोलनलाई कम्यूनिष्टहरूले सहयोग नगर्ने कम्यूनिष्टहरूले गरेको आन्दोलनलाई कांग्रेसले सहयोग नगर्ने जस्ता कामहरू भए। झण्डै तीस वर्षपछि एउटा समझदारीमा राजनीतिक दलहरू आइ पुगे। यसको पनि आफ्नै अनुभवहरूको श्रृंखला छ। ०३२ सालको विद्यार्थी आन्दोलन, ०३५ सालको विद्यार्थी आन्दोलन, त्यसपछिको जनमत संग्रहको घोषणा र त्यसमा राजनीतिक दलहरूले खेलेको भूमिका, पञ्चायतले गरेको षडयन्त्र र नेपाली कांग्रेसले गरेको सत्याग्रहकै समयमा भएको षडयन्त्रपूर्ण बम काण्ड जस्ता घटनाहरूले सबै राजनीतिक दलहरूलाई न्युनतम कार्यक्रमका आधारमा आपसमा सबै एक हुने खालको स्थिति सृजना भयो। पञ्चायती व्यवस्था भ्रष्टचारको जगमा उभिएको, विभिन्न पटक राजाले मन्त्री परिषद परिवर्तन गर्दा सबै मन्त्री परिषद यौटा यौटा काण्डले चिन्हित भएको गाई काण्ड, सर्पको छाला काण्ड, बन काण्ड, गलैंचा काण्ड जस्ता काण्डहरूबाट भ्रष्टाचार बढेको, दरवार ठाडै व्यापारमा संलग्न भएको, रानीलाई व्यापारमा लागेको भन्ने आरोप यी सबै कराणले जनतामा त्यो व्यवस्था समाप्त गर्नुपर्छ भन्ने सोच विकास भएको थियो। भ्रष्टाचार र अनैतिकतामा उभिएको यो व्यवस्थालाई हटाउनु पर्छ भन्दा स्वतः नै नैतिकताको आधारमा, भ्रष्टाचार मुक्त समाज व्यवस्था सृजना गर्नुपर्छ भन्ने कुरा बुझिन्छ। यस्तै पृष्ठभूमिमा नेपाली कांग्रेसको राष्ट्रिय सम्मेलन र त्यस अघि भूमिगत रूपमा सम्पन्न नेकपा (माले) को चौथो राष्ट्रिय अधिवेशनले प्रतिपक्षीय राजनीतिक दलहरूले न्युनतम आधारमा पञ्चायतलाई समाप्त गर्ने न्युनतम कार्यक्रमसहित सबै राजनीति दलहरूसंग एकतावद्ध भएर जानुपर्छ भन्ने सोच अगाडि बढाए। कांग्रेसको एउटा हिस्साले जस्तोसुकै स्थितिमा पनि कम्यूनिष्टहरूसंग मिल्नु हुँदैन भनिरहे पनि नेकाले समेत सत्याग्रहबाट सिकेको अनुभवले गर्दा पनि न्युनतम समझदारीको आधार स्वतः बन्यो। यसले पहिलो चोटी नेपालमा पञ्चायती व्यवस्थालाई अन्त गर्ने र मानवअधिकारको मान्यातसहितको राजनीतिक व्यवस्था स्थापित गर्ने सोचाइको आधारमा राजनीतिक दलहरू एक भए। त्यसैको परिणाम स्वरूप ०४६ सालमा आएर जनआन्दोलन सम्पन्न भयो।

जनआन्दोलनमा व्यापक रूपमा जनसहभागिता थियो। हामीले के देखेका छौं भने दक्षिण एशिया कै अरू मुलुकका जनआन्दोलनलाई हेरे पनि त्यहाँ मुलतः राजनीतिक दलहरूको मात्र नेतृत्व वा सहभागिता भएको देखिन्छ। जस्ले सुकै र जु-सुकै काम गरेपनि जनआन्दोलनमा उनीहरूको सहभागिता भनेको राजनीतिक दलहरू भित्र, त्यसैको छातामुनि हुन्छ तर नेपालमा अलिक फरक भयो। नेपालमा जनआन्दोलनको शुरूवात भएको केही समय पछि नै इन्जिनियरिङ एसोशियसन, मेडिकल एसोसियसन, वार एसोसियसन जस्ता पेशागत संघसंस्थाहरू पनि आन्दोलनमा अगाडि आए। उनीहरूले पनि सरकारले जनआन्दोलनलाई दवाउन अख्तियार गरेको दमनको खुलेर विरोध गरे। अन्य मानवअधिकार संस्थाहरूले पनि जनआन्दोलनलाई सञ्चालन गर्न र त्यसलाई अगाडि बढाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरे। यसरी पेशागत वर्ग समुदाय पनि जसरी आन्दोलनमा सहभागी भए, त्यसबाट पनि प्रष्ट हुन्छ कि आन्दोलनमा व्यापक जनसहभागिता थियो। कुनै पनि क्षेत्र रहेन जो आन्दोलनको पक्षमा नउभिएको होस्।

आन्दोलनको मूल उद्देश्य नै गैर राजनीतिक समूहले सञ्चालन गरेको राजनीतिबाट जनतालाई मुक्त गर्नु रहेको थियो। पञ्चायतले आफूलाई निर्दलीय भन्यो, तर राजनीतिलाई कुनै एउटा समूहले आफ्नो वा परिवारको हितमा मात्रै सञ्चालन गर्ने समूहको हालीमुहाली रहेको व्यवस्था थियो। त्यसलाई समाप्त पारेर जनता मुक्त हुन खोजेका थिए। त्यतिखेर सर्वाधिक चर्चामा रहेको पम्फा देवी भनेर, जस्लाई झुण्ड्याउनु पर्छ, या हटाउनु पर्छ भनेर जुन नाराहरू र मागहरू जनताको पंक्तिबाट उठाइयो। पम्फा देवी भनेको भ्रष्टाचार, पदको दुरूपयोग र अनैतिक रूपले सम्पत्ति कमाउने एउटा प्रवृतिको, जनताले चिन्हित गरेको प्रवृतिको नाम हो। त्यसको विरोधमा जनता उभिएका थिए। जनआन्दोलनको उद्देश्य जनताले यसरी बुझेका थिए कि ती सबै प्रवृतिलाई समाप्त पारेर एउटा स्वच्छ मूल्य र मान्यताको आधारमा जनतालाई निर्भिक भएर राष्ट्रिय विकासमा लाग्न सक्ने, सम्मानका साथ लाग्न सक्ने व्यवस्थाको शुरूवातको लागि नै जनताले त्यसमा भाग् लिएका थिए। त्यतिखेर संसदमा यति सीट हुनेछ, अहिलेको संसदीय व्यवस्था जसरी संविधानले प्रत्याभूत गरेको छ- त्यो पहिले प्रकट भएको थिएन, त्यस्तो परिकल्पना पनि गरिएको थिएन। मात्र जनता शक्तिशाली हुनु पर्छ, र जनताको निर्णय अनुसार राष्ट्र चल्नु पर्छ भन्ने मात्रै थियो। पञ्चायतमा भएका विकृति एवं विसंगतिहरू र अनैतिकता समाप्त हुनुपर्छ भन्ने मान्यता त्यतिखेर मुखरित भएको थियो। राजनीतिक दलहरूले जनआन्दोलनको उद्देश्य अहिले जुन संसद छ त्यो मात्रै हो, अहिले जुन परिपाटी छ त्यो मात्रै हो भन्ने ठान्छन् भने जनआन्दोलनको मर्मलाई कुठाराघात गरेका ठहरिन्छ। न्यायोचित र सम्मानजनक शासन व्यवस्थामा मात्रै जनताले सम्मानजनक भाग लिन सक्छन्। हरेक कुराको

आजको मुद्दा

हिजोका कुरा विर्स भन्ने नीतिले गर्दा ज्यादत्ती गर्नेहरूले ०४६ साल पछिको स्थितिमा उही हाराहारीमा, हिजोका उत्पीडित र उत्पीडकहरू एउटै विन्दुमा उभिन पुगे । उनीहरूका निम्ति एउटै व्यवहार, एउटै सुविधा एउटै परिपाटीको सृजना गरियो । जस्ले गर्दा हिजोका उत्पीडकहरू आज जस्ताको तस्तै रहे। उनीहरूको हिजोको उत्पीडनलाई पनि विर्सिदिने स्थिति पैदा भयो ।

समस्या भनेको पञ्चायत हो भन्ने कुरा हरेकको मनमस्तिष्कमा थियो। पञ्चायतलाई समाप्त पार्नु नै एक मात्रै समाधान हो भन्ने ठानेका थिए। यसरी हरेक समस्यालाई समाधान गर्न सक्ने व्यवस्था सृजना गर्छौं भन्ने हिसाबले जनता अगाडि आए र आन्दोलनमा ओर्लिए।

नेपालमा राजतन्त्रको उदय भए देखिनै जनता भन्दा माथिको हो राजा, राजाले जनताको कुरा मान्नु पर्दैन तर जनताले राजाको कुरा मान्नु पर्छ भन्ने जुन धारणा थियो, यसलाई पञ्चायतले संवैधानिक बनायो। राजा भनेको संविधान भन्दामाथिको हो, संविधानको श्रोत राजा हो, राजाले मात्र संविधान बनाउने या संशोधन गर्न सक्छन् भन्ने मान्यता स्थापित गरियो। यो मान्यतालाई ०४६ को जनआन्दोलनले तोड्यो। त्यो मान्यतालाई ००७ को जनआन्दोलनले पनि तोड्न सकेको थिएन। त्यहीकारणले पनि पहिले संविधानले धारा ५५ जस्तो निरंकुश अधिकार राजालाई प्रदान गरेको थियो। यो मान्यतालाई तोड्नु भनेको जनताले आफूलाई सार्वभौम बनाउनु हो। जनआन्दोलनको सबभन्दा ठूलो राजनीतिक उपलब्धी पनि त्यही थियो। राजकीय मामलामा या राष्ट्रमा देखा परेको जुन सुकै पनि समस्याको समाधान पनि जनताले गर्न सक्छ, त्यतिखेर राज्य सञ्चालनको विधि जनता केन्द्रित हुन्छ। जनतामाथिको ज्यादत्ती र उनीहरूमा कुभलो हुने कुराहरू केही हुँदैन। जनता सार्वभौम हुने भनेकै के हो भने जनता सबभन्दा माथि हुनु हो। ०४६ सालको जनआन्दोलनद्वारा जनता सार्वभौम भए, संविधान निर्माण गरियो। संविधान निर्माण कै सिलसिलामा पनि दरबारिया शक्तिले राजाको आडभरोसामा ज्यादत्ती गर्न नखोजेका हैनन् तर जनताले सशक्त प्रतिरोध गरे। अन्तत्वगत्वा राजनीतिक दलका प्रतिनिधि भनेपनि जनताका प्रतिनिधि भनेपनि जो जनआन्दोलनमा सरिक भएका थिए, उनीहरूका प्रतिनिधिहरूले बनाएको संविधान प्राप्त भयो। यो संविधानको बारेमा धेरै विवाद बहसहरू पनि भए। कतिपय कुरामा मत विरोध रहेपनि जनतालाई शक्तिशाली बनाउने संविधानको रूपमा सबैले स्वीकार गरे। बहुदलीय राजनीतिक परिपाटीलाई कसरी संरचना भित्र ल्याउने भन्ने कुरा संविधानले दियो र संसदीय व्यवस्थाको सुत्रपात भयो। यसलाई नै एउटा अर्को उपलब्धीको रूपमा लिन सकिन्छ। अर्को कुरा जनताले आफ्नो शक्तिलाई पहिचान गरे। जनता विरोधीहरूले पनि जनता उठेपछि कस्तो हुँदो रहेछ र जनतालाई हटाएर आफूलाई जतिसुकै शक्तिशाली ठानेपनि त्यो हुँदो रहेन छ भन्ने अनुभूति यो जनआन्दोलनले गराएको छ। यो नेपालको इतिहासमा ठूलो उपलब्धी हो।

शुरू देखिनै हाम्रो इतिहासमा एउटा नराम्रो पक्ष के रहेको छ भने आन्दोलनलाई हामीले अन्तिमसम्म लैजानु भन्दा पनि सम्झौतामा पुगेर टुंग्याउने गरेका छौं। तर सम्झौता भनेको ज्यादत्ती गर्नेहरूलाई छुट दिनु होइन, मात्र जनताको हिंसा र बलिदानलाई कसरी कम गर्ने, देशमा अशान्ति कसरी कम गर्ने र उपलब्धी हासिल गर्ने भनेर



सम्झौताहरू गरिन्छ। यसै अनुरूप ०४६ सालको जनआन्दोलन राजासंग सम्झौता भयो र बुहदलीय व्यवस्था स्थापना गर्ने कुरामा सहमति भयो। जब राजा जनताको माग पूरा गर्न सहमत छन् भने किन आन्दोलनलाई अगाडि बढाइ रहने? जनआन्दोलनको जुन म्याण्डेट थियो त्यो पूरा गर्न राजा सहमत भएपछि आन्दोलनकारी बीच सहमति भएको थियो। यो सहमति हुनुको अर्थ गलत गर्नेहरूलाई उनीहरूले विगतमा गरेका ज्यादत्तीहरूलाई मान्यता प्रदान गर्ने अर्थात उनीहरूले जे गरे त्यो तत्कालीन अवस्थामा गरेकोले अब त्यसतर्फ नजाउँ, त्यसको विरोध पनि नगरौं भन्ने थिएन। दक्षिण अफ्रिकाका नेल्शनमण्डेलाले जहिले पनि भने - क्षमा देऊ तर नविर्स। तर यहाँ त्यसको ठीक उल्टो के भयो भने हिजो जे भयो त्यो विर्सि देऊ। हिजोका कुरा विर्स भन्ने नीतिले गर्दा ज्यादत्ती गर्नेहरूले ०४६ साल पछिको स्थितिमा उही हाराहारीमा, हिजोका उत्पीडित र उत्पीडकहरू एउटै विन्दुमा उभिन पुगे। उनीहरूका निम्ति एउटै व्यवहार, एउटै सुविधा एउटै परिपाटीको सृजना गरियो। जस्ले गर्दा हिजोका उत्पीडकहरू आज जस्ताको तस्तै रहे। उनीहरूको हिजोको उत्पीडनलाई पनि विर्सिदिने स्थिति पैदा भयो। फलस्वरूप मल्लिक आयोगको प्रतिवेदन यसै थन्किन पुग्यो। उनीहरूलाई विर्सिनु पर्छ भन्ने मान्यता जनताको थिएन। प्रतिवेदनका आधारमा दोषीहरूमाथि कार्वाही नहुनुबाट पनि के बुझिन्छ भने, सरकार यसतर्फ पुरै उदासिन भयो। हुँदाहुँदा प्रहरीलाई कार्वाही गर्ने हो भने त पूरै प्रहरी व्यवस्था खतम हुन्छ, मैले चुनाव नै गराउन सक्दिन, भनेर त्यतिखेरका गृह मन्त्रीले भने। हिजोको ज्यादत्ती गर्नेहरूलाई कानूनको कठघरामा नउभ्याई तिमीहरूले यो ज्यादत्ती गऱ्यौ भन्ने कुरा स्थापित नगर्ने हो भने, उनीहरूले नै हिजोको रवैया छोड्दैनन्। त्यो प्रवृति हो, त्यसैले त्यो प्रवृति समाजमा जसताको तस्तै रह्यो। समयक्रममा त्यही प्रवृतिले टाउको उठाउन खोज्यो। फेरिपनि देशमा भ्रष्टाचारको पुरानै प्रवृति हावी हुन थाल्यो, त्यसलाई समाप्त पार्न खोजिएन। अनैतिकताको जगमा पञ्चायत उभिएको थियो त्यो जगलाई भत्काउन खोजिएन, जतिपनि विकृति र विसंगतिहरू थिए त्यसलाई समाप्त गर्ने पहल भएन। मात्रै के भयो भने, एउटा राजनीतिक व्यवस्थाको उपल्लो तहमा परिवर्तन भयो, राष्ट्रिय पञ्चायतको सट्टा संसद भयो, व्यक्तिहरू फरक भए तर जुन परिपाटीको जगमा पञ्चायती व्यवस्था उभिएको थियो, त्यो जगलाई फाल्ने काम भएन। त्यो जस्ताको तस्तै राखियो र जराहरू जुन माटो भित्र रहेका थिए, जनआन्दोलनले गर्दा छिमलिएका थिए, जरो नउखेलिएको हुँदा फेरि अंकुरित भएर आउनु स्वभाविक थियो। अहिले हामी जे देखि रहेका छौं। त्यो एउटा स्वभाविक प्रकृयाको रूपमा लिनु पर्छ। किनभने जनआन्दोलन पछि स्थापित सरकारहरूले, स्थापित संसदले जे गर्नुपर्ने थियो त्यो गरेनन्। त्यसैको प्रतिफल हो कि पहिलो संसदीय निर्वाचनमा पञ्चायती व्यवस्थाका पृष्ठपोषकहरू करीव करीव समाप्त भएका थिए। तर दोश्रो चुनाव आउँदा नआउँदा उनीहरूले २० सीट ल्याए। राजनीतिक दलहरूले त्यो जगलाई नभत्काएको कारणले यस्तो भएको हो। प्रजातन्त्र ल्याउन ज-जसले प्रयत्न गरेका छन्, प्रजातन्त्र टिकाउन तिनै शक्तिहरूको सहमति चाहिन्छ भन्ने यो विश्वव्यापी मान्यता हो। जहाँ पनि प्रजातन्त्रको निम्ति लड्ने शक्तिहरू प्रजातन्त्रलाई दिगो बनाउन न्युनतम समझदारीका आधारमा अगाडि बढ्छन्, बढेका छन्। तर त्यो मान्यताको ठिक विपरित नेपालमा प्रजातन्त्र ल्याउने शक्तिहरूको बीचमा यदि मिलन भयो भने त साना दलहरू मर्छन्, र हराउँछन्, प्रजातन्त्रमा साना दलहरूको निकै ठूलो भूमिका हुन्छ भन्ने नाममा हिजोको प्रतिगामी शक्ति जुन साना दलको रूपमा प्रकट भएको थियो त्यसलाई अगाडि बढाउने प्रक्रिया चल्यो। उसैको नेतृत्वमा सरकार चलाउन समेत दुईटै कांग्रेस कम्युनिष्ट आन्दोलनकारी शक्तिहरू लागे। यो एउटा विकृति र विसंगतिको चरम अभिव्यक्ति हो। यो नयाँ तर ज्यादै प्रतिगामी सिद्धान्तको प्रस्तुतकर्ता

भनौं या सृजनाकर्ता गिरिजा प्रसाद कोइराला भएतापनि त्यसलाई सम्मान गर्ने या लिएर हिड्ने कुरामा एमालेले पनि कम भूमिका निर्वाह गरेन।

३० वर्षको पञ्चायती कालमा भएका ज्यादतीहरूलाई न्यायको कठघरामा ल्याएर जसरी काम हुनु पर्थ्यो भएन। बारम्बार मानवअधिकारको क्षेत्रबाट हामीले भनेका थियौं- को कस्ले बद्मासी गरेको थियो त्यसको बारेमा कार्वाही चल्नु पर्छ र माफी दिनुपर्ने हो भने त्यो कुरो संसदमा ल्याउनु पर्छ, संसदद्वारा माफी दियोस्, फलाना फलानालाई यो यो अवस्थामा माफी दिएको हो भनियोस्। कुनै पनि प्रजातान्त्रिक परिपाटीमा फौजदारी अभियोग लागेकाले चुनावमा उठ्न नपाउने भनिन्छ। के फौजदारी अभियोग सूर्यबहादुर थापालाई लाग्दैन? लोकेन्द्र बहादुर चन्द, निरञ्जन थापा, नवराज सुवेदी र मरिचमानलाई लाग्दैन? किन लगाइएन? प्रश्न यो हो। देशमा जब उनीहरूको हातमा शासन आयो हामी सबैले देख्यौं सांसदहरूको खरिद विक्री, सुरा सुन्दरीको उपयोग आदि। यस्तो शैली पहिले पञ्चायतमा थियो- जस्तो कि राष्ट्रिय पञ्चायतको सेशन शुरू भएपछि कसैलाई घुम्न बैंकक हङकङ पठाउने गर्थे जुन कुरा पुनः प्रकट भए। अहिले आएर कम्तिमा राजनीतिक दलका नेताहरूको तहमा, हिजो हामीले गल्ती गरेछौं कि भन्ने आभाष हुन थालेको देखिदैं छ। अब यो कति सुध्रिन्छ भन्ने कुरा जनताले कति दबाब दिन्छ त्यसमा भर पर्छ। जो हिजो ठूला दलहरू मिल्नै हुन्न भनिरहेका थिए। तिनै अहिले समझदारीका आधारमा देश चलाउनु पर्ने रहेछ, प्रजातन्त्रको विकास प्रजातान्त्रिक शक्तिहरू बीचको ल्याउन लागिपर्ने शक्तिहरू समझदारी हो भन्दै छन्। यद्यपि यो जनदबाब नहुने हो पनि फेरि पनि उनीहरू पुरानै ठाउँमा जान्छन्। किन भने उनीहरू अहिले पनि सत्ताको निमित कतातिर टेक्दा राम्रो हुन्छ त्यसमा लागेका छन्।

सबभन्दा प्रमुख कुरा के हो भने सत्ताको निमित राजनीतिक दलहरू लाग्नु पर्छ लाग्छन् तर कस्तो सत्ता? यदि सत्ताकै निम्ति मात्र लाग्ने हो भने त पञ्चायती व्यवस्थामै गएको भएपनि हुन्थ्यो। अहिलेका हाम्रा नेताहरू पनि प्रधामन्त्री वा मन्त्री हुन त सक्थे, भएका पनि छन्। रामहरि शर्मा, सूर्य बहादुर थापा, तुलसी गिरी आदि नभएका कहाँ हुन र! गिरिजा कोइराला वा मनमोहन अधिकारी हुन सक्नु हुन्थ्यो होला तर उहाँहरू एउटा खास किसिमको राजनीतिक परिपाटी खोजेर बसेको मान्छेहरू हो। त्यो परिपाटी खोजेर बसेका मानिसहरूले मूल्य र मान्यताको आधारमा रहेको व्यवस्थाको नेतृत्वमा बस्नु चाहनु पर्छ र अहिले विस्तारै त्यो कुरा स्थापित हुन खोजेको हो कि भन्ने आभाष भएको छ। तर सत्ता प्राप्तिको लागि फेरि, पुरानै बाटोमा जाने हो र जस्तोसुकै व्यवस्था भएपनि हुन्छ भन्ने हो भने जनताले निश्चित रूपमा ०४६ सालको जनआन्दोलन भन्दा उच्च किसिमको आन्दोलन गर्न पनि वाध्य हुन्छन् र गर्छन् पनि।

●

नेपालको राजनीतिक आन्दोलनमा शहादत प्राप्त गर्ने महिलाहरू

कमला पराजुली

नेपालको प्रजातन्त्र, मानवअधिकार र सामाजिक न्यायको आन्दोलनमा नेपाली महिलाले निर्वाह गरेको भूमिकालाई, जुन रूपमा महत्व दिइनु पर्ने हो, इतिहासका कतिपय कालखण्डमा त्यसलाई ओझेलमा नै राखिएको छ। पुरातन मान्यता र परम्पराभित्र दोस्रो श्रेणीको नागरिकको रूपमा पक्षपात एवं भेदभावको व्यवहारको सामना गर्न बाध्य नेपाली महिलाहरूले सामाजिक परिवर्तनको आन्दोलनमा प्रत्यक्ष-अप्रत्यक्ष कठिन भन्दा कठिन संघर्ष र जीवन बलिदान समेत गरेर आफ्नो साहसको उदाहरण दिएका छन्।

सन्दर्भ

जनताको एक पछि अर्को परिवर्तनको आशा र उत्साह कुण्ठित भएको छ। जनताको वलिदान मतदान सत्ताप्राप्ति र स्वार्थ उपभोगको हतियार मात्र बनेको छ।

नेपाली महिलाले राष्ट्र एकीकरणको अभियानमा समेत सक्रिय भूमिका निर्वाह गरेको पाइन्छ। आधुनिक नेपाल निर्माणको सन्दर्भलाई हेर्ने हो भने पनि राणा शासन अन्त्य गर्ने राणा विरोधी आन्दोलनमा होस् वा ३० वर्षसम्म चलेको निर्दलीय पञ्चायत व्यवस्था विरोधी आन्दोलनमा, यी सबै प्रकारका राजनीतिक स्वतन्त्रता, वहुदलीय प्रजातन्त्र र मानवअधिकार प्राप्तिका लागि गरिएका आन्दोलनमा नेपाली महिलाहरूको भूमिका कतिपय अवस्थामा निर्णायक समेत बनेको छ। नेपाली महिलाहरूले स्वयं आन्दोलनमा सहभागी भएर निर्वाह गरेको भूमिकालाई गणना मात्र गरिनु, महिला माथि ठूलो अन्याय नै हुनेछ। नेपाली महिला कठिन भन्दा कठिन राजनीतिक उत्पीडन एवं दुर्व्यवहार सहेर भए पनि निरंकुशताका विरूद्ध दृढतापूर्वक उभिरहे। त्यसरी आफ्नो साहस र दृढतामा अडिग नेपाली महिलाहरूले राणा विरोधी र पञ्चायत विरोधी आन्दोलनमा मात्र हैन, प्रजातन्त्र प्राप्ति पछि पनि सत्ताको निरंकुशता, दमन र उत्पीडनका विरूद्ध आवाज उठाइ रहेका छन्। प्रजातन्त्र पुनर्स्थापना पछिका दिनमा पनि महिलाहरूले सत्ताको अनेक दमन, यातना सहने क्रममा केहीले जीवन वलिदान समेत गरेका छन्।

प्रजातन्त्र प्राप्तिका लागि, देशलाई आजको अवस्थामा ल्याउन धेरै नेपाली नागरिकले जीवन वलिदान गर्नु परेको तथ्यले देखाउँछ। त्यसै क्रममा नेपाली महिलाहरूको भूमिका पनि उल्लेख्य रहेको छ। त्यसरी आफ्ना सारा व्यक्तिगत इच्छा, आकांक्षालाई दबाएर प्रजातन्त्र प्राप्तिको त्यस महायज्ञमा के कति नेपालीले शहादत प्राप्त गरे? कतिले अनेकौं दुःख, कष्ट र यातना सहे? कतिले आफ्ना प्रियजनहरू गुमाए? आफ्ना काखहरू कतिले रित्याए? कतिले सिउँदो पुछे र कतिले भाइ टिका गुमाए? आज तिनीहरूको अवस्था के छ? कहाँ छन् र के गर्दै छन्, भन्ने कुराको कुनै लेखाजोखा हुन सकेको छैन। त्यसमा पनि स्वयं महिलाहरूको सहभागिता र भूमिकाको त कुनै खोजी नै भएको छैन। यस क्रममा के कति नेपाली महिलाहरूले शहादत प्राप्त गरे, त्यसको समेत यथार्थ खोजविन हुन सकेको छैन।

२००४ सालदेखिकै राजनीतिक इतिहासलाई हेर्ने हो भने त्यसबेलाको महिला प्रतिको पक्षपातपूर्ण सामाजिक वातावरणलाई चिरेर पनि कयौं महिलाहरूले प्रजातान्त्रिक आन्दोलनमा सक्रियतापूर्वक भाग लिएका छन्। त्यस समयमा महिला राजनीतिक कार्यकर्ताहरूमा साधना प्रधान, साहना प्रधान, मंगलादेवी सिंह, स्नेहलता, मिठ्ठुदेवी (शारदा राणा), प्रेमलता कंसाकार, प्रतिभा कर्माचार्य, गुलवदन ताम्राकार, कोकिला तुलाधर, शान्ता श्रेष्ठ, सरोजीनी मानन्धर, नानीमैया श्रेष्ठ, मिठाइ महर्जन, हिरादेवी तुलाधर, भानुदेवी तुलाधर, मैनु प्रधान आदिको नाम अग्र पंक्तिमा देखिन्छ। त्यस्तै कृष्ण कुमारी मानन्धर, कनकलता नकर्मी (बज्राचार्य), हसिनादेवी श्रेष्ठ, मोहनी अमात्य, नानु प्रधान, रेवन्ती कुमारी आचार्य, सितादेवी शर्मा, प्रतिभा कर्माचार्य, चम्पादेवी बज्राचार्य, तिर्थदेवी श्रेष्ठ, दुर्गादेवी र मोतीदेवी श्रेष्ठ पनि त्यसै बेलाका सक्रिय महिला राजनीतिक कार्यकर्ता र नेताहरू हुन्। राजनीतिक आन्दोलनमै लागेका कारण त्यसै समयदेखि महिलाहरूले अनेक प्रकारका दुःख, कष्ट, यातना, जेल जीवन

बिताउँदै आइरहेका छन्। त्यसरी नै त्यस पछिका हरेक राजनीतिक, प्रजातान्त्रिक, मानवअधिकार तथा सामाजिक न्यायको पक्षमा गरिएका सबै आन्दोलनमा महिला सहभागिता क्रमशः बढ्दै गएको छ। तर जनताको एक पछि अर्को परिवर्तनको आशा र उत्साह कुण्ठित भएको छ। जनताको बलिदान मतदान सत्ताप्राप्ति र स्वार्थ उपभोगको हतियार मात्र बनेको छ। प्रजातन्त्र पुनर्स्थापना पछि बितेका यी ७ वर्ष भित्र पनि नेपाली महिलाहरूले सत्तापक्षको निरंकुशताको विरूद्धमा आवाज उठाउँदा वा अन्य कारणले पनि शहादत प्राप्त गरेका छन्।

प्रजातन्त्र पुनर्स्थापनाको ७ वर्षमा ७ पटक सरकार परिवर्तन भइ सकेको छ तर पनि नेपाली जनताले परिवर्तन र प्रगतिको अनुभूति गर्न सकेका छैनन्। आज पनि छिन्ताङ काण्ड बल्झिदैछ, पिस्करको पीडा दोहोरिदैछ। आज शहीदका परिवारहरू अनाथ भएका छन्। छिन्ताङकी सुखमाया राई भन्दैछिन्- "गाउँभरी बौलाहा कुकुर पसे जस्तै गरी जथाभावी गर्दै हिंडेका पुलिसले मेरो पति रणध्वजलाई मारे।" झगेन्द्र राईकी आमा रूँदै भन्छिन्- "मेरो छोरालाई गाउँमा पुलिसले बस्नै दिएनन्। घरगाउँ घेरेर रातोदिन दुःख दिए। त्यहाँबाट भूमिगत रूपमै ऊ मोरङ पसेको थियो, लक्ष्मी मार्गमा गोली हानी मारेछन्।" यस्तै वेदनाका कथा र व्यथा सुनाउँछन् आज पनि शहीदका पत्नी, आमा, छोरा र छोरीहरू।

समग्र राजनीतिक आन्दोलनका क्रममा शहादत प्राप्त महिलाहरूको एकदमै छोटो विवरण प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ।

रामकुमारी राई

छिन्ताङ्ग हत्याकाण्डले चरम सिमा नाघी सक्दा पनि पञ्चहरूले जनताको रगतमा होली खेली रहँदै थिए। त्यही हत्या काण्डमा प्रहरीको निर्मम यातना कै कारण मारिएकी रामकुमारी राई पनि शापकहरूबाट हत्या गरिएकी शहीद हुनुहुन्छ। तर उनलाई राज्यले शहीदको घोषणा गरेको छैन।

हाँखीमा राई

पञ्चायत कालको कालरात्रीलाई सम्झाउने घैरे हत्या काण्डका घटनाहरू मध्ये छिन्ताङ्ग हत्याकाण्डमा तत्कालीन सरकारले प्रजातन्त्र र जनमुक्तिका धेरै योद्धाको हत्या गरेको थियो। त्यसरी हत्या गरिएकाहरूमध्ये २०३६ साल कार्तिक २९ गते हाँखीमा राईलाई शसस्त्र प्रहरीले निर्मम ढंगले कुटी-कुटी यातना दिए। राती ९ बजे ९ महिनाकी गर्भवती हाँखीमालाई वेहोश बनाएर प्रहरी हिंडेका थिए। उनको त्यही प्रहरी यातनाको कारण त्यसको ८ घण्टापछि निधन भयो। हाँखीमा तत्कालीन अवस्थामा एक सांस्कृतिक कर्मी तथा पञ्चायतका विरूद्ध सक्रिय राजनीतिक कार्यकर्ता हुनुहुन्थ्यो। हाँखीमालाई २०४७ सालमा अन्तरिम सरकारले शहीदको घोषणा गरेको छ।

मिना ढकाल

शिक्षक आन्दोलनका क्रममा पेशागत हक हितको पक्षमा आवाज उठाउँदै गरेको अवस्थामा प्रहरीको गोलीबाट मारिने शहीदको नाम हो- मिना ढकाल। २०४२ साल मोरङको बेलबारीमा मारिनु हुने शहीद मिना ९ महिनाको गर्भवती पनि हुनुहुन्थ्यो। उहाँको जन्म २०१९ सालमा झापाको शिवगञ्जमा भएको थियो।

रिता शिलाकार

प्रजातन्त्र पुनर्स्थापना पछि प्रहरीको गोलीबाट शहादत प्राप्त गर्ने महिला शहीद रिता शिलाकारलाई प्रहरीले २०५० असार १४ गते घरको झ्यालमा गोली हानी हत्या गरेका थिए। दासढुंगा हत्या काण्डको न्यायिक छानवीनको माग गर्दै विरोध प्रदर्शन भइरहेको अवस्थामा प्रहरीले ललितपुर टंगालमा घर भित्रै बसेकी रितालाई गोली हान्नलाई कति पनि संकोच मानेन। २०३६ सालमा जन्मेकी रिता पाटन क्याम्पसमा प्रमाणपत्र तहमा अध्ययन गर्नुका साथै ललित कल्याण केन्द्र प्रा.वि.मा अध्यापन पनि गर्नु हुन्थ्यो।

गीता सन्तराज

बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पछि पनि सरकारले विभिन्न बहानामा नागरिकको हत्या गरी नै रहेको छ। २०५० पुस २७ गते झापा जिल्लाको दमकमा १२ वर्षीय बालिका गीता सन्तराज पनि प्रहरीको गोलीको शिकार भइन्। स्थानीय प्रहरी थानाका स.ई. लोकेन्द्र श्रेष्ठको ज्यादतीका विरोधमा स्थानीय जनताले आयोजना गरेको विरोध प्रदर्शनमा प्रहरीले गोली चलाउँदा १२ वर्षीय बालिका गीताको मृत्यु भएको थियो।

ओममाया (होम कुमारी) सुनुवार

२०१७ सालमा २००७ सालमा प्राप्त प्रजातन्त्रको अपहरण भएपछि नेपाली कांग्रेसले देशका विभिन्न भागमा सशस्त्र आन्दोलनको थालनी गऱ्यो। त्यही सशस्त्र आन्दोलनको क्रममा २०१८ साल माघ २ गते इलाम जिल्लाको माईपोखरी जयथुम्कीमा १२ वर्षीय बालिका ओममाया (होम कुमारी) सुनुवारलाई तत्कालीन सत्ताका सेनाले गोली हानी हत्या गरे। ओममाया सुनुवारसंगै उनको डेढ वर्षको भाइ डिकबहादुरको पनि हत्या गरिएको थियो। शहीद ओममायालाई भूमिगत रहेका ने.का.का सेनालाई खाना र पानी पुऱ्याएको निहुँमा हत्या गरिएको थियो। उनका पिता डम्बर सिंह सुनुवार पनि ने.का.का सक्रिय कार्यकर्ता हुनुहुन्थ्यो।

रेखा रिसाल

२०४६ सालको जनआन्दोलनको सफलता पछि अर्थात् चैत २७ गते पछि पनि निरंकुश पञ्चायती शासनको ज्यादती र दमनको अवशेषले अरू केही दिन जनतामा आफ्नो क्रुर पञ्जा फैलाउने दुष्प्रयत्न गरिनै रह्यो। त्यही क्रममा २०४७ वैशाख १० गते १० वर्षीय रेखा रिसाल पनि इन्द्रचोक गणेशस्थानमा प्रहरीले अन्धाधुन्ध चलाएको गोलीको शिकार भइन्। प्रहरीको गोली छातीमा लागेर घटनास्थलमै शहादत प्राप्त गर्ने रेखा सबैभन्दा कम उमेरको महिला शहीद हुनुहुन्छ। आफ्ना पिताले अर्कै विवाह गरेपछि आफ्नी आमा रेनुका खड्काको संरक्षणमा हुर्कंदै गरेकी रेखाका एक दाजु र एक भाइ छन्।

ज्ञानीशोभा बज्राचार्य

निरंकुश शासनको अन्त्य र बहुदलीय प्रजातन्त्रको लागि जनआन्दोलनमा सक्रिय जनताको अपार उर्लदो जनलहरलाई आफ्नै घरको झ्यालबाट हेरी रहेकी एक महिलालाई २०४६ चैत २५ गते सेनाले आफ्नो निशान बनाए। त्यसरी शहादत प्राप्त गर्ने महिला शहीदको नाम हो- ज्ञानीशोभा बज्राचार्य। ३३ वर्षीय शहीद ज्ञानीशोभालाई ललितपुर नःटोलमा सेनाले गोली हानेको थियो। शहीद ज्ञानीशोभाका पति र पाँच छोरी छन्।

सोनावती देवी यादव

२०४६ सालको जनआन्दोलनको क्रममा शहादत प्राप्त गर्ने महिला

ज्ञानशोभा बज्राचार्य

पम्फा खड्गी

जानकी देवी यादव

मुनेश्वरी यादव

सोनावती यादव

सोनावती देवी यादव हुन्। उनलाई २०४६ फागुन ९ गते धनुषा जिल्लाको जदुकुहामा प्रहरीले गोली हानेको थियो। स्थानीय रूपमा पञ्चायती शासनको विरोध तथा प्रजातान्त्रिक आन्दोलनको पक्षमा जनताहरू संगठित भएको अवस्थामा प्रहरीले गोली चलाउँदा घरभित्रै रहेका गृहिणी महिला र नावालकहरू समेत गोलीको शिकार भएका थिए। सोनावती देवीको त्यही घटनाको १५ घण्टापछि उपचारका लागि भारतको दरभंगा तर्फ लैजाँदा लैजाँदै मृत्यु भएको थियो।

२००८ सालमा जन्मनु भएकी सोनावती देवी एक गृहिणी तथा कृषक महिला हुनुहुन्थ्यो। उहाँका पति, चार छोरी र एक छोरा छन्। शहीद सोनावतीको पेटबाट छेडेर प्रहरीको गोली पछाडिबाट निस्किएको थियो।

मुनेश्वरी यादव

जदुकाहा कै अर्को शहीद ४५ वर्षीय मुनेश्वरी यादव हुनुहुन्छ। २०४६ फागुन ९ गतेका दिन पञ्चायतको विरोधमा जदुकाहाका स्थानीय जनताले विरोध जुलुस प्रदर्शन तथा आमसभा गर्न लागेको थाहा पाएर सशस्त्र प्रहरी बल जदुकाहा प्रवेश गरेको थियो। त्यही सशस्त्र प्रहरी वलले नेपाली कांग्रेसका नेता तथा सांसद शिवधारी यादवको घरमा अन्धाधुन्ध गोली चलाउँदा मुनेश्वरी यादवको पनि पेटमा गोली लाग्यो। उहाँलाई उपचारको निम्ति वीरगञ्ज ल्याउँदा ल्याउँदै शहादत प्राप्त भयो। उहाँको पति, एक छोरी र एक छोरा छन्।

पम्फा खड्गी

२०४६ सालको जनआन्दोलनमा शहादत प्राप्त गर्नेहरूमा शहीद पम्फा खड्गी पनि हुनुहुन्छ। २४ वर्षीय पम्फा खड्गी २०४६ साल चैत २१ गते जनआन्दोलनको निर्धारित कार्यक्रम ब्ल्याक आउटका दिन राती ८ बजेतिर प्रहरीको भ्यानले किचेर हत्या गरिएको थियो।

जानकी देवी यादव

धनुषा जिल्लाको जदुकाहा गोली काण्डमा तत्कालीन सरकारद्वारा गरिएको निर्मम दमनका कारण एकै घटनास्थलमा ५ जनाले शहादत प्राप्त गरेका थिए। २०४६ फागुन ९ गतेका दिन जदुकाहामा शाहदत प्राप्त गर्नेहरूमा ३ महिला, १ नाबालक र १ पुरूष थिए। ती नै शहीद मध्ये ६१ वर्षीय बृद्धा जानकी देवी यादव यो देशका सयौं शहीद मध्ये सबैभन्दा बढी उमेरमा शहादत प्राप्त गर्ने महिला हुनुहुन्छ। शहीद जानकी देवीले प्रहरीको गोलीबाट घटनास्थलमै शहादत प्राप्त गर्नु भएको थियो। उहाँको वायाँ पेटमा गोली लागेको थियो।

सम्झना दाहाल

टनकपुर सम्बन्धी सम्झौतामा राष्ट्रिय हित विपरित कार्य भएको ठहर गर्दै देशका विभिन्न राजनीतिक शक्तिहरूले आयोजना गरेको विरोध कार्यक्रममा २०४९ फागुन २२ गते सिन्धुली जिल्लामा प्रहरीको गोलीबाट कक्षा १० मा अध्ययनरत छात्रा सम्झना दाहालको हत्या गरियो। सम्झना दाहाल प्रजातन्त्र पुनर्स्थापना पछि शासकको गोलीबाट शहादत प्राप्त गर्ने महिला शहीद हुनुहुन्छ।

अन्य केही महिला शहीद

सरकारले अहिलेसम्म शहीदको स्पष्ट परिभाषा, शहीदको घोषणा, शहीदको सम्मान र शहीदका परिवारको संरक्षणको विशेष व्यवस्था गर्न सकेको छैन। त्यस्तो व्यवस्था गर्न नसकेको मात्र हैन, गर्ने तर्फ स्पष्ट नीति पनि अघि सारिएको छैन।

महिला शहीदको चर्चा गर्दा अरू धेरै महिला शहीदहरूको सन्दर्भमा अझ खोजी हुनै पर्ने देखिन्छ। प्रजातान्त्रिक आन्दोलनमा सत्ता पक्षबाट दमन र हत्या गरिएका कैयौं नागरिकहरूको अभिलेख नभएको २००७ साल अघि पछिको आन्दोलनका सहभागीहरूको मत छ।

महिला शहीदका पंक्तिमा धनकुटाकी बखतमाया राईका सम्बन्धमा पनि पर्याप्त खोज, अनुसन्धान हुन सकेको छैन। रामेछापकी उमादेवी मुक्तानस्या लगायतका अन्य त्यस्ता धेरै महिलाहरू छन्, जसले नेपालको प्रजातान्त्रिक आन्दोलनमा अनेक प्रकारले सहभागिता जनाए र जीवन बलिदान पनि गरे। आज पनि ती वीराङ्गना महिलाको सही विवरण सार्वजनिक गर्न नसक्नु ज्यादै दुःखको विषय हो। ●

भूवनलाल थापाः

न शहीद बन्न सके न जीवित रहन पाए

– नवराज पथिक

रामेछाप जिल्लाको दोरम्बा गाउँ विकास समिति वडा नं. ८ मा २०१८ साल मंसिर २३ गते जन्मिएर २०४९ जेठ १० गतेदेखि गायव गरिएका भूवनलाल थापा मगर प्रजातन्त्रको पुनर्स्थापना पश्चात गायव गरिएका नेपाल आमाका छोरा मध्य एक हुन्। २०४८ सालबाट संयुक्त जनमोर्चा नेपालको राजनीतिमा लागेका भूवनलाई सरकारी स्तरबाट नभएर नेपाली कांग्रेस भित्रका अपराधिक गतिविधिमा लागेका मानिसहरूद्वारा गायव गरिएको थियो।

तिन छोराका पिता भूवनललालाई गायव गरिएपछि उनकी पत्नी पनि अन्यत्रै गएको कारण छोराहरू आमाबाबु विनाका टुहुरा बनेका छन्। छोराको वियोगमा पीडाको आँशु पिउँदै ७५ वर्षीय बाबु धनलाल थापा र ७८ वर्षीया आमा मनकुमारी थापा मृत्युलाई पर्खिरहेका छन्।

घटनाको सुरुवातः

२०४९ जेठ १५ गते तत्कालीन सरकारले स्थानीय निर्वाचनको घोषणा गरेपछि सम्पूर्ण राजनैतिक पार्टीहरू चुनावी अभियानमा जुटे। चुनावमा संयुक्त जनमोर्चाको प्रचार प्रसार अभियानमा जान जेठ १० गते भूवनलाल विहान घरबाट निस्किए। दोरम्बाका सबै साथीहरू जम्माभइ भूवनको टोली प्रचार प्रसाको लागि डडुवा गाउँ विकास समिति तर्फ लाग्यो। डडुवा तर्फ गई रहेको अवस्थामा तत्कालिन दोरम्बा गाविसको अध्यक्षका उम्मेदवार डिक बहादुर योन्जन लगायतका व्यक्तिहरूले जनमोर्चाको चुनाव समूहमाथि आक्रमण गऱ्यो। अरू भाग्न सफल भएतापनि भूवन भने कब्जामा परे। सोही घटनामा घाइते भएका एक जना धामीको खुट्टामा छुरीको चोट लागेको थियो। उनलाई जेठ ११ गते दोरम्बा स्वास्थ्य चौकीमा उपचार गरियो। त्यस दिन कब्जामा परेका भूवन भने कब्जाबाट कहिलै उम्किएर बाहिर आएनन्।

भूवनलाल मारिएकै हुन्

भूवनलाल मारिएकै हुन् भन्ने प्रमाणहरू पर्याप्त मात्रामा छन्। भूवनलालले सो दिन लगाएको कटनको सेतो दौराको आधा पास्वो रगतका छिटाहरू र छुरीको डोव सहित उनी हराएको केही समयपछि घटनास्थल नजिकै डडुवा गाविसको मंसिरे भन्ने ठाउँमा फेला परेको थियो। जो अझै पनि सुरक्षित छ। त्यस्तै त्यसताका डडुवा र दोरम्बा गाविसमा तत्कालीन प्रशासनले ३ महिनासम्म कसैलाई जान नदिइ कर्फ्यू लागु गर्नाले पनि सो कुकृत्यलाई प्रष्ट पार्दछ।

अपराधीहरुमाथि कारवाही भएन

भूवनलाई गायव गरिएपछि आफ्नो छोराको हत्या भएकोले अपराधीमाथि कारवाही गरि पाउँ भनि २०४९ सालमा भूवनका पिता धनलाल थापा जिल्ला प्रहरी कार्यालय रामेछापमा उजुरी लिएर जाँदा तत्कालीन डि. एस. पी. ले यो मलाई दिने हैन भनि फिर्ता गरे। त्यस्तै प्र.जि. अ. ले पनि मूद्दा दर्ता गरेनन्। गृह मन्त्रालयमा जाँदा तत्कालीन गृहमन्त्री शेर बहादुर देउवाले निर्दोष मान्छेलाई दोष लगाउने भनि हप्काइ पठाए। भूवनका हत्याराहरू अहिले खुल्लमखुल्ला हिडिरहेका छन्। उनीहरूमाथि कुनै कारवाही भएको छैन। भूवनका पित गहभरि आँशु पार्दै भन्छन्–"प्रजातन्त्रमा मान्छे मारिए पछि मारिएको मारियै हुँदो रहेछ। अपराधीमाथि कारवाही नभएको देख्दा आत्मा कुँडिएको छ। अपराधीमाथि कारवाही भए शान्तिको सास फेरेर मर्ने थिएँ।"

भूवनको नामबाट नक्कली चिठी

२०४९ सालको असारको अन्ततिर दोरम्बा प्रहरी चौकीका प्रहरी जवान मदन बोहोराले भूवनको नामबाट पठाइएको पत्र भूवनको पिताकोमा लिएर गए। खाममा लेखेको अक्षर आफ्नो छोराको नभएकोले धनलालले पत्र बुझ्न मानेनन्। खाम नभएपनि पत्र होला भनि प्रहरीले भनेपछि उनकै सामू पत्र खोल्दा ती अक्षर आफ्नो छोराको नभएको कुरा धनलाल बताउँछन्। सो पत्र रक्सौलबाट पठाइएको र आफू जीवित रहेको व्यहोराको थियो। पत्र आफ्नो छोराले लेखेको हैन भन्ने ठहर भएपछि धनलालले यो पत्र कसले पठाएको भनि सोध्दा प्रहरी मदन बोहोराले आफूलाई डिक बहादुर योन्जनले दिइ पठाएको कुरा बताएको थियो भनी कुरा धनलाल बताउँछन्। सो पत्र पुनः प्रहरीले फिर्ता लगेको कुरा पनि थापा बताउँदछन्।

भूवनका माता-पिता दयनीय अवस्थामा

भूवनका माता-पिताको अहिलेको आर्थिक अवस्था अत्यन्त दयनीय छ। परिवारको नाम ३ रोपनी जग्गा छ। त्यस बाहेक अन्य आय श्रोत केही छैन्। भूवनकै पिताको शब्दमा-"धानको नाम ४ मूरी मात्र आउँदछ। मकै, कोदोवारी छैन। दुई बूढा बूढीलाई खान धौ धौ छ। कमाएर खान दिने छोरो मारिदिई हाले। बाँच्न गारो भो, मर्न काल आउँदैन।"

पीडीतहरुले कतैबाट सहयोग पाएनन्

भूवनलाललाई गायव गरिएको ६ वर्ष बितिसकेको छ। न त उनको सरकारी स्तरबाट खोजी भएको छ। न त भूवनका माता पिताले कतैबाट कुनै सहयोग पाएका छन्। बरू मानवअधिकार कार्यकर्ताबाट रू. १ हजार, चन्दाबाट रू. ६ हजार, डि. एस. पी. कृष्ण बहादुर तामाङ्ग रू. ५ सय प्राप्त गरेका थिए। त्यस्तै संयुक्त जनमोर्चा रामेछापले घर छाउने जस्ता खरिद र टोकरपूर गाउँ कमिटी एमालेबाट सो जस्ता ढुवानी गर्ने काम भएबाट थापा परिवार अहिले जस्तालै छाएको घरको छानामूनि बस्न पाएका छन्। त्यस्तै भूवनलालका जेठा छोरा केशवलाल थापा र माहिला छोरा टिकालाल थापा, दोरम्बाका पासाङ योन्जन र विष्णुराज लामाको प्रयत्नबाट विदेशी सहयोगमा अहिले काठमाण्डौमा बोर्डिङ स्कूलमा २ र १ कक्षामा अध्ययनरत छन् भने कान्छो छोरा टंकलाल स्थानीय जन जागृति प्रा. वि. मा अध्ययनरत छन्।

भूवनका माता-पिताले बृद्ध भत्ता पाएनन्

भूवनलालकी माता मनकुमारी थापाले २०५३ पुष सम्म बृद्ध भत्ता पाएकी भएतापनि हाल सो रकम पाउन सकेकी छैनन्। बाबु धनलाल पनि ७५ वर्ष लागि सकेका छन्। तर उनले पनि भत्ता पाएका छैनन्। गाविसमा भत्ताको लागि निवेदन दर्ता गर्न जाँदा गाविस अध्यक्षले दर्ता गर्न नमानेकोले आफ्नो नागरिता र निवेदन जि.वि.स. सभापतिलाई पठाएका तर के कारवाही भयो भन्ने बारे थाहा नभएको कुरा धनलाल बताउँदछन्।

अन्तमा

देशमा प्रजातान्त्रिक व्यवस्थाको व्याख्या, मानवअधिकारको विश्लेषण गर्ने सबै राजनैतिक पार्टीहरू भूवनको हत्यापछि सरकारमा पुगिसकेका छन्। प्रजातन्त्र र मानवअधिकारका कुराहरू नारामा मात्र सिमित हुने हुन् वा व्यवहारमा पनि उतारिने हुन्? गलत कृयाकलापमा लाग्ने आफ्ना कार्यकर्ताहरूलाई कारवाही गर्नुको सट्टा किन च्यापेर हिड्ने गरिन्छ? यी प्रश्नहरू कहिलेसम्म अनुत्रिरत रहने हुन थाहा छैन!

पासाङ् ल्हामु शेर्पा .....

अन्ततः पासाङ्ले २०५० बैशाख १० गते अपरान्ह २.१५ बजे विश्वको सर्वोच्च शिखर सगरमाथामा प्रथम नेपाली महिलाका रूपमा विजय प्राप्त गरेर नै छोडिन्। सगरमाथा सफल आरोहीको १७ औं स्थानमा सफल पासाङ् सफल सगरमाथा आरोही महिलातर्फ २९ औं व्यक्तिको स्थानमा थिइन्। उनी सर्वोच्च शिखर आरोही त्यस्तो महिला हुन्, जस्ले नेपाली नागरिकहरू मात्र सम्मिलित टोली लिएर सगरमाथामा पहिलो पटक नेपाली झण्डा मात्र फहराइएको थियो। यस अघिका सबै टोलीहरूले (विभिन्न सबै देशका नागरिक हुने सम्पूर्ण टोलीहरूले) एक भन्दा बढी देशका झण्डा फहराउने गर्दै आएका थिए।

आफ्नो देशमा रहेको सर्वोच्च शिखर चढेर देशको र नेपाली महिलाको प्रतिष्ठा बढाउँछु भन्ने ती साहसी महिलालाई सरकारी असहयोग, रोयल्टीमा छुट नदिइनु, उपकरणको अभाव हुनु र तत्कालीन प्राकृतिक परिस्थिति समेत प्रतिकूल हुनुले पनि ज्यान गुमाउनु पर्‍यो। सर्वोच्च शिखर सफलतापूर्वक आरोहण गरेर फर्कने क्रममा बेस क्याम्प (आधार शिविर) तर्फ लग्दा ८,५०० मीटरमा आइपुगेपछि उनी र उनको टोलीमाथि नै गम्भीर संकट आइलाग्यो। अन्त उनी त्यही हिम शिखरमा हराउन बाध्य भइन्। उनको शवलाई १९ दिन पछि ०५० बैशाख २८ गते साउथ समिटमा फेला पारियो। तर अर्का उनका सहयोगी जस्ले ४ पटकसम्म सफलतापूर्वक सगरमाथा आरोहण गरिसकेका थिए, ती हिम सरदार सोनाम छिरिङ भने हालसम्म पनि बेपत्ता नै छन्। त्यसरी नेपाल आमाकी साहसी छोरी पासाङ्ले सम्पूर्ण नेपाली कै गौरव बढाइन्। तर दुर्भाग्य, हर्ष र विस्मातका क्षण नेपाली जनताले एकैसाथ सामना गर्नु पर्‍यो।

पासाङ्को शवलाई ०५० जेठ ३ गते आधार शिविर हुँदै जेठ ४ गते काठमाण्डौ ल्याइ पुर्‍याइयो। जेठ ७ गते स्वयम्भूमा उनको अन्तिम दाहसंस्कार सम्पन्न भएको थियो। उनको दुःखद अन्त्यसँगै नेपाली जनताले अन्य केही दुःखद दुर्भाग्यको सामना गर्नु पर्‍यो। एक हप्ता देखि हिम शिखरमा बेपत्ता नेपाली वीराङ्गनाको मृत शव सगरमाथामा फेला परिरहेको थियो भने त्यही दिन (जेठ ३, २०५०) नेपाली कम्यूनिष्टआन्दोलनका दुई शिर्षस्थ नेता मदन मण्डारी र जिवराज आश्रितलाई पनि नेपाली जनताले गुमाउन परिरहेको थियो। संभवत त्यसै वर्ष नियतीले नेपाली जनताप्रति ठूलै अन्याय गरेको थियो। त्यही वर्ष त्यसै समयावधिलाई केन्द्र बनाएर नेपाली जनताले साहित्यकार पारिजात र वासु शशीलाई पनि गुमाउनु पर्‍यो।

स्व. पासाङ् ल्हामु शेर्पा नेपाली महिलाको साहस, त्याग, उदारता र वलिदानको इतिहासमा एउटा गौरव, साहस र प्रेरणाकी प्रतिमूर्ति नै हुन विश्वको पर्वतारोहणको इतिहासमा उनको आफ्नै स्थान र महत्व हुन सक्छ तर नेपाली महिला र सम्पूर्ण नेपाली नागरिकको लागि उनको वलिदानीपूर्ण संघर्षले विशिष्टमहत्व राख्नेको छ। राष्ट्र, राष्ट्रियता र आम नागरिकको स्वाभिमानलाई प्रतिष्ठित गर्छु भन्ने व्यक्तिलाई सरकारले सहयोग एवं प्रेरणा नदिए पनि उनले आफ्नो अठोट पूरा गरेर नै छोडिन्।

सगरमाथा आरोहण संग-सँगै यस शिखरको गरिमामय प्रतिष्ठालाई जोगाई राख्ने पक्षमा पनि पासाङ् दृढ संकल्परत थिइन्। सगरमाथाको अस्तित्वलाई जीवित राख्न त्यहाँ थुप्रिएको फोहोर हटाउनु पर्छ, अनाधिकृत पर्वतारोहण र विदेशीहरूको अनाधिकृत कृयाकलापहरू नियन्त्रण गर्नु पर्छ, आरोही टिमले आफ्नोसाथमा लगेका उपकरण आदि सामाग्रीको प्रयोग पछि फोहोरका रूपमा त्यहीं नफ्याँकी फिर्ता ल्याउनु पर्छ, नेपाली टिमलाई विशेष अवसर प्रेरणा तथा सहयोग गर्नु पर्छ र सगरमाथा आरोहण सम्बन्धी विद्यमान मापदण्डलाई समायानुकूल परिवर्तन गर्नु पर्छ भन्ने उनको मान्यता थियो। सर्वोच्च शिखर सगरमाथा चढ्न इच्छुकहरूलाई त्यस अघि ८,५०० मीटर अग्ला अन्य कुनै हिम शिखर चढिसकेको हुनुपर्ने नियम लगाउन सके अन्य हिम शिखरको महत्व पनि बढ्ने र सगरमाथाको महत्व अझ बढ्ने उनको धारणा थियो। पर्वतारोहण सम्बन्धी तालिम हुनुपर्ने, हिम शिखर आरोहणमा विशेष दखल राख्ने शेर्पा जातिको विशेष संरक्षण हुनु पर्ने शिक्षा रोजगारी र अन्य सुरक्षाको व्यवस्था हुनुपर्ने उनको माग थियो।

मरणोपरान्त उनलाई राज्यले सु-प्रशिद्ध मान्यवर नेपाल तारा प्रथमले सम्मानित गरेको छ। उनको नाममा विभिन्न पुरस्कार स्थापना भएका छन्। विभिनन सडकको नाम पासाङ् ल्हामु मार्ग राखिएको छ। राष्ट्रिय युवा कोषले २०५० को उत्कृष्ट युवा पुरस्कारले सम्मान गर्‍यो। श्री ५ को सरकारले रू. १० को हुलाक टिकट प्रकाशित गरेको छ। महालंगुर हिम श्रृंखलामा पर्ने ७,३५१ मीटर अग्लो जासम्बा हिमचूलीको नाम "पासाङ् ल्हामू चुली" राखिएको छ। उनको सम्झनालाई चीर स्थायी राख्न राजधानीको बौद्धस्थित चोकमा एक सालिक निर्माण गरिएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २०५२ चैत २८-३० गते सम्म काठमाण्डौमा सम्पन्न गरेको प्रथम राष्ट्रिय महिला भेलाले "पासाङ् ल्हामु संकल्प" पारित गर्दै नेपाली महिलाको हक अधिकारको रक्षाका विभिन्न सवालमा जोड दिएको छ। र, यी सबै कुराका अतिरिक्त उनको साहसलाई जिवन्त राख्न र प्रेरणा श्रोतका रूपमा लिन राज्यले अझै धेरै रचनात्मक कामहरू गर्नु पर्ने तर्फ भने ध्यान दिएको पाइदैन। ●

अर्को उज्यालोको खोजीमा

देविका तिमिल्सिना

कमला अझै निदाउन सकिन। उठेर पानी खान खोजी अंखोरा रित्तिइ सकेछ। उसले आफ्नै आँखा छामी, आँखामा आँसु बगेको रहेनछ। लाग्यो उसभित्र अब आँसु पनि छैन।

नीलो कोठामा जीरोवाटको दूधे बल्व बलिरहेको छ। ओछ्यान असरल्ल छ सिरकसंगै। केही किताबहरू छरिएका छन् टेबुलमा। टेबुलसंगै एउटा मेच रित्तो छ। कमला यताउता हेर्छे कतै पनि आँखा गड्दैन। केही छैन जस्तो। उराठ र शून्य। ऊ आफैं पनि कोठामा छैन जस्तो लाग्छ र झ्यालको पर्दा उठाएर बाहिर खोज्छे। बाहिर कतै कुकुर भुकिरहेको छ। टाढा टाढा सन्नाटालाई चिर्दैछ लाटो कोसेरो। डरलाग्छ रातदेखि उसलाई। ऊ सल-सलाउँदा सुनौला दिनहरूको खोजी गरिहेकी मान्छे, कसरी डरलाग्दो अँध्यारोसंग आत्मसात गर्न सक्छे ऊ। हठात उसका हातहरू स्वीचमा पुग्छन्। कोठा झल्मलाउँछ, उसका आँखा अलिबेर तिल्मील हुन पुग्छन्। के गर्दैछु म? आफैंसंग प्रश्न गर्छे। म दिन खोजिरहेको छु। न्यानो न्यानो सूर्य खोजिरहेछु। मलाई फूल फुलेको हेर्न मन लागिरहेको छ। म अँध्यारो सहन सक्तिन। मलाई "अँध्यारोमा नफाल" मान्छेहरू! ऊ एक्कासी रून पुग्छे। फेरि शान्त हुँदै अर्को कोठाको चाल सुन्छे। उता कोठामा मानिसहरू निदाइ रहेको निश्वास सुनिन्छ। केही आश्वस्त हुन पुग्छे। उसका आँखा पल्टिरहेको कापिका पानाहरूमा दौडिन्छन्। ऊ आँखालाई त्यही सग्ला अक्षरहरूमा अड्याइ दिन्छे- "नारी मानव सभ्यताको सुन्दर सृष्टि हो।"

ऊ कापिलाई छातीमा टाँसेर दुबै हातले खूब थिच्छे। यो झूठ हो। यो निबन्ध मैले लेख्न नसकेपछि तपाईले आफैं लेख्नु भयो। जे लेख्नु भयो यथार्थदेखि धेरै टाढा दूर क्षितिजका आदर्शहरू। नारी बिना संसारको सुन्दरता अभिव्यक्त हुनै सक्तैन, जहाँ नारीहरू हाँस्छन् त्यहाँ हरेक प्राणी रमाउँछन् र नारी सम्मान गर्न नसक्ने मान्छे धेरै पढे पनि मूर्ख समान हुन्छ। हो तपाईंले यस्ता कुराहरू त्यो निबन्धमा लेख्नु भयो। मलाई माया पनि गर्नु भयो। विरामी हुँदा तपाईंको आँखामा कस्तो उकुसमुकुस छट्पटि चलेको थियो, त्यो मैले एक अक्षर नबिराई पढेकी हुँ। तर तपाईंको गल्ती सबै म कहाँ छ भनुँ? मेरो गल्ती खोइ कहाँ हुन गयो? त्यो पनि मैले चाल पाइन।

बिगतहरू फिल्मी दृष्य झैं आँखामा आउन थाल्दछन्। उसलाई एकसरो आनन्द अनुभूत हुन्छ। कोही आएर भन्दैछ- कमला म तिम्रो आँखामा आँशु हेर्न चाहन्न। समाजमा बाँच्न निकै संघर्ष गनुपर्छ। परिस्थितिहरूसंग जुझेर सामना गर्न सकिएन भने हरेक ठाउँमा पछाडि परिन्छ। तिमी आँट गर, कमला! म तिम्रो खुशी र आनन्दको लागि यी हात र काँधहरू दिन्छे।

हाम्रो नाता एउटा शिक्षक र छात्राको न हो। यस्तै यस्तै ढाडस र सान्त्वनाले उचाल्दै मलाई एस. एल. सी. सम्म सजिलैसंग पास गराउन निर्मल सरको हात मात्र थिएन। मेरो जीवनको हरेक क्षण संभवतः उहाँकै लागि समर्पित भइसकेको थियो। मेरो खुशी र आनन्द अहिले यसरी ओइलाउने नै थिएन।

मैले आशा गरेकी थिएँ। चैत छब्बीस गतेपछि निर्मल सरको खबर थाहा पाउने छु। यही होष्टेलमा उहाँसंग भेट गरेको पनि तीन महिना बितिसकेछ।

शहीदको लिष्टमा निर्मल सर! म विश्वास गर्न नसक्ने भइसकेकी थिएँ मैले पाल्पा मदनपोखराकी सावित्रीसंग सोधें, उसले भनी निर्मल भान्डाइ शहीद हुनु भएछ आन्दोलनमा।

सपनाहरू धेरै थिए। संगै बाँच्ने र हाँस्ने क्रम उपक्रमहरू थिए। उहाँ शहीद भएर सत्ता पाउनेहरूले जय जय गाइनै रहलान्। धेरै उत्सर्गका कुराहरू आउलान्। महान र आदर्श पुरूषको पदवी देलान्। तर यो हृदयको खाडल पुरिंदैन। जीवनमा घाम अस्ताइ सकेपछि बाँच्न कति कठिन हुन्छ? यो प्रश्न गरिरहनु पर्ने कुरै होइन।

मेरोलागि संसार अँध्यारो भइसकेको छ। शहीदको संझनामा दीप जलाएर पार्टीहरू शहीद दिवस मनाइ रहन सक्लान् तर म आफ्नो गुमेको जीवनसाथी र हरियाली क्षण फर्काउन सक्दिनँ। मान्छेहरू! निर्मल सर जस्ता शहीदको संझना गरेर नयाँ दिन भोगिरहेछौ तर निर्मल सरको सपना र जीवनको अन्त्य गर्नेहरूलाई तिमीले के गऱ्या?

"छोड तिम्रो अधमरो प्राप्ति! जहाँ सिंगो जीवन सुम्पेर जाने शहीदलाई फेरि जीवन लिएर आऊ, कसैसंग माया नसाट र आन्दोलन गर। शहीद बन। फेरि प्राप्ति। फेरि शहीद।" यो कसैले भन्न सक्दैन। फेरि भनेर पनि केही हुने होइन।

आखिर यसरी कहाँ पाइन्छ जीवन? कमला उठ्छे र एउटा राँको बोकेर अँधेरो मै होष्टेल कम्पाउण्ड छोड्छे। र यसरी अर्को उज्यालो छर्ने प्रयास कमला गर्छे। मानौं निर्मल सरको सपना उसले बोकेकी छे। ●



वर्ष पुस्तकको आधिकारिक आकलन
सन् १९९७ मा मानवअधिकारको हनन

हत्या/गोली

सन् १९९७ मा देशभरिमा विभिन्न प्रकारका ४४८ वटा हत्याका घटनाहरू भए। ती घटनाहरूमा व्यक्तिगत रिस इबी तथा राजनीतिक, आर्थिक, साँस्कृतिक घटना भए भने ती बाहेक यिनै कारणले भएका अन्य ३ घटनामा राज्यपक्षसंग सम्बन्धित व्यक्तिको समेत संलग्नता रहेको थियो। त्यस्तै गोलीबाट भएका ८० वटा हत्याका घटनामा २९ वटा घटनामा भने प्रहरीको संलग्नता रहेको पाइयो। सन् १९९७ मा मात्र प्रहरीबाट माओवादीका नाममा २३ व्यक्तिको ज्यान गएको छ। यो वर्ष राज्यपक्षसंग सम्बन्धित व्यक्ति संलग्न रहेको २४ वटा घटनामा ३१ जना पुरूष र ४ जना महिलाको निधन भएको छ। जसमा प्रहरीको गोलीले २९ जना, यातनाले ३ जना र अन्य प्रकारले हत्या हुनेमा ३ जना रहेका छन्।

गिरफ्तारी र यातना

संविधानतः प्रहरीद्वारा प्रक्राउ गरिएका व्यक्तिहरूलाई पक्राउ गरिएको ठाउँबाट बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक २४ घण्टा भन्दा बढी थुनामा राख्न पाइदैन। तर प्रहरीले पक्राउ गरिएका व्यक्तिहरूलाई २४ घण्टा भन्दा बढी थुनामा राखिने त्यसरी पक्राउ गरिएकाहरूलाई पक्राउ पूर्जी नदिइने तथा यातना समेत दिने गरेका घटनाहरू दोहोरिने गरेका छन्।

सन् १९९७ मा गिरफ्तारी र यातनाका २८१ वटा घटनामा १५६८ जनालाई प्रहरीले कारवाही गरेको छ। तिनीहरू मध्ये ८७७ जना पुरूष र ६८ जना महिला रहेको लिंगगत विवरण खुलेको छ भने अनय के कति महिला र पुरूष थिए भन्ने खुल्न सकेन। तर यी घटनाका अतिरिक्त अन्य कैयौं घटनाहरू सूचनामा सरकारी पक्षबाट हुने अवरोधका कारण पनि सार्वजनिक हुन सक्तैनन्।

निष्पक्ष न्यायिक अधिकार

अदालतले ढिलो न्याय सम्पादन गर्दा दिन प्रतिदिन मुद्दाहरूको संख्या बढ्दै गएको र न्याय विमुख हुनेहरूको पीडा थपिदै गएको पाइन्छ कतिपय जिल्लाहरूमा न्यायाधिशको अनुपस्थिति र नियुक्ति हुन नसक्ने आदि कारणले पनि धेरै नागरिक पीडित भएका छन्। यो वर्ष मात्र यस्ता ५ घटनामा १० जना नागरिकले आफू पीडित भएको कुरा सार्वजनिक गरे तर अन्य सयौं घटनाका पीडितहरूले आफूमाथिको अन्यायका सम्बन्धमा केही बोल्ने नसकेको कुरा तथ्यहरूले देखाएको छ।

सर्वोच्च अदालतको पछिल्लो प्रतिवेदन अनुसार आहिले देशभरिमा ७६ हजार भन्दा बढी २/३ वर्ष भन्दा पनि पुराना मुद्दाहरू फर्स्यौट हुन बाँकि नै छन्। त्यस्तै प्रतिवर्ष ४५ हजार मुद्दा थपिने गरेका छन् भने प्रतिवर्ष सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतबाट ५० हजार भन्दा बढ मुद्दा फर्स्यौट हुन सक्तैनन्। सर्वोच्च अदालतके प्रतिवेदन अनुसार प्रतिवर्ष जिल्ला अदालतमा १५ प्रतिशत, पुनरावेदन अदालतमा ४४ प्रतिशत र सर्वोच्च अदालतबाट ३१ प्रतिशत मुद्दाहरू मात्र फर्स्यौट हुने गर्दछन। जस अनुसार देशभरिमा परेका सपूर्ण मुद्दाहरूको ४३ प्रतिशतको पनि किनारा लाग्न सकेको पाइदैन।

महिला माथिका भएका हिंसाका घटना

नेपालअधिराज्यको संविधान २०४७ ले महिला, वाल, बुद्ध वा शारीरिक मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक, शैक्षिक आदि दृष्टिले पिछडिएको बर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने कुरामा प्रतिवद्धता जनाएको छ। तर पनि नेपाली महिलहरूमाथि आर्थिक, सामाजिक, साँस्कृतिक आदि बाहेक कतिपय कानूनी भेदभावहरू समेत रहिरहेका छन्। प्रत्येक वर्ष विभिन्न रूपमा नेपाली महिलाहरू भारतका भिन्न बेश्यालयहरूमा बेचिदै आएका छन्। विभिन्न सर्वेक्षण र अध्ययन अनुसार प्रतिवर्ष करीव ५-७ हजार नेपाली महिलाहरू त्यसरी बेचिन्छन्। महिला बेचिविखन र देहव्यापारका घटनाहरू बढ्नेक्रममा एड्स जस्तो रोगले पीडित हुनेहरूको संख्या पनि बढ्दै गएको छ। सन् १९९७ मा भएका मानवअधिकार उल्लंघनका विभिन्न घटनाहरूमा १ हजार ४३ महिलाहरू पीडित भए। ती मध्ये १५ वर्ष मुनिका २ सय १८ जना, १५ वर्ष देखि माथि ४५ वर्ष सम्मका १ हजार, २ सय र ८ जना र ४५ वर्षभन्दामाथिका १ सय ३० जना रहेका छन्।

त्यसरी पीडित महिलाहरूमा यो वर्ष ६६ वटा घटनामा ८९ जना महिलाहरू बेचिएका छन्। त्यस्तै १५५ वटा घटनामा १५६ जना महिलाहरूमाथि बलात्कार भएको थियो। ती घटनामा प्रहरीबाट ४ जना महिलाहरू बलात्कृत भएका थिए। यसै वर्ष २२ वटा अन्य घटनामा २३ जना महिलामाथि यौन दुर्व्यबहार तथा बलात्कारका प्रयास भए। बलात्कारपछि ७ जना महिलाको हत्या समेत भयो।

मानवीय दुर्व्यबहारमध्येको पनि अति क्रुर दुर्व्यबहार बलात्कारको घटनाबाट यो वर्ष २ वर्षिया बालिका समेत पीडित भईन। शान्ति सुरक्षाको जिम्म लिएका प्रहरी, सेनासंग सम्बन्धित व्यक्ति र शिक्षक समेत यस अमानवीय दुर्व्यबहारका पीडकको रूपमा देखा परे। आफ्नै बाबुले छोरीमाथि बलात्कारको घटना नवलपरासी र मोरङ्गमा दोहोरियो।

सामाजिक कु-प्रथाकै रूपमा रहेका जारी , देउकी, र देहव्यापारका घटनाहरू पनि यो वर्ष दोहोरिएका छन्। मध्य पश्चिम र सुदूर पश्चिम क्षेत्रमा जारी सम्बन्धी ३९ वटा घटनामा ३६ जनाको संलग्न रहेकोमा ४० जना महिला पीडित भएका पाइए। त्यस्तै बहुविवाहका १०२ वटा घटना सार्वजनिक भए। कानूनतः यी कार्य गैरकानूनी नै

राष्ट्रिय परिवेश



यसरी विमोचित भयो- वर्ष पुस्तकको छैटौं शृङ्खला

मानवअधिकार वर्ष पुस्तक १९९७ को विमोचन प्रमुख अतिथि पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले ०५४ चैत २७ गते एक समारोह बीच गर्नु भयो। विमोचन कार्यक्रमका अवसरमा प्रमुख अतिथि भट्टराईले प्रजातान्त्रिक आन्दोलनका शहीदहरू, त्यस आन्दोलनमा लागेकै कारणले बेपत्ता पारिएकाहरू र महिला शहीदहरूको स्मृतिमा तीनवटा मैनबत्तीहरू प्रज्वलित गरी कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो। सोही अवसरमा जनआन्दोलनका कमाण्डर स्व. गणेशमान सिंह र इन्सेकका संस्थापक स्व. प्रकाश काफ्लेको तस्वीरमा प्रमुख अतिथि तथा अतिथिहरूबाट माल्यार्पण गरिएको थियो।

कार्यक्रममा इन्सेकद्वारा स्व. प्रकाश काफ्लेको स्मृतिमा प्रदान गरिँदै आएको "प्रकाश मानवअधिकार पुरस्कार-०५४" को पनि घोषणा गरिएको थियो। सो पुरस्कार यस पटकको लागि परोपकार सेवामा आजीवन समर्पित ८७ वर्षीय दयावीर कंशाकारलाई प्रदान गरिने भएको छ। पुरस्कार हरेक वर्ष साउन १६ गते प्रदान गरिन्छ।

सोही अवसरमा प्रमुख अतिथि भट्टराईले उत्कृष्ट इन्सेक कार्यकर्ता तथा सर्वोत्कृष्ट सूचना प्रेषक र उत्कृष्ट सूचना प्रेषकहरूलाई पुरस्कार तथा प्रमाण पत्र पनि प्रदान गर्नु भएको थियो। यस वर्षको उत्कृष्ट इन्सेक कार्यकर्तामा मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्जमा कार्यरत विक्रम चौधरी तथा मानवअधिकार वर्ष पुस्तकका सर्वोत्कृष्ट सूचना प्रेषकमा नवराज पथिक रामेछाप, उत्कृष्टमा कृष्ण लामा वारा, प्रेमप्रसाद पौडेल तनहुँ, राजु कुमार शाक्य जाजरकोट, बालकृष्ण के.सी. देलेख र सान्त्वना आनन्द दाहाल सिन्धुली रहनु भएको छ।

विगत ६ वर्षदेखि प्रकाशित हुँदै आएको मानवअधिकार वर्ष पुस्तक यस वर्ष अंग्रेजी र नेपाली दुवै भाषामा एकैसाथ सार्वजनिक तथा विमोचन गरियो। विगत वर्षहरूमा नेपाली प्रकाशित भएको केही समय पछि मात्र अंग्रेजी भाषामा प्रकाशित हुँदै आएको थियो।

मानवअधिकार वर्ष पुस्तक १९९७ मा ०५३ पुस १६ गते देखि ०५४ पुस १६ गते (सन् १९९७ भरि) भित्र देश भरिमा भएका मानवअधिकार उल्लंघनका विभिन्न घटनाहरू समावेश गरिएको छ। यस वर्ष देशभरिमा २ हजार ५ सय ४० वटा मानवअधिकार उल्लंघनका घटनाहरू भएको पाइएको र ती घटनाहरूमा ६ हजार ४ सय २८ व्यक्ति पीडित भएको पनि वर्ष पुस्तकमा उल्लेख छ। त्यस्ता घटनाहरूमा राज्य पक्षबाट भएको १ हजार ९२ वटा मानवअधिकार हननका घटनामा २ हजार ६ सय १६ व्यक्तिपीडित भएका छन् भने अन्य पक्षबाट भएका ४ हजार २ सय ९५ मानवअधिकार हननका घटनामा ८ हजार ५ सय ३ व्यक्ति पीडित भएका छन्। त्यस बाहेक वर्ष पुस्तकमा सोही अवधिमा १ हजार २ ९४ व्यक्तिले आत्महत्या गरेको, ५ सय २५ वटा दुर्घटनामा ७ सय ८१ व्यक्ति पीडित भएको, ब्ल्याकमेलिङ्गका १४ घटनामा २० व्यक्ति पीडित, आतंकमा २३ घटनामा २ सय ६३ व्यक्ति पीडित, चोरी/डकैतीका ५५ वटा घटनामा ८८ व्यक्ति पीडित भएको पनि जनाइएको छ। त्यसरी मानवअधिकार उल्लंघनका घटनाहरूमा पीडित हुनेहरूमा ४ हजार २ सय २५ पुरूष र १ हजार ६ सय ४३ महिला, विभिन्न क्षेत्रबाट भएका मानवअधिकार उल्लंघनमा पीडित भएका र राज्यपक्षबाट १ हजार ९२ पुरूष र १ सय २ महिलाको मात्र लिंगगत विवरण प्राप्त हुन सकेको उल्लेख गरिएको छ।

इन्सेकका अध्यक्ष सुशील प्याकुरेलको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा प्रमुख अतिथि तथा अतिथि वक्ताहरूले "प्रजातन्त्रको संस्थागत विकासमा मानवअधिकार संस्थाहरूको भूमिका" विषयमा आ-आफ्ना विचारहरू राख्नु भएको थियो। कार्यक्रमका अतिथि वक्ताहरूमा पूर्व सभामुख दमननाथ ढुंगाना, सांसद पद्मरत्न तुलाधर, नेपाल मानवअधिकार संगठनका अध्यक्ष कपिल श्रेष्ठ, नेपाल मानवअधिकार संरक्षण मंचका अध्यक्ष विश्वकान्त मैनाली, नेपाल पत्रकार महासंघका सभापति किशोर नेपाल र नेपाल वार एसोशिएसनका सभापति हरिहर दहाल हुनुहुन्थ्यो। इन्सेकका महासचिव डा. राजेश गौतमले स्वागत मन्तव्य सहित सन् १९९७ मा भएको मानवअधिकार हननको स्थिति र प्रवृत्तिमाथि प्रकाश पार्नु भएको थियो भने कार्यक्रमको संचालन वर्ष पुस्तक शाखाका संयोजक लेखनाथ भण्डारीले गर्नु भएको थियो। कार्यक्रममा इन्सेक प्रकाशन विभाग संयोजक नरनाथ लुइँटेलले समसामयिक कविता "गोली" वाचन गर्नु भएको थियो। प्रस्तुत छ- विमोचनका अवसरमा अतिथिहरूद्वारा व्यक्त विचार संक्षेप :

कृष्णप्रसाद भट्टराई



मलाई सम्पूर्ण रूपले सन्तोष लागेको छ कि मानवअधिकारको स्थिति अहिले हाम्रो देशमा राम्रै छ। यसमा कुनै किसिमको पनि खतरा छैन। यो मेरो मान्यता हो। पार्टीहरू स्वयं मानवअधिकारले लाभान्वित छन्। उनीहरूबाट प्रजातन्त्रमा खतरा आउने त सवालै भएन। अब यदि साँच्चिकै प्रजातन्त्रमा खतरा छ भने, राजातिरबाट नै छ। जसको हातमा ठूलो फौज पनि छ। तर म पनि प्रजातन्त्रप्रति समर्पित एउटा साधारण कार्यकर्ता भएको नाताले र सम्भवतः सोही कारणले एक पटक प्रधानमन्त्री पनि भइसकेको हुनाले मलाई त साथीहरू दोश्रो पटक पनि सन्देश दिइसक्नुभयो, म प्रधानमन्त्री हुन सक्छु कि भन्ने मेरो इच्छा नभएको होइन। मेरो पनि इच्छा छ। तर मलाई के लाग्छ भने, राजा यत्रो शक्ति सम्पन्न भएर पनि जति मैले राजालाई चिनेको छु। राजाको विल्कुलै अनिच्छा छ प्रजातन्त्रतिर। यसको के कारण हो? त्वै हुने भएतापति कुनै कानूनी कारवाही भएनन्।

गर्भपतनका कारण पनि हरेक वर्ष महिलाहरू पीडित हुने गरेका छन्। नेपाली समाजले गर्भपतनलाई सामाजिक अपराधमानै लिएको भएतापनि निश्चित प्रकृया अपनाएर गर्भपतन गर्न पाउनु पर्ने माग बढिरहेको छ। यो वर्ष ३८ वटा गर्भपतनका घटना सार्वजनिक भए भने गर्भपतनकै कारण २ महिलाको मृत्यु समेत भयो। गर्भपतनका २ घटनामा राज्यपक्षसंग सम्बन्धित व्यक्ति पनि पीडकका रूपमा देखा परे।

सामाजिक हिंसा, पारिवारिक हिंसा र अन्य कारणले पनि महिलाहरू पीडित हुने गरेका छन्। पारिवारिक हिंसाका २४ घटनामा २४ जना महिला पीडित भएको घटना सार्वजनिक भए भने महिला भएकै कारण ले दिइने विभिन्न अमानवीय व्यवहारबाट ६१ जना महिला पीडित भएका पाइयो। जातीय छुवाछूतका २९ घटनामा २५ जना महिला पीडित भएको घटना पनि यो वर्ष सार्वजनिक भयो।

अन्य मानवअधिकार उल्लंघनका घटनाहरु

मानवअधिकार उल्लंघनका उल्लेख गरिएका घटना बाहेक अन्य विभिन्न घटना बाहेक अन्य विभिन्न घटनाहरूका सम्बन्धमा पनि मानवअधिकार वर्ष पुस्तक १९९७ ले सार्वजनिक गरेको छ। ती घटनाहरूमा राज्यपक्षबाट विभिन्न समयमा विभिन्न कारणले भएका बेपत्ता पारिएका घटनाहरू कुटपिट, अभिव्यक्ति स्वतन्त्रता भेला हुने र संगठित हुने अधिकार, सरूवा, घटुवा, पक्षपात आदि रहेका छन्। त्यस्तै भूमिहीन तथा सुकुम्बासी समस्या, धार्मिक स्वतन्त्रता, पक्षपात, बालबालिका उपरको अत्याचार, आर्थिक अधिकार, दासत्व कमैया, बाँधा, हलिया आदि घटनाहरू पनि छन्। पुस्तकमा आत्महत्या लगायतका अन्य घटनाहरू पनि छन्। आत्महत्या लगायतका अन्य घटनाहरू, विभिन्न दुर्घटना, प्राकृतिक विपत्ती, शरणार्थी सम्बन्धी घटनाका सम्बन्धमा पनि उल्लेख गरिएको छ।

निस्कर्ष

नेपालमा मानवअधिकार उल्लंघनका दुइवटा पक्ष प्रमुख रहेको देखिन्छ। ती दुईपक्षमा राज्यपक्ष प्रमुख र व्यक्तिगत, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, जातीय वा धार्मिक आदि पक्ष साहायक रूपमा रहेको मान्न सकिन्छ।

जुनसुकै कारणले नागरिकको जीवन संरक्षण गर्न नसक्नु राज्यको तर्फबाट मानवअधिकार उल्लंघन हुनु हो। किनकि जुनसुकै कारणले नागरिकको जीवन रक्षा गर्ने प्रमुख दायित्व राज्यको हो। राज्यले नागरिकको जीवन रक्षाको लागि आफ्नो सम्पूर्ण शक्ति प्रयोग गर्छ भन्ने विश्वासले नै जनताले आफ्नो अधिकार कटौति गरेर कर तिरेर वा मतदानको प्रयोग गरेर राज्यलाई सबै शक्तिले सम्पन्न बनाएका हुन्छन्। तर यहाँ राज्यले नै नागरिकको मानवअधिकार हनन गरेको पाइएको छ। राज्य पक्षबाट भएका

मानवअधिकार उल्लंघनका घटनाहरूमा गैरकानूनी मृत्यदण्ड (हत्या), गैरकानूनी गिरफ्तारी, हिरासतमा यातना, न्याय प्रणालीमा ढिलासुस्ती, बेपता पार्ने तथा विभिन्न विभेदपूर्ण कानून आदि रहेका छन्। राज्यले प्रदान गर्ने सबै सुविधा र अवसर सबै नागरिकलाई समान ढंगले उपलब्ध गराउन नसक्नु र संविधानको भावना अनुकूलको ऐन कानून निर्माण तथा कार्यान्वयन नगर्नु पनि राज्यको तर्फबाट हुने मानवअधिकार उल्लंघन हो।

मानवअधिकार उल्लंघनको अर्को पक्ष नागरिक नागरिक बीचको व्यक्तिगत सम्बन्धमा पनि केन्द्रित हुने गर्दछ। त्यस्तै अन्य पक्षहरू जस्तै आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, जातीय आदि कारणहरू पनि रहेका छन्। यी घटनामा व्यक्तिगत रिसइबी, राजनीतिक पूर्वाग्रह, कुटपिट, लेनदेन सम्बन्धी व्यवहार, महिलामाथिका हिंसा, सामाजिक कु-प्रथा, अशिक्षा, अज्ञानता, बालश्रम, जातीय छुवाछूत, आदिका कारणले पनि ठूलो संख्यामा मानवअधिकार हनन र त्यसबाट पीडित हुनेक्रम दोहोरि रहेको छ। यी सबै प्रकारका मानवअधिकार उल्लंघनका घटना नियन्त्रण गर्न राज्य पक्षले आफ्नो उत्तरदायित्वप्रति सचेत रहनु जरूरी छ भने सामाजिक चेतना, शिक्षा र मानवीय भावनाको विकास हुनु पर्दछ।

मानवअधिकार उल्लंघन घटना प्रवृत्ति

मोरङ जिल्ला विराटनगर नगरपालिका-२० का २८ वर्षिय गोरे भन्ने सन्तोष लामाको महेन्द्र मोरङ बहुमखी क्याम्पस भित्रे ०५३ फागुन २९ गते धारिलो हतियार प्रयोग गरि हत्या गरियो। घटनामा संलग्न भनि आरोपित उमेश यादव र गणेश यादवलाई पूर्पक्षका लागि थुनामा राखिएकोमा हाल जनही रू. २५ हजार धरौटीमा तारेखमा छोडिएको छ।

सिन्धुली जिल्ला हत्पते गाविस-८ का ४७ वर्षिय वडा अध्यक्ष तथा नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधी प्रेमनाथ अधिकारीलाई ०५४ मंसिर २३ गते साँझ अज्ञात व्यक्तिहरूले साँघातिक आक्रमण गरि हत्या गरे।

रामेछाप जिल्ल बेथान गाविस-२ पानी घाटको प्रहरी चौकीमा ०५३ पुष १९ गते माओवादहिरूले स-सास्त्र आक्रमण गर्दा प्रहरी जवान कुमार राउत र हवल्दार भरत अधिकारीको माओवादीका तर्फबाट चलाइएको गोलीले मृत्यु भयो। तीर्थ गौतम, फत्ते पुलामी र दिलमाया योञ्जनको प्रहरीको गोलीबाट मृत्यु भयो।

प्रजातन्त्रप्रति राजाको निष्ठा बढेर पो हो कि? अथवा तीस वर्षको कटु अनुभवले हो कि? या बाहिरी राष्ट्रहरूको दबावले हो? त्यो स्पष्ट रूपले म केही भन्न सक्तिनँ। तर पूर्व प्रधानमन्त्रीको हैसियतले मलाई थाहाछ, राजाको मर्नस्थिति अधिकार लिनेतिर छैन र, राजा चाहिवक्सिन्छ कि प्रजातन्त्रले आफ्नै बाटोमा चेतेर बलियो होस् हाम्रो देशमा। र, प्रजातन्त्रको जरो अत्यन्तै बलियो रूपले हाम्रो देशमा गाडियोस्। राजाको यस्तो भावना छ। राजनीतिक पार्टीहरू सबै प्रजातन्त्रबाट लाभान्वित छन्। तर अब त खालि एउटै तगारो मात्र म देख्छु, त्यो तगारो भनेको जनता हुन्। यो भनाई अलि अप्रिय लाग्ला । जनताले प्रजातन्त्रवादी नेताहरूको आदर गरेर मात्रै हुँदैन, प्रजातन्त्रिक अभ्यास पनि गर्नुपर्छ। अहिले हाम्रो देशमा प्रजातान्त्रिक अभ्यास छेन। पेटीबाट हिंड भनेर शक्तिको प्रयोग गर्नुपर्छ। सरकारले पनि पेटी नबनाइकनै पेटीबाट हिंड भन्छ।

यस्तो अवस्थामा हाम्रो देश । छ तर जनताले जागरूक भएर आफ्नो कर्तव्य निर्वाह गर्नुपर्यो।र हिजोकै एउटा उदाहरण छ, फोटो खिचाउने कुरा चल्यो। मैले भने म त फोटो खिचाउन जान्छु। भोट दिने मेरो अधिकार हो। तर एक जना मानिसले के भने केको भोट? म त भोटै दिन्न।

त्यो होइन जनताको भोट दिने अधिकार हो। चार वर्षमा होस् वा पाँच वर्षमा सरकार फेर्ने आफ्नो अधिकारको प्रयोग त गर्नैपर्छ। र, त्यसको प्रयोग भोट दिएरै हुन सक्छ। प्रजातान्त्रिक युगमा यो त एउटा मान्यता नै हो। चुनावपट्टि जनताको मने नलाग्ने त्यस्तो मनोदशाले त कामै चल्दैन। जनतामा पूरा उत्साह हुनुपर्यो। राजनीतिक पार्टीहरूले पनि उत्साहको वातावरण सिर्जना गर्नुपर्यो। राजाले पनि जनतालाई यसतर्फ उत्साहित गर्नुपर्यो। राजनीतिक पार्टीहरूले पनि आफ्नो कामले जनतालाई उत्साहित गर्नुपर्यो। यस्ता सभाहरू गरेर उत्साहित गर्नुपर्यो। जनतालाई जागरूक तुल्याउनुपर्यो। प्रजातन्त्रको पुर्नस्थापना र मानवअधिकार आन्दोलनको कार्यमा मानवअधिकार संस्थाहरूको भूमिका महत्वपूर्ण हुन्छ। त्यस्तै मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा इन्सेकले गरेको कार्यस्तुत्य छ।

दमननाथ ढुंगाना

मानवअधिकारलाई नागरिकको दैनिक जीवनसंग परिचालन गरिनु पर्छ। थोरै बोल्ने र धेरै गर्ने परिपाटी मानवअधिकारको बहाली हो। हाम्रो प्रजातन्त्र व्यक्तिगत विकासतर्फ उन्मुख हुँदै गईरहेको छ। अहिलेको हाम्रो चुनौती भनेको पनि निर्दलीय उन्मुख बहुदलीयता हो। प्रजातन्त्र भनेको सामुहिकता हो। अहिले देशमा सरकार र माओवादी दुवै पक्षबाट हिंसा बढेको छ। आर्थिक स्थिति कमजोर हुँदै गएकोतर्फ कसैको चिन्ता छैन । सबै राजनीतिक पार्टीहरू सत्ता समीकरणमा मात्र लिप्त छन्। नेपाली समाजमा भ्रष्टाचार क्यान्सरको रूपमा आएको छ। राष्ट्रका लागि जन प्रतिनिधिहरूबाट हुने भ्रष्टाचार सबैभन्दा बढी खतरा हुन्छ। यस्तो गम्भीर विषयलाई कसैले पनि चासोको विषय नबनाउने तर संसद जस्तो नीति निणय गर्ने थलोमा राष्ट्रिय पोशाकलाई विषय बनाएर विवाद गर्नु कस्तो विडम्बना हो? हामी राष्ट्रिय पोशाकमा मात्र हैन भावना र चरित्रमा राष्ट्रवादी हुनु पर्छ तर अहिले राष्ट्रिय पोशाक नलगाएर गरेका भ्रष्टाचार आदि अराष्ट्रिय भ्रष्टाचार भएकाले राष्ट्रिय भ्रष्टाचार नै गर्न खोजेको पो हो कि? जन प्रतिनिधिमूलक अहिलेको व्यवस्थामा जनप्रतिनिधिहरूबाटै व्यवस्थाप्रति, प्रजातन्त्रप्रति खतरा छ। यस्तो अवस्थामा मानवअधिकार संस्थाहरूको भूमिका स्वतन्त्र निष्पक्ष र पूर्वाग्रहरहित हुनु जरूरी छ।

पद्मरत्न तुलाधर

प्रजातन्त्र पुर्नस्थापनाका यतिका वर्ष वितिसक्दा पनि दुःखपूर्वक भन्नु पर्छ, प्रजातन्त्रको संस्थागत विकास हुन सकेन तर भ्रष्टाचार, कमीशन व्याप्त हुँदै गएको छ। यस प्रकारका गलत तत्वहरूको विकास भएको कुरा प्रधानमन्त्री, मन्त्री तथा जिम्मेदार व्यक्तिहरूले स्वीकार गरिसक्नु भएको छ। प्रजातन्त्रको भावना र संविधानको प्रतिवद्धता अनुसारका ऐन कानून बन्न सकेका छैनन्। मानवअधिकार आयोग र क्षतिपूर्ति सम्बन्धी कानूनहरू कार्यान्वयन हुन सकेका छैनन्। अहिले पनि प्रजातन्त्र र मानवअधिकार विरोधी ऐन कानून कायमै छन्। यी सबै तथ्यलाई हेर्दा त नेपालमा यस्तो लाग्छ, प्रजातन्त्र आएकै छैन। मानवअधिकार बहाली र संविधानको पालना गर्नेतर्फ राजनीतिक पार्टीहरूले विचार पुऱ्याउनु पर्छ। त्यस्को निम्ति हामी सम्पूर्ण मानवअधिकारकर्मीहरू सहयोग गर्न तयार छौं। हिजो प्रजातन्त्र पुर्नस्थापनाको पक्षमा मानवअधिकार आन्दोलनलाई जति महत्व दिइएको थियो र जुन योगदान थियो, यस्को संस्थागत विकासमा पनि त्यतिकै भूमिका र महत्व हुनुपर्छ तर त्यस्तो हुन सकेको छैन।

कपिल श्रेष्ठ

नेपालको मानवअधिकारको स्थितिको ऐना र दर्पण सरह रहेको छ, मानवअधिकार वर्ष पुस्तक। मानवअधिकार र प्रजातन्त्र बीच एकदमै घनिष्ट सम्बन्ध छ। यी एक अर्काका पर्यायवाची नै हुन्। तर प्रजातन्त्रलाई औपचारिकतामा मात्र सीमित गर्न हुँदैन। राजनीतिमा मात्र नभएर सामाजिक रूपमा समेत बहुलवादको अवधारणालाई विकसित गर्नुपर्छ। मानवअधिकार कर्मीहरूले पनि प्रजातन्त्रको स्थिति मजबुत बनाउन स्पष्ट र स्वतन्त्र पहिचान बनाएर अघि बढ्नु पर्छ। अहिले देशमा अस्थिरता र

अराजकता बढेको छ। राजनीतिक दल र सरकार पनि त्यसैमा फसेकाले गर्दा विकास निर्माणको कार्य ठप्प मात्र नभएर देश नै दिशा हीन अवस्थामा छ। यसै अवस्थामा विद्यमान व्यवस्थालाई नमान्ने र विद्रोह गर्ने अधिकार जनतालाई छ। तर अहिले माओवादी "जनयुद्ध" का नाममा हिंसा र आतंक सृजना गर्ने किसिमका काम भइरहेको छ। हिंसात्मक कारवाहीले सधैं हिंसाकै रूप लिने भएकाले शान्तिपूर्ण ढंगले जनअधिकारको खोजी र प्रजातन्त्रको रक्षा हुनु पर्छ। यसमा मानवअधिकार संस्थाहरूको अग्रणी भूमिका निर्वाह हुनु आवश्यक छ।

विश्वकान्त मैनाली

मानवअधिकार कार्यकर्ता वा संस्थाले गरेका कार्य वा तथ्य प्रति कन्नेले चुनौति दिन नसकोस् भनेर हामी सचेत हुनु आवश्यक छ। सरकार आफ्नो वचनवद्धताप्रति जिम्मेवार हुन सक्नु पर्छ। तर अहिले सरकार आफैले निर्माण गरेका ऐन, कानूनहरू, सन्धी सम्झौताहरू व्यवहारिक रूपमा कार्यान्वयन गर्नु सट्टा आफ्नो जिम्मेदारीबाट पन्छिंदै गइरहेको छ। यस अवस्थामा हामी मानवअधिकार संस्था र कार्यकर्ताहरूको भूमिका अझै महत्वपूर्ण हुँदै गएको छ।

किशोर नेपाल

मानवअधिकार र प्रजातन्त्रको संस्थागत विकासमा पत्रकारिता जगतले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। नेपालमा मानवअधिकारको आन्दोलनमा प्रजातन्त्र पुनर्स्थापना अघि र पछि पनि यस क्षेत्रले समान रूपले आफ्नो उत्तरदायित्व पूरा गरिरहेकै छ। तर प्रजातन्त्र पुनर्स्थापना पछिका राजनीतिक दल वा सरकारले भने मानवअधिकारको बहाली प्रति चासो देखाउन सकेका छैनन्। मानवअधिकार कार्यकर्ता र पत्रकारले त सरकार र राजनीतिक पार्टीलाई घचघच्याइरहनु पर्छ। त्यसका लागि यो क्षेत्र सधैं सक्रिय र तत्पर पनि छ।

डा. राजेश गौतम

प्रजातन्त्रमा पुनर्स्थापनाको ८ वर्ष बितिसक्दा पनि जनताले प्रजातन्त्रको अनुभूति गर्न पाएका छैनन्। कानून छ, कानूनको राज छैन। सरकार छ, सुरक्षा छैन। यिनै कुराहरूले मानवअधिकारको स्थिति प्रष्ट हुन्छ।

जनआन्दोलनका निर्णायक शक्तिहरू सरकार र प्रतिपक्षमा छन्। तर जनताले जनआन्दोलनका क्रममा अपेक्षा गरे अनुसारको सरकार संचालन गर्न नसकेको महसूस भइरहेको छ। र, देशमा अहिले अन्योलको स्थिति सृजना भएको छ। जनतामा प्रजातन्त्र प्रति नै वितृष्णा फैलनुमा राजनीतिक दलहरूकै कारण हो। जनताहरू राजनीतिक दलहरूबाट विस्थापित हुँदै छन्। राजनीतिक पार्टीका अगाडि जनता छैनन्, उनीहरूका अगाडि कमिसन, तस्करी, घुसखोरी, भ्रष्टाचार, व्यक्तिगत सुख सुविधा र आफ्नो वरिपरि घुम्ने कार्यकर्ताहरू मात्रै छन्।

सरकारले माओवादी "जनयुद्ध" को नियन्त्रणका सम्बन्धमा माओवादीसंग वैधानिक रूपले प्रयास नगरेकोले यो समस्या चर्किंदै छ। यो आन्दोलन राजनीतिक मात्र हैन, त्यसैले राजनीतिक रूपमा मात्र लिंदा यो आन्दोलन रोकिन सक्तैनन्। जनयुद्ध क्षेत्रमा आर्थिक उन्नति र विकास मूलक कार्यक्रम दिन नसक्ने हो भने यो आन्दोलनबाट देश कहिल्यै मुक्त हुने सक्तैन। अहिले क्रमिक रूपमा यो आन्दोलन राजनीतिक रूपबाट विस्थापित भइ आतंककारी आन्दोलनको रूपमा परिणत हुने खतरा बढ्दै छ। यस आन्दोलनका नकारात्मक पक्षहरू पनि छन्। धेरै सकारात्मक पक्षहरू पनि छन्। हामी व्यक्ति हत्याको विरोधमा छौं। तर हिजोदेखि हामीले भन्दै आएको सामाजिक न्याय र जनताको प्रजातन्त्रको मागको आन्दोलनको आवश्यकता सकिएको छैन।

सुशील प्याकुरेल

नेपालको राजनीतिलाई ठिक बाटोमा ल्याउन राजनीतिक दलका नेतृत्व तहले ध्यान दिनु आवश्यक छ। प्रजातन्त्र पुनर्स्थापना पछि पनि जनतामा प्रजातन्त्र प्रति नै वितृष्णा आउनुमा दोष कस्को हो? प्रजातन्त्रका लागि एकै साथ संघर्षमा लागेका राजनीतिक दलहरू विभाजित भए पनि राष्ट्रिय मुद्दाहरूमा विभाजित हुनु राम्रो होइन। त्यस्तै मानवअधिकार संस्था र कार्यकर्ताहरूले पनि मानवअधिकारका चासोका विषयमा एक भएर अघि बढ्नु पर्छ।

प्रजातन्त्र पुनर्स्थापना पछि देशको भविष्य उज्वल छ। हामी निरास हुनु पर्ने छैन। गलत संस्कृतिका विरूद्ध विभिन्न रूपमा आवाजहरू उठ्न थालेका छन्। संसदमा भ्रष्टाचारका बारेमा

काठमाण्डौ जिल्ला कामनपा -३३ मा सरस्वती अधिकारीको ०५४ बैशाख २८ गते सोही ठाउँका राजेन्द्र मुनकर्मीको घरमा डेरा गरि बस्ने गंगा केसी र सरस्वतीका पति गंगा बहादुर अधिकारीले बोक्सी निको पार्ने निहुँमा कुटपिट गरि निर्मम यातना दिएपछि वीर अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भयो।

नवलपरासी जिल्ला रजहर गाविस- १ का २४ वर्षिय सुनिल अधिकारीको ०५४ जेठ २८ गते प्रहरी यातनाका कारण मृत्यु भयो। यही कारण भएको विरोध कार्यक्रममा बुटवल सुक्टवा नगरका ४३ वर्षिय इन्द्र बहादुर पुनको ०५४ जेठ २९ गते प्रहरीको गोलीबाट मृत्यु भयो।

रोल्पा जिल्ला नुवागाउँ गाविस-६ का ३८ वर्षिय बलिजित बूढालाई प्रहरीका पोशाक लगाएका ७-८ जना व्यक्तिहरूले ०५४ असार २० गते घरैबाट अपहरण गरि लगे। तयसैको भोलिपल्ट नौरङ्गे डाँडानेर दुई टुक्रापारी फ्याँकिएको अवस्थामा उनको लाश फेलापर्‍यो।

सुनसरी जिल्ला महेन्द्रनगर गाविस-९ बस्ने २४ वर्षिय एक विवाहित महिलालाई पानमारा गाविस- ५ बस्ने धामी झाँक्रीको काम गर्ने ४५ वर्षिय राजेन्द्र चमारले ०५४ जेठ २० गते राती सन्तान हुने उपचार गर्ने बहानामा एकान्तमा लगि बलात्कार गरे।

धनुषा जिल्ला रमदैया भवाटी गाविस- ८ की १३ वर्षिय एक बालिकालाई ०५४ पुष १ गते सोही ठाउँका २० वर्षिय विजय यादवले बलात्कार गरे। बलात्कारपछि पीडकले बालिकाको शरीरमा धारिलो हतियार प्रयोग गर्दा कान र चिउँडोमा चोट लागेको थियो। पीडित बालिकाको टाउको निमोठी मरणासन्न अवस्थामा छोडेर पीडक फरार भयो।

दाङ् जिल्ला संघा गाविस- ४ की १८ वर्षिय एक युवतीलाई ०५४ असोज ६ गते घरमा एक्लै भएको अवस्थामा सोही ठाउँका अस्थायी प्रहरी चौकीका हवल्दार वीर बहादुर मल्लले बलात्कार गरे।

वर्दिया जिल्ला धधवार गाविस- ९ की २२ वर्षिय एक युवतीलाई गुलरियास्थित जिल्ला अस्पतालका प्रमुख डा. ब्रम्हनारायण भारीले ०५४ जेठ २९ गते उपचार गर्ने बहानामा मेडिकल हलमा लगि बलात्कार गरे।

जाजरकोट जिल्ला रोकाया गाउँ गाविस- ५ की एक महिलालाई संगुरखाल मेलामा शान्ति सुरक्षा गर्न गएका ७-८ जना प्रहरीले ०५४ मंसिर १ गते सामुहिक बलात्कार गरे। प्रहरीको दबाबमा पीडितलाई बलात्कार गरिएको हैन भनि जबरजस्ती कागजमा दस्तखत समेत गराइएको थियो।

संखुवासभा जिल्ला डिदिङ गाविस-६ कूवापानीका कुसाङ् शेर्पाले ०५४ कार्तिक १७ गते साँझ आफ्नै पत्नी २५ वर्षिय चुङ्मु शेर्पाको हत्या गरे। विवाह भएको ६ वर्ष भइसक्दा पनि सन्तान नभएकोले अर्को विवाह गर्न खोज्दा चुङ्मुले नमानेका कारण कुसाङ्ले उनको हत्या गरेका थिए।

झापा जिल्ला घैलाडुवा गाविस-२ का ३५ वर्षिय राम बहादुर खवासले ०५४ बैशाख १ गते अत्यधिक मादक पदार्थ सेवन गरि आफ्नै २ महिनाकी छोरीलाई भूँइमा पछारेर हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरि थुनामा राख्केकोमा अदालतले भवितप्य भनि तारेखमा छोडिदिएको छ।

इलाम जिल्ला कन्याम गाविस ९ का २७ वर्षिय भूपेन्द्र पौडेलले ०५४ साउन २० गते आफ्नै पत्नी विष्णुमाया पौडेलको हत्या गरे। भूपेन्द्रले कूल देवताको पूजा गर्ने कार्यक्रम राखि पूजा कोठामा देवताको प्रतिकको रूपमा राखिएको ढुंगाले हिर्काइ देवतालाई बलि चढाएको भनि निर्ममढंगले हत्या गरेका थिए।

दोलखा जिल्ला भेडपु गाविस-२ को ३८ वर्षिय नरमाया अधिकारीलाई ०५४ भदौ २५ गते सोही ठाउँका झाँक्रीको काम गर्ने कृष्ण बहादुर तामाङ्ग र बडा अध्यक्ष कालुमान तमाङ्गले उपचार गर्ने निहुँमा शरीरमा मट्टीतेल खन्याई आगो लगाइ दिए। पीडित महिला केही वर्ष पहिले सामान्य रूपमा मानसिक विरामी भई उपचार गरि राम्रो भईसकेकी थिइन्। पीडकहरूले नरमायालाई आगोले पोलेपछि चिच्याउँन लाग्दा अरूले नसुनुन् भनि गुन्द्रीले छोपिदए। वीर अस्पतालमा उपचार गर्दागर्दै नरमायाको ०५४ भदौ २७ गते मृत्यु भयो।

दार्चुला जिल्ला खलंगा गाविस-९ का ४० वर्षिय धनादेवी महरालाई ०५४ साउन २८ गते उनके पति ४५ वर्षिय बहादुर सिंह महराले भूत धपाउँछु भनि हँसियाले घाँटी काटी हत्या गरे।

●

तपाईलाई थाहा छ ?

प्राचीमा छापिए जस्तै सामाग्रीहरू रेडियो नेपाल र रेडियो सगरमाथामा पनि प्रशारित हुने गरेका छन् । प्रत्येक शनिवार रेडियो नेपालमा विहान ८.३० र एफ. एम. रेडियो सगरमाथामा विहान ७.३० बजे मानवअधिकार शिक्षा कार्यक्रम सुन्ने गरौं ।

कुरा उठ्न थालेको छ। नेताहरू स्वार्थी र सत्तामुखी हुँदै जानु चिन्ताको विषय हो। तर तिनै नेताहरूले सुविधा फिर्ता गर्छु जनताको हितको पक्षमा काम गर्छु भन्नु सकारात्मक कुरा हो, अब त्यसको कार्यान्वयन कसरी हुन्छ हेर्नु पर्छ।

नेपालमा प्रजातन्त्रको संस्थागत विकासमा मानवअधिकार संस्थाहरूको भूमिका, आवश्यकता र महत्वलाई बुझेर नै इन्सेक यस क्षेत्रमा सक्रिय छ। यस संस्थाले गरेका कार्यहरू प्रति सबै क्षेत्रको मूल्यांकन, सुझाव र सहयोगको आवश्यकता महसूस हुँदै गएको छ। यसरी यस संस्थालाई यहाँसम्म ल्याइ पुऱ्याउन विभिन्न क्षेत्रमा रहेर विभिन्न रूपले सहयोग गर्नु हुने सबै व्यक्ति र संस्थाहरू धन्यवादका पात्र हुनुहुन्छ। मानवअधिकार आन्दोलनसँगै सामाजिक न्याय, प्रजातन्त्र, राष्ट्रियता र जनजीविकाको आन्दोलन जोडिएको छ। यस आन्दोलनलाई मजबुत पार्न र सकारात्मक दिशा तर्फ लैजान हामी सबैले इमान्दार भएर आ-आफ्नो जिम्मेवारी पूरा गर्नु जरूरी छ।

हरिहर दाहाल

अहिले प्रजातन्त्र पुनः स्थापना भएको आठ वर्ष पूरा हुँदैछ। तर यो बीचमा जुन किसिमले प्रजातन्त्रको संस्थागत विकास हुनपर्ने हो, जसरी सरकारले विश्वास आर्जन गर्नुपर्ने हो र जसरी जनताले राहत पाउनुपर्ने हो- त्यो राहत र प्रजातन्त्रको सास फेर्न जनताले पाएका छैनन्। चाहे त्यो कार्यपालिकाको गति होस् चाहे न्यायपालिका र व्यवस्थापिकाको गति होस् सबै अवरूद्ध छन्। म न्यायपालिकासंग आवद्ध भएको मान्छे हुँ। हामीले स्वतन्त्र न्यायपालिका आवश्यक छ भनेर शंखनाद गऱ्यौं, प्रजातन्त्रको माग गऱ्यौं। जनआन्दोलनमा संरिक भयौं। तर त्यसको एउटै कारण थियो कि हामी स्वतन्त्र न्यायपालिकाका पक्षपाती थियौं।

वास्तवमा सत्तालिप्साबाट प्रेरित भएर वा भोलि सत्तामा पुग्छौं भन्ने आधारबाट हामी कानून व्यवसायमा पनि सत्तालिप्साबाट प्रेरित भएर गएका थिएनौं। हामी स्वतन्त्र न्यायपालिकाकै लागि जनआन्दोलनमा सहभागी भएका थियौं।

वर्तमान संविधान स्वतन्त्र न्यायपालिकाका लागि ज्यादै उच्च कोटीको छ। तर प्रयोग भने हामीलाई नै दिक्कलाग्दो भएको छ। न्यायपालिकामा आसीन हुनभएका न्यायाधीशहरू बडो स्वतन्त्र हुनुहुन्छ। कसैले उहाँहरूलाई छुँदैन। उहाँहरूको नियुक्ति र सरूवा-बढुवा आदिमा पनि सरकारको हात हुँदैन। यस्तो स्वतन्त्र बनाइएको छ न्यायपालिका तर स्वतन्त्र बनाउने आधारबाट हामीले कतै न्यायपालिकालाई स्वच्छन्द त बनाएनौं? अहिले हामीलाई पिरोल्न थालेको छ। हामी स्वयंले अहिले आवाज उठाउनु परेको छ- न्यायधीशहरूमा स्वच्छन्दता बढ्न थाल्यो, त्यसलाई अब कसरी कम गर्ने?

यो स्वच्छन्दता हटाउन आन्दोलन पो गर्नुपर्ने हो कि भन्ने कुरा पनि अहिले हामीलाई अनुभूति हुन थालेको छ। सर्वोच्च अदालतले गर्ने निर्णय अन्तिम हुन थालेको छ। त्यसमाथि कहींकतै उजुर लाग्दैन। सर्वोच्च अदालतबाट जब न्यायको फैसला सुनाइन्छ, हरेक पक्षले धरर... आँशु चुहाउनुपर्ने स्थिति आउँछ। उसले आँशु चुहाउनु सिवाय केही गर्न सक्तैन। कुनै किसिमको अभिव्यक्ति पोख्न सक्तैन। किनकि त्यहाँ मानहानी हुन्छ, अपहेलना हुन्छ। यसमा हामी कानून व्यवसायी पनि बडो विवश छौं। किनकि न्यायधीशहरू स्वतन्त्र हुनुहुन्छ। उहाँहरूले जे बोल्नुभयो र त्यही अन्तिम हुन्छ। यसले कतै प्रजातन्त्रमाथि खतरा त उत्पन्न गराएको छैन भन्ने प्रश्न पनि उठेको छ।

त्यो व्यक्ति जसले आज यो प्रजातन्त्र र स्वतन्त्र न्यायपालिका देखिरहेको छ, के त्यो पहिले हामीले उसलाई बताएको स्वतन्त्र न्यायपालिकाको स्वरूप अनुकुल छ त? आज त हामी स्वयंलाई पनि कतै स्वतन्त्र न्यायपालिकाको नाममा न्यायालय स्वच्छन्द त भएन भन्ने अनुभूति हुन थालेको छ। हामी स्वयंले स्वतंन्त्र न्यायपालिका चाहिन्छ भनेर रातदिन लेख लेख्यौं, आन्दोलन गऱ्यौं, आवाज उठायौं र स्वतन्त्र न्यायपालिकाका नाममा यो मुलुकमा साँचै उच्च कोटीको आदर्श हामीले भित्र्यायौं तर त्यसलाई हामीले कारगरढंलले कार्यान्वयन गर्न सकेनौं।

प्रजातन्त्र भन्ने वित्तिकै हामीले सोच्ने भनेको कार्यपालिका सक्षम होस्, कार्यपालिका जनताप्रति उत्तरदायी बन्न सकोस्। व्यवस्थापिका उत्तरदायी बन्न सकोस् र न्यायपालिका पनि जनउत्तरदायी बन्न सकोस् भन्ने नै हो। प्रजातन्त्र भन्ने वित्तिकै मूलभूत रूपमा यिनै कुरा आउँछन्।

न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका यी सबैको समष्टि भनेकै प्रजातन्त्र हो। जसमा जनताको सहभागिता हुन्छ। जहाँ राज्यका निकायहरू भनेका जनउत्तरदायी हुन्छन। तर यहाँ त जनसहभागिता र जनउत्तरदायित्व कतै भेटिँदैन। यहाँ व्यवस्थापिकाको पनि त्यही हालत छ। आज संसद्हरू खाली भत्ता कमाउनमै व्यस्त हुनुहुन्छ।। हामीले केही समयअघि खुल्मखुल्लाढंगले एउटा प्रस्ताव नै पारित गरेका छौं। हामी जुनसुकै ठाउँका बुद्धिजीवी किन नहुँ, हाम्रो आस्थाको राजनीतिक दलको सरकारले पनि गलत काम गर्छ भने हामी बोल्न, सक्नुपर्छ। हामी कानून व्यवसायी पनि यही मान्यतामा हुर्किरहेको छौं। भोलि कृष्णप्रसाद भट्टराईजी नै प्रधानमन्त्री भएको सरकार भए पनि आलोचना गर्न सक्ने क्षमता र आँट ममा हुनुपर्यो। तर म कांग्रेसी बुद्धिजीवी हुँ भनेर चुप लागेर बस्ने होइन। कृष्णप्रसाद भट्टराईजी त आदरणीय नेता हुनुहुन्छ, उहाँको सरकारले गरेका काम-कारवाहीको कसरी आलोचन गर्ने? भन्ने खालको कुरा भयो भने हामीले सही रूपमा बोल्न सकेका हुँदैनौं। आज त्यही कुराले हामी ग्रसित छौं। हामी बुद्धिजीवी नै सहीढंगले परिचालित हुन सकिरहेका छैनौं। हामी आफ्नै किसिमको पूर्वाग्रहले ग्रसित छौं।

प्रजातन्त्रको संस्थागत विकासमा कहाँ-कहाँ कमी-कमजोरी छन् भन्ने कुरालाई हामीले खुल्लमखुलला रूपमा भन्न सक्नु पर्यो कि संसद्मा विकृति छ, मन्त्रीहरू स्वयंले प्रजातन्त्रको संस्थागत विकासका निम्ति सघाउ पुऱ्याइरहनु भएको छैन। प्रजातन्त्रको संस्थागत विकासमा मन्दा भ्रष्टाचारको संस्थागत विकासमा मन्त्रीहरूको ध्यान आकर्षित भएको छ। उहाँहरू यसैमा लिप्त हुनुहुन्छ। र जनता कहाँ छन्? जनताको वास्तविक अवस्था कस्तो छ? जनताको पीरमर्का के हो? यससम्बन्धमा मन्त्रीहरू चिन्तनशील हुनुहुन्न। मन्त्री भइसकेपछि एकपल्ट आफ्नो चुनाव क्षेत्रमा जाने हिम्मत उहाँहरूसंग छैन। गएको स्थानीय निर्वाचनमा कुनै पनि मन्त्रीले आफ्नो निर्वाचन क्षेत्रमा गएर खुल्लमखुल्ला रूपमा जनतालाई विश्वास दिलाउने किसिमबाट भाषण गर्न सक्नु भएन। मन्त्रीलाई त्यहाँ लागियो भने झन् भोट घट्ला भन्ने चिन्ता कार्यकर्तामा देखियो। जब यस्तो अलोकप्रिय छवि मन्त्रीले बनाउँछन् भने कसरी हामीले कल्पना गर्ने- यहाँ प्रजातन्त्र मजबूत हुन्छ भनेर।

हामी कानून व्यवसायीहरूले त परबाट हेरिरहेका छौं। किनकि हामी पेशासंग सम्बन्धित छौं। जब राज्यले कुनै किसिमको खराबी गरेका देख्छौं तथा सरकारले गलत काम गरेको देख्छौं तब मात्रै हामी बोल्दछौं। एक प्रकारले हामीले "वाचडग" को रूपमा पनि भूमिका खेलेका हुन्छौं। हामीले देखेको कुरा खुल्लमखुल्ला भन्छौं। हामीले देखेको कुरा भन्न हिच्किचाउनु हुँदैन भन्ने मान्यतामा छौं र अहिले पनि हामी यही मूल्य र मान्यतालाई आत्मसात् गरेरै हिँडिरहेका छौं।

हामी पेशागत संगठनसंग आवद्ध हुँदाहुँदै पनि मानवअधिकारका फाँटमा, कानूनी राजका सवालमा र स्वतन्त्र न्यायपालिकाका सवालमा कटिबद्ध छौं। भोलि यहाँ कुनै किसिमको मानवअधिकारप्रति ज्यादति भयो भने हामी चुप लागेर बस्दैनौं। हिजो जसरी हामी कालोपाट्टि बाँधेर सडकमा उत्रियौं, भोलि पनि सडकमा उत्रिनुपर्यो भने हामी पछि पर्ने छैनौं र जहिले पनि हामी यसका निमित्त तयार भएर बसेका छौं। ●

प्रभाकर सुवेदी कहाँ छन् ?

कुन्दन अर्याल

कहिलेकाहीं मेरो मनमा प्रश्न उठ्छ- साँच्चै कहाँ होलान् प्रभाकर सुवेदी? अनि संगसंगै म सोच्दछु- साकेत चन्द्र मिश्र, डा. लक्ष्मी नारायण, पद्म लामा, इश्वर लामाका आफन्तहरूका मनमा कस्ता-कस्ता प्रश्नहरू उठ्छन होला?

प्रभाकरका दाजु दिवाकरलाई मैले पहिलो चोटी वडो अत्तालिएको अवस्थामा भेटेको थिएँ। प्रभाकरलाई वेपत्ता पारिएको घटनाले हामी वीच परिचयको पुल बाँधेको थियो। एउटा मानवअधिकार संस्थामा बेपत्ता पारिएको एक जना युवकको दाइका रूपमा उनले मसंग विस्तृत विवरण प्रस्तुत गरेका थिए। "आमालाई प्रभाकरका सम्बन्धमा धेरै समयसम्म नबताइएको" कुरा लामो स्वास पोखेर उनले मलाई पछिको भेटमा बताएका थिए।

बेपत्ता पारिएका मानिसका आफन्त कस्तो पीडादायी स्थितिमा हुन्छन् भन्ने कुरा मैले प्रभाकर सुवेदीको दाजुको अवस्था देखेर नजिकबाट अवलोकन गर्न पाएँ। दृष्टि साप्ताहिकमा प्रहरीले एउटा युवकलाई झुण्डाएर लगिरहेको तस्वीर छापिएको थियो। त्यो तस्वीर जनमञ्च साप्ताहिकमा पनि छापिएको थियो। त्यही तस्वीर देखेर प्रभाकरका दाजु मानवअधिकार संस्थामा आएका थिए। त्यस पछि उनले भाइको निकै खोजी गरि सकेका थिए।

हामी दुई जनाले त्यस तस्वीरका थुप्रै प्रतिहरू बनाउन निकै दौडधुप गर्नु परेको थियो। फोटो पत्रकार क्षितिज अरूण श्रेष्ठ शुरूमा त्यो तस्वीर उहाँद्वारा खिचिएको कुराको प्रचार नहोस् भन्ने चाहनु हुन्थ्यो। पछि घाइते प्रभाकरको अर्को फोटो अर्का फोटो पत्रकार सन्तोष पोखेरलले पनि खिचेको थाहा भयो। हामीले ती फोटोहरूको मद्दतले "प्रभाकरको खोजी गरौं" भन्ने आव्हान खुब चर्कायौं।

त्यसक्रममा प्रेस र मानवअधिकार संस्थाहरू वीचको अन्तर सम्बन्धको असल नमूना प्रस्तुत हुन सक्यो। प्रभाकर सुवेदीलाई प्रहरीले घिसारी रहेको तस्वीर फोटो पत्रकारहरूले उपलब्ध गराए। इन्सेक प्रकाशन विभागले ती फोटोहरू राखेर प्रभावकारी पोष्टर तयार गऱ्यो।

इन्सेकको प्रकाशन विभागमा रहँदा मैले कैयन पोष्टर प्रकाशनहरूको अवधारणा तयार गरें। तर प्रभाकर सुवदीका बारेमा प्रकाशित पोष्टर सडक-सडकमा टाँसिएको देखेपछि मलाई लाग्यो "मानवअधिकारको सवाललाई वस्तुगत रूपमा उठाउने हो भने एन जी ओ टेबुल कुर्सीमा मात्र सीमित नहुने रहेछ।"

"सरकारलाई तपाई पनि सोध्नोस्- प्रभाकर सुवदी कहाँ छन्?" शिर्षकको पोष्टर विद्यार्थीहरूले सडक-सडकमा टाँसे। न्याय प्राप्तिको आन्दोलनको सहयोगी बन्यो त्यो पोष्टर! प्रेस र मानवअधिकार संस्थाहरूले संगसंगै अभियान सञ्चालन गरे।

त्यस्तो अभियानबाट व्यापक दबाबको वातावरण पनि बन्यो। बहुदलीय व्यवस्थाको पुनः स्थापना पछिको पहिलो सरकार थियो त्यसबेलाको सरकार! बहुमतको नराम्रो म : चढेको थियो त्यसलाई! बहुदलीय व्यवस्थामा पनि बहुमतमा रहेको सत्ताधारी पार्टी निरंकुश भयो भने कस्तो स्थिति उत्पन्न हुन सक्छ भन्ने नमुना त्यसबेलाको सरकारले देखाएको थियो। त्यसैले जनदबाबको परवाह त्यो सरकारले गर्दैं गरेन। अर्को दुखको कुरा पनि छ, प्रभाकर वामपन्थी विद्यार्थी संगठनमा आबद्ध थिए। देशका कतिपय मानवअधिकार संस्थाहरूले त्यस दृष्टिकोणले समेत हेरे। र, मानवअधिकारको त्यो ज्वलन्त सवालमा त्यस्ता मानवअधिकार संस्थाहरू पछि सरे।

समयान्तरमा जनताको कुनै सुनुवाई नगर्ने त्यो सरकार आफ्नै हठका कारण असमयमै गिऱ्यो। आज त्यसबेला सरकारमा पुग्नेहरूमा पनि नरमी आएको छ। पाँच वर्षको अन्तरालमा धेरै कुरा फेरिएको छ। प्रभाकर सुवेदी अझै फर्किएका छैनन्।

प्रभाकर सुवेदी कहिल्यै नफर्किने ठाउँमा पुगी सके भनेर प्रहरीले पनि भनेको छैन। गृह मन्त्रालयले उनी प्रहरीद्वारा मारिए भन्ने स्वीकार गरेको छैन। तर उनी अब फर्किदैनन् भन्ने कुरा सबैलाई थाहा छ। यही कुरो प्रजातान्त्रिक हक अधिकारहरू स्थापित हाम्रो जस्तो देशका लागि सुहाउँदैन।

प्रभाकर सुवेदीको आमाको मनको एउटा कुनामा त अझै पनि छोरा फर्कन्छ कि भन्ने छैन होला र?

प्रभाकर सुवदीलाई वेपत्ता पारिएको घटना हाम्रो प्रजातान्त्रिक संरचनाको तन्तुमा आएको खरावीको परिणाम हो। राज्यले त्यसलाई स्वीकारेर आउँदा दिनमा गल्ती नगर्ने प्रण गर्नु पर्थ्यो। प्रभाकरकी आमालाई आशाको त्यान्द्रोमा झुण्ड्याएर राख्नु हुँदैन।

प्रभाकर सुवेदीको नाम मैले त्यसअघि कहिल्यै सुनेको थिइन। उनलाई मैले कहीं कतै देखेको पनि थिइन। पचास साल असारको अन्तिम साता देखि म प्रभाकर सुवेदी भन्ने नामसंग निकै परिचित छु। तर नामसंगको यति लामो परिचय पश्चात पनि मैले उनलाई भेट्न पाएको छैन।

साँच्चै प्रभाकर सुवेदी कहाँ होलान्? मेरो मनमा आजभोलि पनि कहिलेकाहीं यस्तो प्रश्न उठ्ने गर्दछ। प्रभाकर सुवेदी कुनै राजनीतिक नेता थिएनन्। वीस वर्षको कलिलो उमेर। इन्जिनियरिङ्गको पढाइको चापाचाप। र, कुशल इन्जिनियर बन्ने सपना। प्रभाकर सुवेदीको जीवन यस्तै थियो।

बहुदलीय व्यवस्थामा जुलुशमा भाग लिनु सामान्य कुरा हो। तर प्रभाकरका लागि त्यही कुरा ज्यादै असामान्य बन्यो। पचास साल असोजको एघारौं दिनपछि प्रभाकर सुवेदीलाई कसैले देखेको छैन। मुद्दा चल्यो, अदालतमा थुप्रै बहसहरू भए। प्रभाकर कहाँ छन् भनेर धेरैले सोधे, पत्रपत्रिकाले लेखे।

अनि प्रभाकरलाई बेपत्ता पारिंदा जुन सरकार थियो, समयान्तरमा त्यो सरकार पनि गिऱ्यो। त्यो बेला जुलुसमा हिड्नेहरू सरकारमा पुगे। उलटफेर पनि भयो। प्रभाकर फर्किएनन्।

अदालतमा बहस हुने क्रममा प्रहरीले झुण्डाएर लगिरहेको घाइते प्रभाकरको तस्वीर देखाईंदा प्रहरीले जवाफ दिएछ "त्यो त बोरा हो।"

पञ्चायतकालमा आन्दोलनकारीहरूलाई वेपत्ता पारिने, उनीहरूलाई मारिने कुरा नौलो थिएन। बहुदलीय व्यवस्थाको पुनः स्थापना पश्चात हामीले राजनीतिक असहमति जनाउने संवैधानिक हक प्राप्त गऱ्यौं। प्रहरी प्रशासनमा यस वीच मानवअधिकारका दृष्टिले निकै फेरबदल गरिएको प्रचार निकै गरिएको छ। तर प्रभाकर सुवेदी कहाँ होलान् भन्ने प्रश्न उठ्ने वित्तिकै म ज्यादै विथोलिन्छु।

पञ्चायतकालमा बेपत्ता पारिएका मानिसहरूका बारेमा खोजीनिति गर्ने पहल बहुदलीय व्यवस्थाको आगमन पश्चात् नभएको होइन। तर जनआन्दोलनकालीन अपराधीहरूलाई सर्वदलीय सल्लाहमा दोषमुक्त गरिएको देशमा प्रभाकर बहुदलीय व्यवस्थामै बेपत्ता पारिए।

बहुदलीय व्यवस्थाको संचालन गर्ने भनेर त्यस्तो घटना भएको कुरा त्यसबेला सत्तामा पुग्नेहरू किन स्वीकार गर्दैनन्। दाँसढुंगामा दुर्घटनाको छानवीन हुनुपर्छ भन्ने माग पूरा गराउन मात्रै त्यसबेलाको सरकारले १८ जनाको बली माग्यो। राजधानीको सडकमा निहत्था जुलुशहरूमाथि कैयन पटक गोली चलाइयो। र, निहत्था प्रभाकर विहान छात्रावासको कोठाबाट निस्किए पछि कहिल्यै कतै फर्किएनन्। छात्रावासको ताल्चा प्रहरीले फुटायो।

बहुदलीय व्यवस्थाको शुरूका तीन वर्षहरूमा राजधानीमा राज्यस्तरबाट जति उधुम मच्याइयो, त्यति पछि भएको छैन। पछिल्ला पाँच वर्षहरूमा राजधानीमा गोली चलेर मानिसको मृत्यु भएको छैन। त्यसैले त्यसबेलाको तनाव त्यसबेला सत्तामा पुग्नेहरूले बहुदलीय व्यवस्थालाई बुझ्न नसक्नुकै परिणाम थियो। प्रभाकर सुवेदी त्यही क्रममा वेपत्ता पारिएका थिए। उसो भए त्यो कुरा स्वीकार गर्न किन गाह्रो?

प्रभाकर सुवेदीको खोजीमा गहिरिएर लाग्ने अनेरास्ववियुका तत्कालीन अध्यक्ष रामनाथ ढकाल अहिले सांसद हुनु हुन्छ। उहाँ निकै पछिसम्म प्रभाकरको खोजीका लागि अदालत धाउनु भयो। तर उहाँले आधिकारिक रूपमा गृहप्रशासनलाई प्रभाकर अब कहिल्यै फर्कदैनन् भन्न लगाउन सक्नु भएन। भोलि उहाँ नै गृहमन्त्री हुनु भयो भने पनि गृहप्रशासनले त्यो कुरा स्वीकार गर्ला कि नगर्ला?

सत्ताको केही मौलिक चरित्र हुन्छ। सत्तामा पुग्नेहरू आमरूपमा सत्ताको मौलिक चरित्रबाट प्रभावित नभई रहन सक्दैनन्। सत्ताले अन्यायपूर्वक मारिएकालाई शहीद बन्न दिदैंन, वेपत्ता पारिएका मानिसलाई पक्रिएकै छैन भनेर सफेद झूठ बोल्छ। प्रभाकर सुवेदी वेपत्ता भए । घटना मरिचमान र दरवार विरूद्ध छयालीसको जनआन्दोलन गर्नेहरूको कस्तो सन्देश हो? के तपाई, हामीभित्र त्यो सन्देश के होला भन्ने सोंचले पनि बेला बेला उथलपुथल मच्याउँदैन? यस्तो प्रश्न उठाउँदै गर्दा मेरो मनमा फेरि अर्को प्रश्न भित्रैदेखि उठ्दै छ- प्रभाकरको परिवारमाथि परेको यो पीडामा हामीले मल्हम लगाउन सकेका छौं र? ●

प्रथम सर्वोच्च शिखर आरोही नेपाली महिला

पासाङ् ल्हामु शेर्पा

लेखनाथ भण्डारी

पासाङ् ल्हामु शेर्पा, अर्थात विश्वको सर्वोच्च शिखर सगरमाथा सफल आरोही प्रथम नेपाली महिला जस्ले आफ्नो जीवन वलिदान गरेर भएपनि नेपाल र समग्रमा नेपाली महिलाहरूको स्वाभिमानलाई सगरमाथा जतिकै उच्च बनाएर छोडिन्।

सोलुखुम्बु जिल्लाको सुर्खे गाविस- ४ का फुर्वाकितार शेर्पा र श्रीमती आङ्दाकी शेर्पाका ४ छोरा एक छोरी मध्येकी पासाङ् ल्हामुको जन्म सन् १९६१ डिसेम्बर १० का दिन भएको थियो। पेशाले आफ्ना पिता पर्वतारोही भएका कारणले पासाङ् पनि हिमाली हावापानी र त्यही वातावरणमा हुर्किइन्।

आफ्ना पिताको पर्वतारोहणका क्रममा विभिन्न हिम शिखरहरूलाई नजिकबाट छोएकी र बुझेकी पासाङ्मा पनि पर्वतारोहण प्रतिको चासो र आकर्षकण बढ्दै गयो। उनी पिताकै प्रेरणा र सहयोगमा पर्वतारोही दलहरूको सहयोगीका रूपमा पनि काम गर्न थालिन्।

सन् १९७९ जनवरी १२ का दिन पासाङ्को पर्वतारोहीहरूलाई सहयोग गर्ने व्यवसायमा संलग्न लाक्पा सोनामसंग विवाह भयो। उनका २ छोरी र १ छोरा छन्। त्यसपछि पुनः उनी आफ्ना सन्तानलाई छोडेर देश र जनताको स्वाभिमान बढाउन अघि सरिन्। पर्वतारोहण सम्बन्धी व्यवसाय संचालनकै क्रममा पासाङ्ले सन् १९९० जुलाई १५-१६ का दिन प्रथम सगरमाथा आरोही एडमण्ड हिलारीको साथ लागेर यूरोपको सबै भन्दा उच्च हिम शिखर (८,४०० मीटर) माउण्ट ब्लनको सफल आरोहण गरिन्। त्यसै समय देखि उनमा विश्वका सम्पूर्ण पर्वतारोहीको केन्द्रविन्दु सर्वोच्च शिखर सगरमाथा माथि विजय प्राप्त गर्ने उत्साह जागेर आयो। उनलाई प्रथम सगरमाथा आरोही हिलारीले प्रेरणा र शुभकामना पनि दिए।

पासाङ्ले सगरमाथा आरोहणको प्रयास धेरै पटक गरिन्। सन् १९९० मा फ्रेन्च पर्वतारोही दलसंग मिलेर सगरमाथा आरोहण गर्न जाँदा सो दलका नेताले उनलाई ८,००० मीटर भन्दामाथि जानबाट रोके। उनमा त्यस घटनाले पनि नराम्रोसंग चोट पुऱ्यायो।

अर्थात एक्लै भएपनि सागरमाथा माथि नेपाली झण्डा फहराएर नै छोड्ने मनोबल जागेर आयो। यस अघि सन् १९८९ मा उनी नेपालकै ६,०९१ मीटर अग्लो पासाङ् हिमाल आरोहणमा सफल भईसकेकी थिईन्। सन् १९९१ को शुरूमा उनले नेपालको अर्को हिम शिखर ५,८०० मीटर अग्लो माला पिक पनि सफलतापूर्वक आरोहण गरिसकेकी थिईन्।

सगरमाथा आरोहण गर्ने दृढ संकल्प लिएर पर्वतारोहण व्यवसायमा समेत संलग्न पासाङ्लाई उनका हरेक प्रयासमा पति लाक्पा सोनामले पनि सहयोग र प्रेरणा दिंदै आएका थिए। उनको मनोवलमा थप उर्जा दिने काममा उनका श्रीमान लाक्पाले कहिल्यै पनि कति पनि कन्जुस्याँई गरेनन्। त्यसै क्रममा उनी सन् १९९२ को अगष्टमा ५ जना सहयोगी सहित सगरमाथा शिखर तर्फ अघि सरिन्। सगरमाथाको ८,७५० मीटर माथि पुगिसकेकी पासाङ्लाई दुर्भाग्यवस अचानक शुरू भएको हिउँको तुफान अर्थात प्रतिघण्टा १५० माइल चल्ने गेलले लक्ष्य अधुरै छोड्न बाध्य गरायो।

जे जस्तो सुकै कठिनाई र चुनौतिको सामना गर्नु परे पनि नेपाली महिलाहरू कमजोर छन् भन्ने पुरातन मान्यतालाई तोडेरै छोड्नै प्रतिवद्धता लिएर पासाङ् आफू नै उदाहरण बनेर नेपाली महिलाहरूको कमजोर छु भन्ने मानसिकतामा परिवर्तन ल्याउन र नेपाली महिलाको साहस विश्वमा चिनाउन सगरमाथामा विजय प्राप्त गर्ने दृढ अठोटमा नै पुगिन्। उनी भन्थिन् " नेपाली महिला कमजोर छन् भन्ने मानसिकतामा परिवर्तन ल्याउन र नेपाली महिलाको साहस विश्वमा चिनाउन म सर्वोच्च शिखर सगरमाथामा नेपाली झण्डा फहराएँ छोड्ने छु।"

त्यही क्रममा पासाङ्ले सर्वोच्च शिखर सगरमाथामाथि अन्तिम विजय प्राप्त गर्ने मात्र हैन कि केही विशेष किर्तिमान समेत कायम गर्ने लक्ष्य लिएर सन् १९९३ को पूर्वार्द्धलाई सगरमाथा आरोहणका लागि छनौट गरिन्। ०५० फागुन २६ गते सगरमाथा तर्फ जाने अन्तिम तयारी गरेर २५ गते उनले राजधानीमा एउटा पत्रकार भेटघाट कार्यक्रम आयोजना पनि गरिन्। पत्रकारहरू माझ उनले भनिन् "सगरमाथाको चुचुरोमा पुग्न सजिलो छैन। ज्यानकै माया मार्नु पर्ने पनि हुन सक्छ। तर जे जस्तै कठिनाइको सामना गर्नु परेपनि यस पटक मैले नेपाली महिलाहरूको तर्फबाट सगरमाथा विजय प्राप्त गरेरै छोड्ने - लक्ष्य लिएकी छु।"

तर दुर्भाग्य तोकिएको मितिमा उनी आफ्नो गन्तव्यतर्फ लाग्न सकिनन्। तत्कालीन सरकारले उनको अभियानमा महत्वपूर्ण सहयोग प्रदान गर्ला भन्ने सोचर पासाङ् तत्कालीन प्रधान मन्त्री गिरिजा प्रसाद कोइरालालाई भेट्न प्रधानमन्त्री निवास वालुवाटार पुगिन्। तर त्यहाँ पुगेर प्रधानमन्त्री समक्ष आफ्नो अभियान र उद्देश्यका सम्बन्धमा जानकारी गराउँदा गराउँदै उनको लुक्ला जाने विमान छुट्यो। त्यसपछि उनी ०४९ चैत ४ गते मात्र त्यसतर्फ जान सफल भइन्। तर त्यस समयावधिमा पनि उनलाई सरकारको तर्फबाट कुनै उल्लेख्य सहयोग भएन। त्यस अघि नै सरकारले उनलाई सलामी दस्तुर अर्थात रोयल्टी मिनाहा गरिदिने सम्बन्धमा दिएको आश्वासन पनि काम लागेन। रू. ५ लाख सरकारलाई बुझाउनै पर्ने वाध्यताले गर्दा उनले आफ्नो साथमा पर्याप्त उपकरणहरू पनि लैजान सकिनन्। तैपनि उनले हरेश नखाई आफ्नो संकल्पमा दृढता लिइरहेकै थिइन्।

बाँकी २७ पेजमा

बन्दुकाय नमः

नरनाथ लुइँटेल

बन्दुकको नाम सुन्ने वित्तिकै वा बन्दुक भुकेको देख्ने बित्तिकै तपाईंको हंशले ठाउँ छोड्न सक्छ, या त सातोपुत्लो उड्न सक्छ तर यसरी अब कहिले नडराउनुस्। बरू तपाईंका हातहरू हर्दम काला पार्नुहोस् ती डुँडलालाई बारूद ओकल्ने बन्दुक समाउन दिनोस्। तपाईं केही वर्षमै अनगिन्ती फिस्टाहरूको संहार गरेर बहादुर बन्नु हुने छ। बहादुर बन्न अब कोही नेपालीले विदेश जानु पर्दैन र दर्वानी पनि गर्नु पर्दैन। न भीमकाय हाती मार्नु पर्छ न वनको भयंकर राजा सिंहलाई नै बध गर्नु पर्दछ। सिरिफ एउटा बन्दुक लिएर फिस्टा शिकारमा ओर्लिए पछि बहादुरीको बखान शुरू भइहाल्छ। आफूलाई लुत्ते लांग्रे बनाउन या भनाउन कसैलाई मन पर्दैन। सिरिफ फिस्टा भँगेरा र भित्री जाबाहरूको भिषण हत्या गर्दा नै बहादुर हुन पाइन्छ र सकिन्छ भने यस्तो अवसर कस्ले गुमाउला। अवसर भनेको अवसर हो, यसलाई गुमाउने मुर्ख्याईं मबाट त कन्चो हुन्न भने तपाईंबाट हुने सम्भावना त झन् छैंदै छैन।

कृपया भ्रम नहोस्, हिंसा र हत्या मात्रै बन्दुकको सुकार्य होइन। बन्दुकले ध्वंश विध्वंश मात्रै गर्दैन। नविन निर्माण र उत्थानका निम्ति पनि बन्दुकले बल पुऱ्याइ आएको छ। यो ध्रुवसत्य नबुझ्ने चाहिं कोग्ल्याँटाहरू हुन्, बिब्ल्याँटाहरू हुन्। म आफूलाई यस्तो कोग्ल्याँटो र बिब्ल्याँटोका रूपमा किन सार्वजनिक गरूँ! अँ निर्माण र उत्थान कार्य बन्दुकबाट कसरी हुन्छ? यो बिब्ल्याँटो प्रश्न तपाईंको गुदी बिमाको गिर्दीमा उब्जिन नपाओस्। गमेर हेर्दा थाह पाइन्छ- राष्ट्र र राष्ट्रियताको निर्माण अहिले बन्दुकले गरिरहेको छ। प्रजातन्त्रको उत्थान र रक्षा बन्दुकले गरिरहेको छ। आम नागरिकको अमन चयन बन्दुकले कायम गरिरहेको छ। नेता राजनेताहरूको व्यक्तित्व विकास र सुकीर्ति निर्माणमा बन्दुकले निर्णायक भूमिका निर्वाह गरिरहेको छ। बडेबडे कविहरू बन्दुकको महिमा गाउँदै दानापानी जुटाइरहेका छन्। बन्दुकको बद्नाम गरेर वा बन्दुकको बद्ख्वाई गरेर इतिहासमा न कोही टिकेको थियो न आज कोही टिकेको छ। न कोही टिक्नेवाला नै छ। सबका सब शीर निहुराएर बन्दुकका पाउमा निधार रगड्दै मन्त्र जपिरहेका छन्- "हे मेरा मुक्तिदाता, हे मेरा भुक्तिदाता, हे मेरा जुक्तिदाता श्री ३ बन्दुकाय नमोनमः।"

हुन पनि बन्दुकले के गरेको छैन? मलाई मेरो गुरूले यो देशको इतिहास पढाए। मलाई के थाह, त्यो इतिहास त बन्दुकको इतिहास रहेछ। मलाई मेरा गुरूले राष्ट्र भक्तिको पाठ पढाए। मलाई के थाह, त्यो राष्ट्रभक्ति त केवल बन्दुक भक्ति रहेछ। हैन, ती गुरूहरूले मलाई झुक्याएका हुन् कि उनीहरू आफैं झुक्किएका हुन्? कुरो मेरो देशको इतिहासको मात्र होइन, यो विश्व ब्रम्हाण्डकै इतिहास, दर्शन, शास्त्र, सम्प्रदाय, कला कौशल, संस्कृति, साहित्य इत्यारम्भ सबै कुरा बन्दुकमै बाँधिएका छन्। एक-एक डल्ला बारूद बनेर बन्दुककै मोहोरीमा खाँदिएका छन्। लोतीखरे मान्छेलाई शासनाधिकारी बनाउनु पर्यो- बन्दुक गर्जन तयार छ। त्यही लोतीखरेलाई सत्ताबाट पाहा पछारे झैं भुईंमा पछार्नु पर्यो- बन्दुक बम्कन तयार छ। मान्छेको बगाल आफ्नो माटोलाई व्यर्थै माया गर्छ, त्यो माटोमा उपनिवेशको विउ रोप्नु र फलाउनु फुलाउनु पर्यो- बन्दुक साथ दिन तयार छ। त्यो वीउ मौलाएर आट्व्य जंगल र झाडी बन्यो, फाँडफुड पार्नु पर्यो बन्दुक हाजिर छ। साँच्चै बन्दुक लालहिरा कथाको त्यही बज्रठिंगा हो, जसले चिताएको ठाउँमा पुऱ्याइदिन्छ र चिताएको वस्तु चिताउने वित्तिकै सामुन्नेमा ल्याइदिन्छ।

कृपया क्षमा गर्नुहोस्

कुनै एक बेला हाम्रो देशमा पञ्चामृत जस्तै मिठो पञ्चतन्त्री नामको प्रजातन्त्र थियो। त्यो प्रजातन्त्र स्थापना कै अवसरमा र त्यसपछि दिव्य तीस वर्षसम्म अकण्टक टिकाउन बन्दुकले आफ्नो बाँ र बुता निकै खर्चनु परेको थियो। बन्दुकको बाँ र बुता वेपत्तासंग चलेको त्यो बेला अनगिन्ती फिष्टाहरू परम्धाम भएका छन्। आज हामी तिनै फिष्टाहरूलाई शहीद भनेर ठुल्लूलो स्वरले अपमान गरिरहेका छौं। हाम्रा प्रजातान्त्रिक सरकारहरूले "फिस्टा मर्नु" र "शहीद हुनु" मा कुनै आधारभूत अन्तर फेला पार्न सकेका छन् र? पछिल्लो पटक पञ्चतन्त्री प्रजातन्त्रको विरोधमा फिष्टाहरू नराम्रोसंग चिर्विराए। बन्दुक गर्ज्यो र हपार्दै भन्यो- खबरदार! मेरो राज्यमा फिष्टाहरूलाई चिर्विराउने अधिकार छैन।" उनीहरूले प्रतिवाद गरे "चिर्विराउन पाउने हाम्रो नैसर्गिक अधिकार हो।" त्यो चिर्विराहटले बन्दुके काजीहरूको स्वर्गमा भुइँचालो गयो- गाह्रो पर्खाल, दलिन भाटा भुईंमा खस्न थाले! तै पनि थाम्न सकिन्छ भनेर काजीहरूले बन्दुकलाई पड्कन/झुक्न आदेश दिए। स्वामिभक्त बन्दुक दनादन पड्कियो र धेरै फिष्टाहरू मास छर्न गए। अन्ततः पञ्चतन्त्री प्रजातन्त्र ढल्यो।

त्यसरी कैयौं फिष्टाहरू मास छर्न गए पनि उनीहरूका थुप्रै दौंतरी दोस्तीहरू ज्युँदै छन्। ज्युँदा फिष्टाहरू भने कुर्सिमा विराजमान भएका छन् र अहिले मास छर्न जाने फिष्टाहरूलाई सम्झदै नसम्झी आरामसंग घाँस खाइरहेका छन्। गज्जब लाग्दो कुरा! त्यही बन्दुक अहिले उनीहरूको सेवा र सुरक्षामा हाजिर छ। मान्छे बदलिन्छ, राजनीतिले पल्टा खान्छ, समाज परिवर्तन हुन्छ, चिन्तन र विचारमा फेरबदल आउँछ तर बन्दुक कहिले बदलिएको छैन, बदलिनेवाला पनि छैन। बन्दुक समाउने हातहरू फेरिएका होलान् तर बन्दुक चलाउने दिमागको तन्तुमा कुनै "चेन्ज" आएको छैन।

फिष्टाका शिकारी बन्दुके काजीहरू अहिले पनि सत्तामै छन्। सत्ताको अडेस लिएर कहिले दायाँ फर्किन्छन् कहिले बाँया। फिष्टाको शिकार गर्नु नराम्रो काम थियो भनेर न कहिलै भनेका छन्, न त त्यो मनोवृत्तिबाट नै मुक्त हुन सकेका छन्। फिष्टाका सन्ततीहरूको चिल्लीबिल्ली छ- कति त खान नपाएर बिस्ट्याउनसम्म पाइरहेका छैनन्। काजीहरू बन्दुकको सेवा चाकरीमा जुटेकै छन् र बन्दुक पनि काजीहरूको खातिरदारीमा खटेकै छ। कुरो मात्रै होइन बन्दुके काजी र बन्दुकका बीच के कस्तो साइनो नाता रहेछ भन्ने प्रष्ट भइरहेकै छ।

भुक्ने वस्तु विशेष कुकुर मात्रै हो भन्ने बुझेकाहरूलाई पत्यार नलाग्ला तर बन्दुक पनि झुक्ने गर्दछ। भुक्ने कुकुरले टोक्दैन तर भुक्ने बन्दुकले कसैलाई बाँकी राख्ने गरेको छैन। तर नडराउनुस् भुकेर पनि नटोक्ने कुकुर पाल्नुको साटो तपाईं बन्दुक पाल्नुस्, दुध खुवाउनुस्, त्यसले मासु औंधि मन पराउँछ- मासु खुवाउनुस्। हात काला पार्नुहोस् र ती डुँडुलामा बन्दुक थमाउनुहोस्। शक्तिको भक्ति गर्न र पराक्रमको पारख गर्न दुनियाले जानेको छ। त्यसपछि सबका सब शीर निहुराएर बन्दुकका पाउमा निधार रगड्दै मन्त्र जप्ने छन्- "हे मेरा भुक्तिदाता! हे मेरा मुक्तिदाता! हे मेरा जुक्तिदाता! श्री ३ बन्दुकाय नमोनमः।"

का.नि.का.द.नं. २१/४९/५०





















मानवअधिकार सम्बन्धी चेतना उन्नत बनाउन मानवअधिकार साहित्यको अध्ययन गरौं ।